# संघीय-संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति

# वार्षिक प्रतिवेदन,२०७८




विकास तथा प्रविधि समिति सचिवालय

सिंहदरबार, काठमाडौँ

E mail:dtc@parliament.gov.np

URL:http//www.parliament.gov.np

फोन नं. ४२००४१९

# संघीय-संसद

# प्रतिनिधि सभा

# विकास तथा प्रविधि समिति

# वार्षिक प्रतिवेदन, २०७८

विकास तथा प्रविधि समिति सचिवालय

सिंहदरबार, काठमाण्डौ ।

**E mail : dtc@parliament.gov.np**

**URL : http//www.parliament.gov.np**

फोन नं. ४२००४१९

## मन्तव्य

सम्माननीय सभामुख महोदय,

नेपालको संविधानको धारा ९७ र प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० बमोजिम प्रतिनिधि सभा, अन्तर्गत विकास तथा प्रविधि समिति गठन भएको हो । हाल यस समितिमा पदेन सदस्य बाहेक २२ जना माननीय सदस्यहरु रहनु भएको छ । संघीय संसद, प्रतिनिधि सभा नियमावलीमा व्यवस्था भए अनुसार समितिको कार्यक्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र मातहतका निकायहरु रहने व्यवस्था रहेको छ ।

सम्माननीय सभामुख महोदय,

विकास परिवर्तनशील अवधारणा हो।प्रविधिमा भैरहेको द्रुत विकासले पूर्वाधार विकासमा समेत तीव्रता हासिल गर्न सकिने तथ्यलाई नकार्न सकिन्न। मुलुकले खेपेका राजनीतिक परिवर्तन पछि आम जनताको पूर्वाधार विकास प्रतिको तीव्र चाहनालाई मुर्त रुप दिन समिति आफ्नो गठन पश्चातदेखिनै कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दछु। कार्य सम्पादनको सिलसिलामा यस समितिले आफ्नो कार्यक्षेत्रभित्र रहेर विभिन्न राष्ट्रिय सरोकारका विषय, ऐन निर्माण लगायत अन्य समसामयिक विषयहरुमा समितिको बैठकमा छलफल गर्दै आएको छ । समितिले राष्ट्रिय गौरवका आयोजनाहरुलाई प्राथमिकता दिंदै अन्य विकास निर्माणका आयोजनाहरुका विषयमा सरकारलाई ध्यानाकर्षण गराउने तथा राय, सुझाव र आवश्यक निर्देशनहरु दिने कार्य समेत गर्दै आएको छ । समितिको कार्यक्षेत्र प्रविधि र विकास निर्माणसँग जोडिएको हुँदा यसक्षेत्रमा जति प्रभावकारी रुपमा कार्य गर्न सक्यो उति मुलुकले समृद्धि हासिल गर्ने कुरामा म विश्वस्त छु । यसै विषयलाई मध्य नजर गर्दै समितिका हरेक बैठक एवं छलफल केन्द्रित भएका छन् ।

सम्माननीय सभामुख महोदय,

सडक सञ्जालको विकास र विस्तार पूर्वाधार विकासको मेरुदण्ड हो । समितिले यस प्रतिवेदन अवधिभर विभिन्न समयमा राष्ट्रिय गौरव एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको स्थलगत अवलोकन गरेको थियो । मध्य पहाडमा विकासको विस्तार गर्ने उद्देश्यले निर्माणाधीन पुष्पलाल (मध्य पहाडी) लोकमार्गको पश्चिम खण्ड, सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्ने उद्देश्यले कर्णाली करिडोर अन्तरगत निर्माणाधीन खुलालु-लैफु-सलिसल्ला सडक खण्ड, दार्चुला-टिंकर(कोठधार-टिंकर) सडक खण्ड, नारायणघाट-बुटवल सडक खण्ड, मदन भण्डारी राजमार्गको पूर्वी खण्ड लगायतका आयोजनाहरुको संसदीय टोलिले अवलोकन गरी निर्माणाधीन आयोजनाहरूमा देखिएका समस्या तथा समस्या समाधानको उपाय समेत पहिचान गरी समितिले तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइसकिएको छ। राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्गको हालै समितिले स्थलगत अवलोकन गरेको थियो । द्रूतमार्ग निर्माणमा देखिएको ठेक्का व्यवस्थापन लगायतका समस्याहरु समयमा नै

समाधान गरी गुणस्तरीय रुपमा तोकिएकै समयमा सम्पन्न गर्न समितिले आयोजनालाई निर्देश गरेको व्यहोरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु ।

यसै गरी रणनीतिक महत्वका निर्माणाधीन सडक छिटो सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउन, निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सडक सम्पत्तिको आवश्यक मर्मत सम्भार तथा स्तरोन्नति गरी सडक यातायातलाई आरामदायी र सुरक्षित बनाउन, रणनीतिक सडक अन्तरगत रहेका पुराना तथा जीर्ण पुलहरु विस्थापित गरी त्यस स्थानमा नयाँ पुल निर्माणको प्रकृयालाई तीव्रताका साथ अगाडि बडाउन समेत समितिले सरकारको ध्यानाकर्षण गराएको छ । यसैगरी समितिले बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि सातै प्रदेशमा Vehicle Fitness Testing Centre स्थापनाको प्रक्रिया तत्काल अगाडि बढाउन, विकास निर्माणसँग सम्बन्धित आधारभूत संरचना निर्माणका कार्यहरु एकिकृत रुपमा सम्पन्न गर्न, सार्वजनिक सेवा प्रदायक पूर्वाधार मार्ग (Utility Corridor) सम्बन्धी विधेयक तत्काल संसदमा दर्ता गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन गरेको छ । समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित निकायलाई दिएका निर्देशन एवं सुझावहरु यस प्रतिवेदनमा विस्तृत रुपमा समावेश गरिएको व्यहोरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु ।

संसदको प्रमुख कार्य विधि निर्माण हो । यतिहुँदा हुँदै पनि यस प्रतिवेदन अवधिमा अत्यावश्यक विधेयकहरु समितिमा प्राप्त हुन आएका छैनन् । यसै सन्दर्भमा समितिले सम्बन्धित मन्त्रालयलाई आवश्यक विधेयकको मस्यौदा तयार गरी संसदमा दर्ता गर्न समेत निर्देश गरिसकेको छ ।

समितिले विकास निर्माणलाई नजिकबाट नियाल्ने क्रममा समग्र विकास निर्माण प्रक्रियामा देखापरेका समस्याहरुको समाधानका लागि आफ्नो कार्यप्रारम्भ देखिनै औंल्याउँदै आएका देहायका विषयहरुमा पुनः सरकारको ध्यानाकर्षण गराउन चाहन्छु :-

- पूर्वाधार विकासका आयोजनाहरुसँग सम्बन्धित ऐन, कानुन समयानुकूल परिमार्जन हुनु पर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुलाई समयमा सम्पन्न गर्न विशेष प्राथमिकतामा राखिनु पर्ने,
- निर्माण सामाग्री उत्खनन् गर्ने कार्यलाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्नु पर्ने,
- पूर्वाधार विकासका आयोजनाहरु वातावरण मैत्री हुनु पर्ने,
- निर्माणाधीन भौतिक पूर्वाधारका कतिपय संरचनाहरु गुणस्तरहीन पाइएकोले यस्ता संरचनाहरुमा गुणस्तर कायम गर्न, ढिलासुस्ति हुन नदिन, लागत बढ्न नदिन र समयमा सम्पन्न गर्न आवश्यकता अनुसार नियमित प्राविधिक परीक्षण सहित निरन्तर अनुगमन गरिनु पर्ने,
- आयोजनामा आइपर्ने विविध समस्याहरु समाधानका लागि प्रशासनिक निकायबाट हुने ढिलासुस्ती र निर्माण सम्पन्न गरे पश्चात पनि निर्माण व्यवसायीले समयमा भुक्तानी नपाउने समस्याको तत्काल समाधान हुनु पर्ने,
- पेट्रोलीयम पदार्थको प्रतिस्थापन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्नु पर्ने,
- विकास निर्माणका आयोजनाहरु जनताका आवश्यकताका आधारमा छनोट हुनु पर्ने ।

सम्माननीय सभामुख महोदय,

विकास निर्माण समितिको कार्यक्षेत्र भित्रको पहिलो प्राथमिकता हो । आफ्नो कार्यक्षेत्र अन्तरगतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सम्बन्धमा आयोजनामा देखिएका कठिनाई निराकरणको लागि समितिले सम्बन्धित विज्ञहरुलाई समितिमा आमन्त्रण गरी छलफल गर्दै आएको छ । त्यसै गरी समितिमा विभिन्न मितिमा प्राप्त भएका समितिको कार्यक्षेत्रसँग सम्बन्धित गुनासो एवं उजुरीको सम्वोधन गरी टुंगोमा पुऱ्याउन समितिको बैठक बसी छलफल गर्ने, सम्बन्धित मन्त्रालयलाई पत्र मार्फत जानकारी गराउने तथा गुनासा एवं उजुरीको गाम्भीर्यता हेरी सम्बन्धित निकायलाई कार्यान्वयनका लागि निर्देशन दिने कार्य समेत गर्दै आएको छ ।

कोरोना भाइरस (कोभिड-१९) का कारण विश्व नै स्तब्ध भइरहेको अवस्थामा समितिको कार्यपनि त्यसबाट प्रभावित रह्यो । वर्तमान जटिल एवं कठिन परिस्थितिमा समेत समतिले भर्चुअल बैठक तथा समिति हलमा नै बैठक बसी यो महामारीले उत्पन्न गरेको विषम परिस्थितिमा बेरोजगारीको संख्या वृद्धि भई अर्थतन्त्रमा ह्रास आउने सम्भावनालाई मध्य नजर गर्दै मुलकुमा नै रोजगारीको सिर्जना गर्ने वतावरण तयार गर्न र देशको अर्थतन्त्रलाई टेवा दिन सक्ने कार्ययोजना तयार गरी काम अगाडि बडाउन समेत निर्देशन गरेको छ । बेलाबेलामा आइपर्ने यस्ता विषम परिस्थितिहरुमा संसदीय समितिको कामकारवाही प्रभावकारी बनाउन एवं सरकारका सम्पूर्ण निकाय मार्फत सञ्चालन हुने भर्चुअल बैठकलाई कानुनी मान्यता दिने आवश्यक व्यवस्था हुन समेत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु । कोरोना भाइरसको विषम परिस्थितिबाट तङ्ग्रिन नपाउदै मुलुकको अर्थतन्त्रमा देखिएको संकुचन र अत्यावश्यक दैनिक सामाग्रीमा भएको अत्यधिक मूल्य वृद्धिले नेपाली नागरिकलाई फेरी थला पारेको अवस्था छ । यो अवस्थाबाट तत्काल पार पाउने गरी कार्ययोजना बनाएर लागू गर्न सम्मानित सदन मार्फत सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय सभामुख महोदय,

समितिले दिएका सुझाव एवं निर्देशनहरुको प्रभावकारी कार्यान्वयनबाट नै समृद्ध मुलुक निर्माणमा थप टेवा पुग्ने समितिले विश्वास लिएको छ । यसका लागि समितिले सरकार र सम्बन्धित सरोकारवाला निकायहरुलाई दिएका निर्देशन एवं सुझावहरु अनिवार्य कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायले विशेष ध्यान दिन जरुरी छ ।

गत वर्षको वार्षिक प्रतिवेदन सम्मानित सदन समक्ष पेश भएपश्चात् यो प्रतिवेदन अवधिभर (२०७७।०३।१९-२०७८।१२।१३) समितिका ३७ वटा बैठक बसी करिव ९८ घण्टा २० मिनेट समय व्यतित गरेको छ।

अन्त्यमा, यस समितिको कार्यसम्पादनमा मार्ग निर्देश गर्नु हुने प्रतिनिधि सभाका सम्माननीय सभामुख महोदय, समितिलाई सहयोग गर्नु हुने माननीय मन्त्रीज्यूहरु, समितिको कार्यमा निरन्तर खटिएर महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समितिका माननीय सदस्यहरु, समितिको कार्यक्षेत्रसँग सम्बन्धित

नेपाल सरकार र सम्बन्धित मन्त्रालय, विभाग एवं निकायका पदाधिकारीहरु, संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव र विकास तथा प्रविधि समिति सचिवालय, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु तथा समितिको कार्यसम्पादनका विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतका साथै अन्य सम्बद्ध सबै सरोकारवालाहरुलाई समेत हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दै संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८६ बमोजिम यो वार्षिक प्रतिवेदन सम्माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु।

धन्यवाद ।

मिति : २०७९ जेठ

(कल्याणी कुमारी खड्का)
सभापति
विकास तथा प्रविधि समिति
संघीय संसद, प्रतिनिधि सभा

# विषयसूची

## परिच्छेद-१

## परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समितिको गठन | १ |
| १.३ | समितिको कार्यक्षेत्र | २ |
| १.४ | समितिको काम, कर्तव्य र अधिकार | २ |
| १.५ | समितिको सचिवालय | ३ |
| १.६ | अध्ययन विधि | ३ |
| १.७ | अध्ययन सीमा | ४ |
| १.८ | प्रतिवेदनको संरचना | ४ |

**परिच्छेद-२**

**समितिबाट सम्पादित कार्यहरु**

| | | |
|---|---|---|
| २.१ | समितिको स्थलगत अध्ययन, अवलोकन र भ्रमण सम्बन्धी कार्यहरु | ५ |
| २.२ | उपसमिति गठन सम्बन्धी कार्य | ५ |
| २.३ | अन्तरक्रिया, गोष्ठी/सेमिनार सम्बन्धी कार्य | ५ |

**परिच्छेद-३**

**समितिको निर्देशन तथा निर्देशनको कार्यान्वयनको अवस्था**

| | | |
|---|---|---|
| ३.१ | समितिको बैठक, निर्णय तथा निर्देशन | ९ |
| ३.२ | समितिको निर्णय तथा निर्देशन कार्यान्वयनको अवस्था | ९६ |

**परिच्छेद-४**

**निष्कर्ष तथा सुझाव**

| | | |
|---|---|---|
| ४.१ | निष्कर्ष | ९७ |
| ४.२ | सुझाव | ९८ |

**अनुसूचीहरु**

अनुसूची-१

समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली ........................... १०८

अनुसूची-२

समितिमा रहनुभएका माननीय सदस्यहरुको उपस्थिति विवरण ............. १०९

अनुसूची-३

समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण .................................. ११०

अनुसूची-४

समितिको स्थलगत अध्ययन, अवलोकन भ्रमणका प्रतिवेदनहरु .................... १११

# परिच्छेद—१

## परिचय

### १.१ पृष्ठभूमि

संसदीय प्रणालीमा समितिहरूलाई संसदको मेरुदण्डको रुपमा लिने गरिन्छ । संसदीय कामकारवाहीको प्रभावकारिता वृद्धि गर्न, संसदको अमूल्य समयको वचत गर्न, संसदभित्रैबाट संसदको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरू हुन् । विधायिकाले सम्पन्न गर्नुपर्ने गहन र जटिल कार्यहरू, संसदको पूर्ण सदनमा हुने सीमित र औपचारिक छलफलबाट मात्र पूरा हुन सक्दैन । यसैगरी कार्यपालिकालाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने, सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्ने, सरकारी आश्वासन, प्रत्यायोजित व्यवस्थापन, संवैधानिक निकायका वार्षिक प्रतिवेदन एवं समसामयिक विषयहरूमा छलफल र छानबिन गरी राय सुझाव सल्लाह र निर्देशन दिने, अनुगमन र मूल्यांकन गर्ने जस्ता कार्यहरू सभा आफैले गर्दा समय बढी लाग्ने, कार्यबोझ अधिक हुने भएकाले यसलाई सहज र सरल तरिकाले नियमित र व्यवस्थित गर्न आवश्यकताअनुसार विषयगत समितिहरू गठन गरिएका हुन्छन् । यस्ता समितिहरूलाई संसदको सहयोगी हातहरु (helping hands) को रुमपा समेत लिने गरिन्छ ।

वर्तमान नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी द्विसदनात्मक संसदको व्यवस्था गरेको छ। सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभामा गठन गरिएका विभिन्न समितिहरूमध्ये विकास तथा प्रविधि समिति एक महत्वपूर्ण समिति हो । यस समितिले विशेष गरी राष्ट्रिय गौरवका आयोजनाहरू तथा अन्य विकास निर्माणका आयोजनाहरूको द्रुत विकासका लागि सरोकारवाला निकायहरूलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने कार्य गर्दछ । यसका साथै सूचना प्रविधिको विकास र विस्तार तथा पूर्वाधार विकासका विविध पक्षमा अध्ययन गरी अलपत्र अवस्थामा रहेका पूर्वाधार विकासका आयोजनाहरूलाई गति दिने कार्य समेत गरेको छ ।

### १.२ समितिको गठन

विकास तथा प्रविधि समिति संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० बमोजिम गठन भएको समिति हो । समितिमा पदेन सदस्य बाहेक २२ (बाईस) जना माननीय सदस्यहरू रहनु भएको छ । प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ को उपनियम (२) मा उल्लेख गरिएको छ । समितिमा सदस्यहरूको मनोनयन गर्दा सदनमा प्रतिनिधित्व

गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाती, खस—आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वको आधारमा गरिने व्यवस्था रहेको छ । हाल समितिमा रहनु भएका माननीय सदस्यहरूको नामावली अनुसूची—१ मा उल्लेख गरिएको छ ।

## १.३ समितिको कार्यक्षेत्र

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा व्यवस्था भए बमोजिम विकास तथा प्रविधि समितिको मुख्य कार्य क्षेत्रअन्तरगत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण रहेका छन् । प्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्री, खानेपानी मन्त्री र शहरी विकास मन्त्री यस समितिको पदेन सदस्य हुने कानुनी व्यवस्था रहेको छ । विकास तथा प्रविधि समितिले समितिको काम कारवाहीलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सम्पादन तथा सञ्चालन गर्न संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को उपनियम (३) बमोजिम समितिको आन्तरिक कार्यविधि, २०७५ निर्माण गरी सोही अनुरुप बैठक सञ्चालन गर्दै आएको छ ।

## १.४ समितिको काम, कर्तव्य र अधिकार

- प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ मा उल्लेख भए बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ः
- समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने ।
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रिले सरकारको तर्फबाट बैठकमा समय—समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा के—कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

- विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानुन बमोजिम  बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन  गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग/समिति र जाँचबुझ आयोग/समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- बैठकले सुम्पेको अन्य काम गर्ने, र
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## १.५ समितिको सचिवालय

संघीय संसद, प्रतिनिधि सभातर्फ गठन हुने प्रत्येक समितिको समिति सचिवालय रहने व्यवस्था रहेको छ। प्रतिनिधि सभाको सचिव प्रतिनिधि सभाका प्रत्येक समितिका पदेन सचिव हुने व्यवस्था नियमावलीमा रहेको छ । महासचिवले आफू मातहतको वरिष्ठ अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने समेत व्यवस्था छ । समिति सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८९ मा गरिएको छ । सचिवालयको संगठनात्मक संरचना अनुरुप समिति सचिवालयमा कार्यरत कर्मचारीहरूको नामावली अनुसूची—२ मा उल्लेख गरिएको छ ।

## १.६ अध्ययन विधि

प्रतिनिधि सभा नियमावली, २०७५ र सो अन्तर्गत तर्जुमा गरिएको समतिको आन्तरिक कार्यविधि, २०७५ बमोमिज समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ । समितिको बैठकले गरेका निर्णयहरू, समितिले गरेका स्थलगत अध्ययन, अवलोकन, निरीक्षण भ्रमणका प्रतिवेदनहरू, आमन्त्रित विज्ञ, विशेषज्ञ एवं सरोकारवालाका धारणाहरू, विभिन्न प्रदेशमा गरिएको अन्तरक्रियात्मक कार्याक्रममा प्रदेशका मुख्यमन्त्री एवं अन्य आमन्त्रित सदस्यहरूले राख्नु भएको धारणा, समितिमा

प्राप्त उजुरी एवं गुनासाहरूमाथि छलफल मार्फत निकालेका निष्कर्षहरू एवं सरकारी निकायबाट प्राप्त विवरणहरू मुख्य अध्ययन विधिको रुपमा रहेका छन् ।

## १.७ अध्ययन सीमा

प्रतिवेदनमा २०७७ साल असार महिनामा समितिले प्रतिनिधि सभामा प्रतिवेदन पेश गरेदेखि प्रस्तुत प्रतिवेदन तयार पार्दा सम्मको गतिविधिहरू समेटिएका छन् । प्रतिवेदनमा समितिका बैठकका निर्णयहरू, समितिले गरेका अध्ययन, अवलोकन भ्रमणका प्रतिवेदन, समितिले पारित गरेका विधेयकका प्रतिवेदन, उप समितिले पेश गरेका प्रतिवेदन, समितिले सम्पन्न गरेका अन्तरक्रिया कार्यक्रमका प्रतिवेदनहरू समेटिएका छन् ।

## १.८ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई ४ वटा परिच्छेदमा विभाजन गरिएको छ । जसमध्ये परिच्छेद– १ मा परिचय, परिच्छेद–२ मा समितिबाट सम्पादित कार्य, परिच्छेद– ३ मा समितिका निर्देशन तथा निर्देशन कार्यान्वयनको अवस्था, परिच्छेद–४ मा निष्कर्ष तथा सुझावबारे उल्लेख गरिएको छ । प्रतिवेदनको अन्त्यमा सातवटा अनुसूचीहरू समावेश गरिएको छ ।

# परिच्छेद-२

## समितिबाट सम्पादित कार्यहरू

### २.१ समितिको स्थलगत अध्ययन, अवलोकन र भ्रमण सम्बन्धी कार्य

समितिले यस प्रतिवेदन अवधिभर विभिन्न समयमा राष्ट्रिय गौरव एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको स्थलगत अवलोकन गरेको थियो । मध्य पहाडमा विकासको विस्तार गर्ने उद्देश्यले निर्माणाधीन पुष्पलाल (मध्य पहाडी) लोकमार्गको पश्चिम खण्ड, सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्ने उद्देश्यले कर्णाली करिडोर अन्तरगत निर्माणाधीन खुलालु-लैफु-सलिसल्ला सडक खण्ड, दार्चुला-टिंकर(कोठधार-टिकर) सडक खण्ड, नारायणघाट-बुटवल सडक खण्ड, मदन भण्डारी राजमार्गको पूर्वी खण्ड लगायतका आयोजनाहरुको संसदीय टोलिले अवलोकन गरी निर्माणाधीन आयोजनाहरूमा देखिएका समस्या तथा समस्या समाधानको उपाय समेत पहिचान गरी समितिले तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइसकिएको छ। स्थलगत अध्ययन, अवलोकन, भ्रमणका प्रतिवेदनहरू अनुसूची - ४ मा समावेश गरिएको छ ।

### २.२ उप समिति गठन सम्बन्धी कार्य

राष्ट्रिय गौरवको रुपमा रहेको काठमाडौं - तराई/मधेश द्रुतमार्ग (Express Way) आयोजनको सम्बन्धमा समितिले पटक पटक बैठक बसी आयोजना निर्धारित समयमा नै सम्पन्न गर्न सुझाव तथा निर्देशन दिंदै आएको छ । यति हुँदाहुँदै पनि आयोजनामा सोचे अनुरुपको प्रगति नदेखेपछि समितिले आयोजनामा देखिएका समस्याहरु विस्तृत रुपमा अध्ययन गरी समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्न मिति २०७७।१२।०९ गते बसेको बैठले मा. गणेश कुमार पहाडीको संयोजकत्वमा ५ सदस्यीय "काठमाडौं - तराई/मधेश द्रुतमार्ग (Express Way) आयोजना अध्ययन उपसमिति" गठन गरेको थियो । प्रारम्भिक चरणमा उपसमितिले काम अगाडि बढाउँदै आएता पनि कोरोना भाइरस (Kovid - 19) को दोस्रो तथा तेस्रो लहरका कारण उप समितिको काम प्रभावित भएको थियो । हाल उपसमितले द्रुतमार्ग अध्ययनको कार्य अगाडि बडाउदै आएको छ ।

### २.३ अन्तरक्रिया गोष्ठि/सेमिनार सम्बन्धी कार्य

समितिले समय समयमा विभिन्न अन्तरक्रिया गोष्ठि/सेमिनार जस्ता कार्यक्रमहरुको आयोजना गर्ने, सहभागिता जनाउने, समितिसँग सम्बन्धित क्षेत्रमा विज्ञता हासित गर्नु भएका विज्ञहरुसँग छलफल गर्ने जस्ता कर्यहरु समेत गर्दै आएको छ । यस्ता कार्यक्रमहरुले सम्बन्धित विषयमा विस्तृत रुपमा छलफल गर्न सकिने र आगामी दिनमा समितिका कार्यक्रमहरु थप प्रभावकारी हुने समितिको ठहर रहेको छ । यस प्रतिवेदन अवधिमा समितिले देहायबमोजिमका कार्यशाला गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

❖ मिति २०७८ असोज ८ र ९ गते धुलिखेलमा **दूरसंचार तथा सूचना प्रविधिको क्षेत्रमा देखिएका समस्या तथा समाधान विषयक कार्यशाला गोष्ठि** समिति सभापति सहित समितिका मा.कशसदस्यहरु, विषय विज्ञहरु र समिति सचिवालयका कर्मचारीहरु समेतको सहभागिता सम्पन्न भएको थियो ।

कार्यक्रममा दूरसंचार क्षेत्रका विज्ञ तथा नेपाल सरकारका पूर्व सह-सचिव श्री कविराज खनालले "दूर संचार क्षेत्रमा देखिएका मुख्य चुनौती र सम्बोधनका सम्भाव्य उपायहरु" को विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यसै गरी दोश्रो दिन दूरसंचार क्षेत्रका विज्ञ तथा नेपाल सरकारका पूर्व सह-सचिव श्री विरेन्द्र कुमार मिश्रले "सूचना प्रविधि नीति, २०७२" र "Components to build national cyber security infrastructure" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथि भएको खुला छलफलबाट देहाय बमोजिमको निष्कर्ष सहित कार्यक्रम सम्पन्न भएको थियो ।

- दूरसञ्चार नीतिलाई छाता नीतिको रुपमा ल्याउन उपयुक्त हुने ।
- साइवर सुरक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरी चालु आ.व. मा जारी गर्नु पर्ने ।
- साइवर सुरक्षाको लागि विद्यमान कानूनहरुमा परिमार्जन गर्ने, साइवर अपराध नियन्त्रण गर्न ऐन निर्माण गर्ने र विश्वविद्यालयहरुसँग समन्वय गरी साइवर सुरक्षा सम्बन्धी दक्ष जनशक्ति विकास गर्नु पर्ने ।

❖ शहरी विकास मन्त्रालयले २०७८ पुष २५ र २६ गते धुलिखेलमा **एकीकृत नमुना वस्ती, नयाँ शहर, मेगा सिटी, स्मार्ट सिटी** लगायतका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा समिति सभापति सहित समितिका माननीय सदस्यहरु, राष्ट्रिय सभाका माननीय सदस्य, शहरी विकास मन्त्रालयका सचिव, संघीय संसद सचिवालयका सचिव, मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायका पदाधिकारीहरु, विषय विज्ञ एवं समिति सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा विषयविज्ञ तथा नगर विकास कोषका कार्यकारी निर्देशक ई. कृष्णप्रसाद सापकोटाले "शहरी पूर्वाधार निर्माणका लागि वित्तिय व्यवस्थापन" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी विषय विज्ञ तथा शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक श्री पद्म कुमार मैनालीले "नयाँ शहर आयोजना, स्मार्ट सिटी, एकीकृत नमुना वस्ती एवं शहरी पूर्वाधार" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । समितिका माननीय सभापति कल्याणी कुमारी खडकाले मन्त्रालयका प्रस्तावित तथा निर्माणका चरणमा रहेका दुरगामी महत्वका कार्यक्रमहरु कार्यान्वयन हुने सुनिश्चितताका लागि आवश्यक विधि, पद्धति, प्रक्रिया र स्रोत साधनको प्रबन्ध सहितको प्रभावकारी योजना हुनुपर्नेमा जोड दिनुभयो । विषय विज्ञका कार्यपत्रमाथि शहरी विकास विज्ञ श्री ओमधरानन्द राजोपाध्यायले टिप्पणी गर्नुभएको थियो।
उक्त कार्यक्रममा कार्यपत्रमाथि भएको खुला छलफल र विषयविज्ञको टिप्पणीबाट देहाय बमोजिमको निष्कर्ष प्रस्तुत भएको थियो ।

- नयाँ शहर, स्मार्ट सिटि, मेगा सिटी एडिबि र विश्व बैंकको सहयोगमा सञ्चालित पूर्वाधार विकासका कार्यक्रमहरुको कार्यान्वयनले शहरी विकास तथा समग्र अर्थतन्त्रमा पारेको प्रभावका साथै यसले नागरिकको जीवनस्तर अभिवृद्धिमा पुऱ्याउने योगदानका सम्बन्धमा मूल्याङ्कन हुनुपर्ने ।
- नेपाल सरकारबाट सञ्चालित जग्गा विकास कार्यक्रमलाई शहरी विकासको लागि आवश्यक जग्गा प्राप्तिको प्रमुख माध्यमको रुपमा विकास गर्नको लागि प्रभावकारी नीतिगत तथा कानुनी व्यवस्था गरिनुपर्ने ।
- दिगो र व्यवस्थित शहरी विकासका लागि तीनै तहका संस्थागत तथा नीतिगत व्यवस्थाहरुबीच प्रभावकारी समन्वय कायम गर्नुपर्ने ।
- सरकारी लागतमा निर्माण हुने भवनहरु एकद्वार प्रणालीबाट निर्माण हुन आवश्यक देखिएकोले निर्माणमा प्रभावकारी समन्वय र सहजिकरण हुनेगरी कानुनी व्यवस्था मिलाउनुपर्ने ।

❖ <u>दिगो पूर्वाधार विकासका लागि युटिलिटि करिडोरको अपरिहार्यता" विषयक अन्तरक्रिया कार्यक्रम</u>

मुलुकमा भईरहेको शहरीकरणलाई व्यवस्थित गर्न एवं शहरी क्षेत्रको भौतिक विकास मार्फत मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन **"दिगो पूर्वाधार विकासका लागि युटिलिटि करिडोरको अपरिहार्यता"** विषयक अन्तर्क्रिया कार्यक्रम समितिका माननीय सभापति, माननीय सदस्यहरु, समिति सम्बद्ध नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालयका सचिव, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष, नेपाल विधुत प्राधिकरणका प्रबन्ध निर्देशक लगायत सम्बद्ध विभिन्न सरकारी निकायका पदाधिकारीहरु, विषय विज्ञहरु र समिति सचिवालयका कर्मचारीहरुको सहभागिता मिति २०७८ फागुन १३ र १४ गते गोदाभरीमा सम्पन्न भएको थियो ।

कार्यक्रममा पूर्वाधार विज्ञ इन्जिनियर श्री कमल राज पाण्डेले "विकास आयोजनाहरुमा अन्तर निकायगत समन्वय" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने शहरी विकास मन्त्रालयका सचिव श्री मणिराम गेलालले "दिगो शहरी पूर्वाधार विकासमा समन्वय एवं युटिलिटि करिडोरको अपरिहार्यता" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।कार्यक्रममा सहभागी नेपाल सरकारका सचिव एवं अन्य पदाधिकारीहरुले मन्त्रालयको तर्फबाट आफ्नो धारणा राख्दै समयको माग एवं आवश्यकतालाई सम्बोधन गर्न युटिलिटि करिडोर सम्बन्धी कानुनी एवं नीतिगत व्यवस्थाका लागि यो कार्यक्रम अति नै प्रभावकारी भएको धारणा राख्नुभएको थियो ।समितिका सभापति मा. कल्याणी कुमारी खड्काले युटिलिटी करिडोरको अपरिहार्यतालाई सम्बोधन गर्न यस सम्बन्धी छुट्टै कानुन बनाउनु पर्ने आवश्यकता रहेको औंल्याउँदै सम्बन्धित सरोकारवाला मन्त्रालयलाई युटिलिटि करिडोर सम्बन्धी विधेयक यथाशीघ्र संसदमा दर्ता गर्न निर्देश गर्नु भएको थियो ।कार्यपत्रमाथि भएको खुला छलफलमा माननीयज्यूहरुबाट आएको धारणा र विभिन्न मन्त्रालयको धारणा आइसकेपछि संविधानविद् एवं कानुनविद् श्री काशीराज दाहालले कार्यपत्रमाथि टिप्पणी गर्नु भएको थियो भने देहायको निष्कर्ष सहित कार्यक्रम समापन भएको थियो ।

निष्कर्षः

- युटिलिटी करिडोर सम्बन्धी ऐन तर्जुमा गरी संसदमा पेश गर्ने प्रयोजनका निम्ति संसदको विकास तथा प्रविधि समितिको निर्देशन बमोजिम शहरी विकास मन्त्रालयले सम्बन्धित सरोकारवाला मन्त्रालय र सम्बद्ध निकाय तथा व्यवसायिक विज्ञहरुको परामर्शमा अन्तर्राष्ट्रिय अनुभव र हाम्रो परिवेश समेतको आधारमा दिगो पूर्वाधार विकासलाई सहज हुने किसिमबाट ऐनको प्रभावकारी कार्यान्वयन मापनको व्यवस्था सहित यथाशीघ्र मस्यौदा तयार गर्ने ।
- पूर्वाधार विकास सम्बन्धी मन्त्रालय र सम्बद्ध निकायले आफूसँग सम्बन्धित ऐन कानुनहरुलाई समय सापेक्ष बनाउने प्रयोजनको निम्ति मन्त्रालय र निकायहरुबीच समन्वय गरी कानुनको संशोधन मस्यौदा तयार गर्ने ।
- राष्ट्रिय योजना आयोगले मन्त्रालय र अन्तर निकाय तथा तहगत सरकारसँग समन्वय गरी एकीकृत योजना निर्माण गर्ने र सोही अनुरुप मन्त्रालय निकाय र तहगत सरकारले स्वीकार गरी समन्वयात्मक रुपमा लागू गर्ने ।
- विभिन्न पूर्वाधार सम्बन्धी कार्य गर्ने निकायहरुको बजेटलाई कार्यान्वयन गर्न कुनै निश्चित निकायलाई तोक्ने वा विशेष संयन्त्रको निर्माण गर्ने ।

# परिच्छेद-३

# समितिको निर्देशन तथा निर्देशनको कार्यान्वयनको अवस्था

## ३.१ समितिको बैठक, निर्णय तथा निर्देशन

### बैठक संख्या : १०१

मितिः २०७७/०३/२४

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा सार्वजनिक यातायातसँग सम्वद्ध सरोकारवाला मजदुर संगठन र व्यवसायी महासंघका पदाधिकारीहरुसँग कोभिड-१९ को अवस्थाका कारण लकडाउन अवधिमा र त्यसपछि सार्वजनिक यातायात संचालन सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ सार्वजनिक यातायातसँग सम्वद्ध सरोकारवाला मजदुर संगठन र व्यवसायीक संगठनहरुका पदाधिकारी एवं प्रतिनिधिहरुले लकडाउनका कारण मजदुरहरुको जीवन कष्टकर बनेको, दैनिक गुजारा चलाउन नसकेपछि आत्महत्याको तहसम्म पुग्नुपर्ने दर्दनाक परिस्थितिको सिर्जना भएको, व्यवसायीहरुले बैंकको ऋण तिर्न नसकेको लगायतका आ-आफ्ना पिर मर्का एवं कठिनाईहरु समिति समक्ष राखु भयो ।

२ आम नागरिकको जनजीवनको महत्वपूर्ण पाटोको रुपमा रहेको सार्वजनिक यातायातलाई व्यवस्थित रुपमा कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा विस्तृत छलफल गरी उपयूक्त निष्कर्षमा पुग्नुपर्ने भएकोले कोभिड-१९ क्राइसिस मेनेजमेन्ट कमिटि(सि.एम.सि.),नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत सम्बन्धित निकायहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने ।

३ विश्व स्वास्थ्य संगठन, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कोभिड-१९ क्राइसिस मेनेजमेन्ट कमिटि(सि.एम.सी.) ले तयार पारेका मापदण्डहरु पुरा गरी सरकारले लकडाउनकै अवधीमा पनि केही पेशा व्यवसाय सञ्चालन गर्ने व्यवस्था गरेकाले सोही मापदण्डलाई पुरा गरी अर्थतन्त्रलाई थप सहजता प्रदान गर्न सार्वजनिक यातायातसँग सम्वद्ध ट्याक्सी यातायात सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ समितिको आगामी बैठक मिति २०७७ असार २५ गते बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

### बैठक संख्या : १०२

मितिः २०७७/०३/२५

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा राष्ट्रिय पुननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत लगायत सम्वद्ध पदाधिकारीहरुसँग प्राधिकरणबाट हाल भइरहेको कार्यको प्रगति र आगामी कार्ययोजनाका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो :-

१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा भूकम्पले क्षतिग्रस्त भएका निजी आवास, वस्ती स्थानान्तरण र एकीकृत वस्ती, शैक्षिक संस्था, स्वास्थ्य संस्था र सरकारी एवं सुरक्षा निकायका भवन लगायतका संरचनाहरुको पुनर्निर्माणको प्रगति प्रशंसनीय रहेको छ । तथापि प्राधिकरणको समयावधि यही २०७७ पुष १० गते समाप्त हुन गइरहेकोले निर्माणकै चरणमा रहेका पुरातात्त्विक एवं सांस्कृतिक सम्पदाहरुको पुनर्निर्माण लगायतका कामहरु कसरी अघि बढाउने भन्ने विषय यथाशीघ्र निक्यौंल गरी सम्पादन हुन बाँकी रहेका कामहरुको स्वामित्व, गुणस्तर एवं वित्तिय स्रोतको समेत सुनिश्चितता गर्न समिति, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

२ पुनर्निर्माणको क्रममा रहेका गुम्बाहरु र अन्य पुरातात्विक महत्वका संरचनाहरुको स्रोत व्यवस्थापन गरी द्रुत गतिमा निर्माण कार्य अघि बढाउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

३ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा निर्माणाधीन अवस्थामा रहेका काठमाडौंको सुन्धारास्थित ऐतिहासिक एवं पुरातात्विक महत्वको धरहरा, रानीपोखरी, काष्ठमण्डप एवं प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लगायतका स्थानहरुको समितिले उपयुक्त समयमा स्थलगत अवलोकन गर्ने ।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १०३

मितिः २०७७/०४/०४

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक लगायतका सम्बद्ध पदाधिकारीहरुसँग काठमाडौको टेकुस्थित विष्णुमति पुल एवं निर्माणाधीन तीनकुनेस्थित बाग्मती पुल, हुलाकी राजमार्ग अन्तरगतको बाग्मती पुल र टिकुलियाघाट रौतहटस्थित लालबकैया नदीको पुल लगायतका अन्य महत्वपुर्ण पुलहरुको निर्माण कार्यको विद्यमान अवस्थाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो :-

१ आमनागरिकको दैनिक आवत जावत सहजीकरण गर्ने महत्वपूर्ण माध्यमको रुपमा रहेका देशभरका रणनीतिक सडक अन्तर्गतका पुराना एवं रुग्न पुलहरुको अवस्था सम्बन्धी विवरण तयार गरी वित्तीय सुनिश्चितता सहित गुणस्तरीय रुपमा तोकिएको समयभित्र त्यस्ता पुलहरुको कार्य योजना सहित शीघ्र निर्माण प्रक्रिया प्रारम्भ गर्न समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लाई निर्देश गर्दछ ।

२ निर्माण सम्पन्न भएको काठमाडौंको टेकुस्थित विष्णुमति नदीको पुलमा प्राविधिक पक्ष एवं गुणस्तरमा कमजोरी भएको साथै निर्माणाधीन अवस्थामा रहेका काठमाडौंको तीनकुने स्थित बाग्मती पुल, हुलाकी राजमार्ग अन्तर्गतको बाग्मती पुल, रौतहटको टिकुलियाघाट र समनपुर पुल साथै कैलाली जिल्लामा पर्ने हुलाकी सडक अन्तर्गतको कान्जा पुल,धनगढी उपमहानगरपालिकाको मोहनापुललगायतका महत्वपूर्ण पुलहरुको निर्माणको कार्य तोकिएको समयमा गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको र प्राविधिक पक्षमा गम्भीर त्रुटी हुन गएको विषयमा सम्बद्ध जिम्मेवार पक्षहरुलाई मन्त्रालयबाट के-कस्तो कारबाही गरियो त्यसको विवरण सात दिनभित्र समितिमा उपलब्ध गराउन र उल्लेखित पुलहरुको निर्माण कार्य सुनिश्चित हुने कार्ययोजना बनाई कार्यान्वयन गर्न साथै उक्त कार्ययोजना पन्ध्र

दिन भित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ समितिका माननीय सभापतिको नेतृत्वमा हुलाकी राजमार्ग अन्तरगत कैलाली-कञ्चनपुर जिल्लाको स्थलगत अनुगमनको क्रममा कर्णाली नदीमा निर्माण भएको सतीघाट पुलको पूर्व तर्फ सिर्जित खाल्डोका कारण पुल अत्यन्त जोखिमयुक्त हुने देखिएकोले त्यसको तत्काल सुरक्षाको प्रवन्ध मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ दक्ष प्राविधिक जनशक्ति अभावका कारण विकास र पूर्वाधारसँग सम्बद्ध आयोजनाहरुको काम समयमै गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको, कामको अनुगमन निरीक्षणमा वाधा परेको साथै अत्यधिक कामको चापले विकास निर्माणका कार्यहरु अवरुद्ध भइरहेको सन्दर्भमा सम्बद्ध आवश्यक जनशक्ति परिपूर्तिहुनेगरी मन्त्रालयको काम काजमा प्रभावकारीता ल्याउने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १०४

मितिः २०७७/०४/०६

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव र पदाधिकारी एवं श्रमजीवी पत्रकार एवं सञ्चार क्षेत्रसँग सम्बद्ध प्रतिनिधिहरुसँग कोभिड-१९को कारणले श्रमजीवी पत्रकार र सञ्चार क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ कोभिड-१९ को महामारीले सिर्जना गरेको सुरक्षाको असहज र जोखिमयुक्त परिस्थितिमा पनि अहोरात्र सूचना प्रवाह गरी पेशागत दायित्व निर्वाह गरिरहेका श्रमजीवी पत्रकार र कर्मचारीहरुलाई जबर्जस्ती रोजगारीबाट हटाउने, बेतलबी विदामा राख्ने, तोकिएको पारिश्रमिक नदिने, सेवा सुविधा कटौति गर्ने र करार सम्झौता भंग गर्ने जस्ता श्रमजीवी पत्रकार सम्बन्धी ऐन,२०५१ विपरितका कार्यहरुसम्वद्ध सञ्चार प्रतिष्ठानबाट हुन नदिन र भएको पाइएमा कानुन बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

२ विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ ले आम सञ्चार क्षेत्रमा पारेको नकारात्मक असरको विस्तृत अध्ययन गरी त्यसको विवरण समितिमा उपलब्ध गराउन साथै कोभिड-१९को प्रभावका बीच प्रकाशन प्रशारणलाई निरन्तरता दिई सूचना प्रवाहमा पुर्‍याएको योगदानको आधारमा त्यस्ता सञ्चार प्रतिष्ठानलाई सहुलियत, राहत र सुरक्षाको प्रबन्ध मिलाउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

३ संविधानद्वारा प्रदत्त सञ्चारको हकको संरक्षण, सम्बर्द्धन र प्रत्याभूति गर्दै श्रमजीवी पत्रकार एवं पत्रकारितासँग सम्बद्ध कर्मचारीहरु र सञ्चार प्रतिष्ठानलाई आ-आफ्नो पेशा र व्यवसायप्रति प्रतिवद्ध, जिम्मेवार र मर्यादित भई निरन्तर रुपमा सूचना प्रवाह गर्ने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४ हालै भएको अविरल वर्षाको कारणबाट मुलुकका अधिकांश ठाउँहरु बाढी पहिरो र डुवानमा परी भौतिक संरचनाहरु क्षति हुनुका साथै मानवीय जीवन अत्यन्त कष्टकर बनेको छ । यसरी वर्षै पिच्छे वर्षा याममा आउने बाढी पहिरोबाट सडक अवरुद्ध भई आवात जावतमा समस्या भएको र ठूलो मात्रामा हुने जनधनको क्षतिलाई न्यूनीकरण गरी समस्याको समाधान गर्न पूर्व सचेतना कार्यक्रम लगायत बाढी, पहिरो नियन्त्रण सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं तीनै तहका सरकारहरुसँग समन्वय गरी तत्काल उद्दार, राहात तथा पुनस्थापनाको प्रबन्ध मिलाउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गर्दछ ।

५ निरन्तरको अविरल वर्षाका कारण बाढी पहिरो र डुवानको उच्च जोखिममा रहेका नागरिकहरुलाई सतर्कताका साथ चनाखो रहन एवं बाढी पहिरोबाट हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै संकटमा रहेका नागरिकहरुलाई हर सम्भव सहयोग गर्न सुरक्षा निकाय, नागरिक समाज एवं आम नागरिकहरुलाई समिति हार्दिक अपिल गर्दछ ।साथै अविरल वर्षाको कारण भएको धनजनको क्षतिप्रति दुःख प्रकट गर्दै मृतकहरु प्रति समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछ।

६ समितिको आगामी बैठक २०७७ साउन ८ गते सम्मका लागि स्थगित भयो ।

## बैठक संख्या : १०५

मितिः २०७७/०४/१३

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त, आयुक्त, आयोगका सचिव लगायतका सम्वद्ध पदाधिकारीहरुसँग आयोगबाट हालसम्म सम्पादित कार्यहरु र आयोगका आगामी कार्ययोजनाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ सूचना प्रविधिको युगमा पनि नेपाली नागरिकले सार्वजनिक निकायबाट सूचना प्राप्त गर्न भौतिक रुपमा उपस्थित भई निवेदनका आधारमा मात्र सूचना प्राप्त हुने व्यवस्थाको अन्त्य गरी सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने सूचना वेवसाइट, ईमेल, ईन्टरनेट र राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम मार्फत उपलब्ध हुने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय सूचना आयोगलाई निर्देश गर्दछ ।

२ राष्ट्रिय सूचना आयोगले वार्षिक रुपमा तयार गर्ने प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पेश हुने गरेको र त्यस सम्बन्धमा कुनै छलफल हुने व्यवस्था नरहेकोले नागरिकको सूचनाको हक सम्बन्धी मौलिक हक कार्यान्वयनका लागि गठन भएको निकायको वार्षिक प्रतिवेदन संघीय संसदमा पेश गरी प्रतिवेदन माथि छलफल हुने नीतिगत व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ ।

३ सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रका सूचना पारदर्शीता र सुशासनको आधारस्तम्भ भएकोले तत् तत् निकायहरुमा सूचना अधिकारी तोकी ती निकायहरुबाट सम्पादित कार्य स्वतः ३/३ महिनामा प्रकाशन गर्ने गराउने एवं सेवाग्राहीले मागेको सूचना सरल र बुझिने भाषामा तोकिएको अवधि भित्र उपलब्ध गराउने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा यस्ता विषय कार्यान्वयन नगर्ने निकायहरुलाई तत्काल कानूनी कारवाहीको दायरामा ल्याई त्यसको जानकारी १५ दिन भित्र समितिलाई उपलब्ध गराउन राष्ट्रिय सूचना आयोगलाई निर्देश गर्दछ ।

४ सरकार, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज लगायतका सबैलाई सूचनाको हक कार्यान्वयन गर्न गराउन क्रियाशील भूमिका निर्वाह गर्ने राष्ट्रिय सूचना आयोगलाई सहज र प्रभावकारी रुपमा काम गर्ने वातावरण सिर्जना गर्न भौतिक संरचना, पर्याप्त स्रोत साधन र आवश्यक जनशक्तिको व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १०६

मितिः २०७७/०४/१६

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका मा. मन्त्री, सचिव, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष, नेपाल टेलिकमका प्रबन्ध निर्देशक लगायत सम्बद्ध निकायका पदाधिकारीहरुसँग नेपाल टेलिकमको सेवा प्रभावकारिताका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ सूचना प्रविधिको क्षेत्रमा मुलुकले तीव्रतर रुपमा फड्को मारिरहँदा हालै कोभिड-१९ ले पारेको प्रभावका कारण मुलुक प्रविधिमा आधारित बनेको छ । सूचना तथा प्रविधि आम नागरिकको अभिन्न अंग बनिरहँदा राज्यको सेवा प्रदायकको रुपमा रहेको नेपाल टेलिकमको सेवा प्रभावकारी हुन सकेको छैन । कोभिड-१९ का कारण हाल धेरैजसो निजी कम्पनीले घरैबाट इन्टरनेट मार्फत सेवा सञ्चालन गरेका छन् । स्कुल, कलेज, बैंक तथा वित्तीय संस्था लगायत विभिन्न सञ्चारका माध्यमहरु पनि इन्टरनेटमा नै आधारित भएर सेवा प्रवाह गरिरहेका छन् । यति हुँदा हुँदै पनि नेपाल टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी नभएको गुनासो आम नागरिकबाट उठिरहेको सम्बन्धमा टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी, गुणस्तरीय र आम नागरिकले अपेक्षा गरे अनुरुप बनाउन टेलिकमको आगामी कार्ययोजना स्पष्ट रुपमा ३० दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकमलाई निर्देश गर्दछ ।

२ नेपाल टेलिकमको फोर जी (4G) सेवा विस्तार निर्धारित समयावधिभित्र गुणस्तरयुक्त रुपमा सम्पन्न हुन नसक्नुको कारण सात दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ ।

३ नेपाल दूरसञ्चार प्राधिकरणसँग आबद्ध नेपाल टेलिकम र अन्य निजी सेवा प्रदायक संस्थाहरुबाट गत आर्थिक वर्षमा कति ग्राहकलाई सिम वितरण गरियो, ती संस्थाहरुका ग्राहक संख्या र संस्थाहरुको गत आ.व. को वित्तीय अवस्थाको विवरण सात दिनभित्र समितिमा प्राप्त हुने गरी उपलब्ध गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ ।

४ नेपाल टेलिकममा रणनीतिक साझेदार भित्र्याउने बारेमा नेपाल सरकारबाट प्रक्रिया अगाडि बढाइएको सन्दर्भमा त्यस्तो साझेदार भित्र्याउनै पर्ने आवश्यकता हो, होइन यदि आवश्यकता परेको भए साझेदारलाई कुन, कस्तो मोडालिटीमा काम गर्ने गरी साझेदारी गरिने हो त्यस सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सोको जानकारी समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

५  समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १०७

मितिः २०७७/०६/०५

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा विज्ञापन (नियमन गर्ने) ऐन कार्यान्वयनका सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरुसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ कार्तिक ८ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई २०७७ कार्तिक ८ गतेदेखि  कार्यान्वयनको चरणमा प्रवेश गर्ने सन्दर्भमा रहेको छ । ऐन कार्यान्वयनको  महत्वपूर्ण पक्ष भनेको समग्र विज्ञापन बजारको व्यवस्थापन तथा नियमन नै हो ।

१ विज्ञापन (नियमन गर्ने) ऐनको पूर्ण कार्यान्वयनका लागि २०७७ कार्तिक ७ गतेभित्र विज्ञापन बोर्ड गठन गरी ऐनको दफा ६ बमोजिम डाउनलिंक अनुमति लिएर नेपालमा प्रसारण गरिरहेका टेलिभिजन च्यानलहरुलाई विज्ञापन रहित (क्लिन फिड) बनाउन समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

२ ऐनको प्रभावकारी कार्यान्वयनका लागि विज्ञापन रहित हुन नसक्ने विदेशी टेलिभिजनको प्रशारण रोक्न तहाँ मन्त्रालयले के कस्तो कार्ययोजना बनाएको छ ? साथै यो ऐनको कार्यान्वयनबाट नेपालमा कतिवटा विदेशी च्यानलहरु रोकिने अवस्थामा रहेका छन् ? र ऐन कार्यान्वयनका लागि मन्त्रालयले तयार गरेको आगामी कार्ययोजना १५ दिनभित्र समितिमा पठाउन समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

३ स्वदेशी टेलिभिजनलाई प्रवर्द्धन गर्न विदेशी टेलिभिजनको प्रसारणमा नेपाली विज्ञापन हाल्ने नीति (फिड ईन) नलिन  समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४ समितिको आगामी बैठक २०७७ असोज ७ गते बुधबार बिहान ११ बजे बस्नेगरी स्थगित भयो।

## बैठक संख्या : १०८

मितिः २०७७/०६/०७

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा समितिले दिएका निर्देशनहरु कार्यान्वयनको अवस्था र हालैको अविरल वर्षाका कारण बाढी पहिरोले पारेको क्षतिको विषयमा माननीय सदस्यहरुसँग गम्भीर रुपमा छलफल भयो । समितिले दिएका निर्देशनहरु कार्यान्वयनको अवस्थाका सम्बन्धमा माननीय सदस्यहरुले थप अध्ययन गरेर सुझाव दिने र समितिको आगामी बैठकमा पुनः छलफल गर्ने निर्णय भयो ।

समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# बैठक संख्या : १०९

मितिः २०७७/०६/२०

## छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार रक्षा मन्त्रालयका सचिव, नेपाली सेनाका बलाधिकृत, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way)सडक आयोजनाका आयोजना प्रमुख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव लगायत सम्वद्ध पदाधिकारीहरुको उपस्थितिमा काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way)सडक आयोजनाको हालसम्मको कार्यप्रगति र आगामी कार्ययोजनाएवं हालैको अविरल वर्षाका कारण बाढी पहिरोलेपुऱ्याएको क्षति, दशैं, तिहार र छठजस्ता चाडपर्वहरु नजिकिंदै गर्दा सार्वजनिक सवारी साधनमा कोभिड-१९ ले पारेको असर र यात्रुहरुको सहज आवागमनका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way)सडकआयोजनाको म्याद एकै पटक ३ वर्ष थपिनुको कारण एवं आधारहरु के-के हुन् ? स्पष्ट रुपमा समितिमा पेश गर्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देश गर्दछ । साथै कुनै पनि आयोजना सुरुवात गर्नुपूर्व मुलुकको आर्थिक क्षमता, स्रोत साधन लगायत आयोजना निर्माणमा आईपर्ने विविध पक्षहरु आँकलन गरी पूर्व तयारी पूरा गरेर मात्र राष्ट्रिय गौरवका आयोजनाहरुसुरुवात गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

२ काठमाडौं-तराई/मधेश द्रुतमार्गको कार्य समयमा सम्पन्न गर्न हालै छनौट भएको अन्तर्राष्ट्रिय कन्सल्टेन्ट कम्पनी कालो सूचिमा परेको भन्ने विषय विभिन्न सञ्चारका माध्यमहरुबाट प्रकाशन/प्रशारण भई आम जनचासोको विषय बनेकोले सोको विस्तृत जानकारी ७ दिनभित्र समितिमा पेश गर्न समिति काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ ।

३ काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना समयमा नै सम्पन्न होला भन्ने आम जनताको आकांक्षा पूरा गर्न एवं नेपाली सेनाको प्रतिष्ठा कायम गर्न आयोजना निर्माणमा संलग्न पक्षले द्रुतमार्ग निर्माणमा भएको कार्यप्रगतिको चौमासिक प्रतिवेदन एवं आगामी कार्ययोजनाको वार्षिक कार्ययोजना समेत तयार गरी सो अनुरुप कार्य गर्न/गराउन एवं सोको प्रतिवेदन समितिमा १५ दिनभित्र पेश गर्न समिति काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ ।

४ काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माणको ठेक्का सम्बन्धी कार्यहरुका बारेमा जनताहरुबाट प्रश्न उठीरहेको सन्दर्भमा आयोजनासँग सम्वद्ध यस्ता कार्यहरु पारदर्शी र विश्वसनीय रुपमा अगाडी बढाउन समिति काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई पुनः निर्देश गर्दछ ।

५ नेपाली सेनाद्वारा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजना एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कुन अवस्थामा छन् सोको विस्तृत विवरण ७ दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालयलाई निर्देश गर्दछ ।

६ हालैको अविरल वर्षाका कारण बाढी पहिरोले पुल/बाटो घाटो आदिमा पुऱ्याएको क्षतिबाट नजिकिंदै गरेको चाडपर्वमा यात्रुहरुलाई पर्न जाने असुविधा/कठिनाईलाई तत्काल समाधान गर्न एवं सडक यातायातलाई पूर्ण रुपमा सुचारु गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै वर्षायाममा आउने बाढी पहिरोबाट धेरै जनधनको क्षति हुने गरेको हुँदा जोखिमपूर्ण

स्थानमा रहेका मानव वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न समेत समिति नेपाल सरकार गृह मन्त्रालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

७ सार्वजनिक सवारी साधन सञ्चालन गर्दा स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड पूर्ण रुपमा पालना गर्न/गराउन, खाना खुवाउने स्थानमा सामाजिक दूरी कायम गर्न, सवारी साधन चढ्दा ओर्लदा अनिवार्य रुपमा मास्क तथा सेनिटाइजरको प्रयोग गर्ने व्यवस्था कडाइका साथ लागु गर्न/गराउन एवं कोभिड-१९ को महामारीबाट जोगिन नागरिक सचेतनाका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न समिति नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

८ चाडपर्वहरु नजिकिँदै जाँदा लामो दूरीका सवारी साधनहरुको टिकट बुकिङ Ticket counter/onlineतथा अन्य सहज स्थानबाट बिक्री वितरण गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

९ कोभिड-१९ को महामारीका कारण लामो समयदेखि सञ्चालनमा नरहेका लामो दूरीका सवारी साधनहरुको अनिवार्य रुपमा यान्त्रिक जाँच गरेर मात्र सवारी साधनहरु सञ्चालन गर्न एवं सार्वजनिक सवारी साधनमा स्वास्थ्य मन्त्रालयले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना भए/नभएको प्रभावकारी रुपमा अनुगमन एवं नियमन गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, यातायात व्यवस्था विभाग र प्रहरी प्रधान कार्यालय, ट्राफिक महाशाखालाई निर्देश गर्दछ ।

१० समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : ११०

मितिः २०७७/०८/३०

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा सुरक्षित नागरिक आवास, पूरानो प्रतिनिधिसभा (सिंहदरवार ग्यालरी बैठक) को व्यवस्थापन र निर्माणाधीन संघीय संसद भवनको निर्माण तथा कार्यप्रगतिका सम्बन्धमा नेपाल सरकार शहरी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव लगायतका सम्बद्ध पदाधिकारीहरुसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ नव नियुक्त नेपाल सरकारका शहरी विकास मन्त्री मा. कृष्णगोपाल श्रेष्ठज्यूलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ कतिपय गाउँपालिकाहरु भूगोल, जनसङ्ख्या र शहरीकरणको हिसाबले नगरपालिकाभन्दा सम्वृद्ध भएको अवस्थामा गाउँपालिकाको भौतिक विकासका लागि शहरी विकास मन्त्रालयको कार्यक्रम सञ्चालनमा बाधा नपुग्ने गरी विद्यमान नियमावली, निर्देशिका र कार्यविधिमा सुधार गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३ भौगोलिक दृष्टिले अत्यन्त जोखिममा रहेका घर तथा वस्तीहरु तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनलाई प्राथमिकतामा राखी उपयोग गर्दै सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ तीन वर्षको अवधिमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको नयाँ संघीय संसद भवन निर्माणको हालसम्मको भौतिक प्रगतिको गति सन्तोषजनक नदेखिएकोले निर्धारित मितिमा सम्पन्न हुने गरी आवश्यक कार्यतालिका तत्काल बनाई कार्यान्वयन गर्न र उक्त कार्यतालिका समितिलाई समेत उपलब्ध गराउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

५ २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त अवस्थामा रहेको पूरानो प्रतिनिधिसभा (ग्यालरी वैठक) को सन्दर्भमा समितिमा पटक पटक बैठक बसी छलफल गरी नेपाल सरकारलाई निर्देश गरेको भएता पनि सो सम्बन्धमा हालसम्म पनि ठोस निष्कर्षमा पुग्न सकेको पाइँदैन। त्यस सन्दर्भमा ऐतिहासिक मौलिकता र पहिचान कायम हुने गरी सोही स्वरुपमा अत्याधुनिक सुविधा सम्पन्न ग्यालरी बैठक पुनर्निर्माणको कार्य तत्काल अगाडि बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको आगामी बैठक २०७७ पुष २ गते बिहीबार दिनको १२ बजे बस्नेगरी स्थगित भयो ।

## बैठक संख्या : १११

मितिः २०७७/०९/०२

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, आयोगका सचिव एवं मन्त्रालय र आयोगसँग सम्बद्ध पदाधिकारीहरुसँग राष्ट्रिय प्राथमिकता प्राप्त विकास निर्माण तथा अन्य आयोजनाहरुको वर्तमान अवस्थाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ राष्ट्रिय प्राथमिकता प्राप्त राष्ट्रिय गौरवका आयोजनाहरु लगायत अन्य विकास निर्माणका आयोजनाहरु निर्धारित समयमा र गुणस्तरीय रुपमा सम्पन्न गर्न देहाय बमोजिमका विषयहरुमा प्राथमिकता दिन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

- नदिजन्य तथा खानीजन्य निर्माण सामाग्रीको तत्काल सहज उपलब्धताको व्यवस्थापन गर्ने ।
- आवश्यक दक्ष प्राविधिक जनशक्तिको उचित व्यवस्थापन गर्ने ।
- अन्तरमन्त्रालय एवं संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसमन्वय प्रभावकारी बनाउने ।

- प्रभावकारी अनुगमनलाई निरन्तरता दिने ।
- विद्यमान ऐन कानुनमा भएका जटिलताहरु हटाउन प्रक्रिया अगाडि बढाउने ।
- भौगोलिक जटिलता हेरी बजेट र समयको उचित व्यवस्थापन गर्ने ।
- निर्माण व्यवसायीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने ।
- आयोजनाहरुमा आर्थिक अभाव हुन नदिने ।

२ राष्ट्रिय प्राथमिकता प्राप्त विकास निर्माणका आयोजनाहरु लगायत अन्य भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरुमा देखिएको कानुनी जटिलता लगायत अन्तर मन्त्रालयगत समन्वयमा प्रभावकारिता वृद्धि गरी पूर्वाधार निर्माणका आयोजनाहरु तोकिएको समय र लागतमा गुणस्तरीय रुपमा सम्पन्न गर्ने वातावरण तयार गर्न एवं आगामी दिनमा पूर्व तयारीका कामहरु सम्पन्न नगरी ठेक्का व्यवस्थापनको कार्य नगर्न एवं नगराउन निकट समयमा समितिले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, वन मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, उर्जा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहभागितामा कार्यशाला गोष्ठीको आयोजना गर्ने र यसको सम्पूर्ण व्यवस्थापनको कार्य भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने ।

३ समितिको आगामी बैठक २०७७ पुष ०६ गते सोमबार १२:३० बजे बस्नेगरी स्थगित भयो ।

## बैठक संख्या : ११२

मितिः २०७७/१२/०४

**छलफल एवं निर्णय :**

आज बसेको समितिको आन्तरिक बैठकमा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरुमा छलफल भई प्राथमिकताका आधारमा आगामी बैठकहरुमा देहायका एजेण्डाहरुमा छलफल गर्ने निर्णय भयो ।

(१) काठमाडौं-तराई/मधेश द्रुत मार्ग (Express way) को हालसम्मको प्रगति

(२) २०७७ पुस २ गते समितिबाट भएका निर्देशनहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा भौतिक मन्त्रालयसँग

(३) मदन भण्डारी राजमार्ग

(४) मध्य पहाडी राजमार्गको मध्य पश्चिम खण्ड सुर्खेत-अछाम-सिमीकोट

(५) रेल यातायात

(६) मेलम्ची खानेपानी आयोजना

(७) सम्बद्ध मन्त्रालयहरुको आगामी आ.व. को बजेट व्यवस्थापन तथा कार्यक्रम तर्जुमा

(८) रणनीतिक सडकहरु

(९) राष्ट्रिय पुननिर्माण प्राधिकरणको म्याद थप र आगामी कार्ययोजना

(१०) युटिलिटी करिडोर निर्माण

(११) निर्माणाधीन संसद भवनको प्रगति

(१२) शहरी विकास मन्त्रालयबाट निर्माणाधीन/ प्रस्तावित बाहिरी चक्रपथ सडक आयोजना

(१३) सवारी चालक अनुमति पत्र

(१४) सेक्युरिटी प्रिन्टिङ प्रेस

(१५) सडक सुरक्षा ।

समितिको आगामी बैठक २०७७।१२ ।०९ गते सोमबार बिहान १०ः३० बजे बस्नेगरी आजको बैठक स्थगित भयो ।

## बैठक संख्या : ११३

मितिः २०७७/१२/०९

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार रक्षा मन्त्रालयका सचिव, नेपाली सेनाका बलाधिकृत, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) सडक आयोजनाका प्रमुख र सम्वद्ध पदाधिकारीहरुसँग काठमाडौं-तराई/मधेश द्रुतमार्ग(Express way)सडक आयोजनाको हालसम्मको प्रगतिका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ काठमाडौं-तराई/मधेश द्रुत मार्ग (Express way) आयोजनाको वर्तमान अवस्था, आयोजना निर्माणको गुणस्तर, वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजनाको निर्माण कार्य निर्धारित समयमा सम्पन्न हुन सक्ने आधार एवं आयोजना निर्माणका सन्दर्भमा तत्काल देखिएका समस्याहरु अध्ययन गरी र ति समस्याहरु समाधानका लागि सुझाव सहितको प्रतिवेदन दुई महिना भित्र समितिमा पेश गर्न देहायका माननीय सदस्य रहने गरी "काठमाडौं-तराई/मधेश द्रुत मार्ग आयोजना अध्ययन उपसमिति" गठन गर्ने निर्णय भयोः-

| | |
|---|---|
| (क) मा. गणेश कुमार पहाडी | संयोजक |
| (ख) मा.अनिल कुमार झा | सदस्य |
| (ग) मा.ईन्दु कुमारी शर्मा | सदस्य |
| (घ) मा.जिपछिरिङ लामा | सदस्य |
| (ङ) मा.केदार सिग्देल | सदस्य |

२ राष्ट्रिय गौरवका आयोजना अन्तर्गतको पुष्पलाल (मध्य पहाडी) लोकमार्गको पश्चिम खण्डको उपयुक्त समयमा एक संसदीय टोली गठन गरी स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने र भ्रमण टोलीमा रहनुहुने माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : ११४

मितिः २०७७/१२/११

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा सम्बन्धित क्षेत्रका संघीय संसदका माननीय सदस्य. प्रदेश सभाका माननीय सदस्यहरु, भक्तपुर जिल्लाको सुर्यविनायक नगरपालिकाका प्रमुख र अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख समेतको उपस्थितिमा हनुमन्ते कोरिडोरको हालसम्मको कार्यप्रगतिर र कोरिडोरको निर्माणका बारेमा देखिएका समस्याहरुका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ आयोजना पूर्व तयारीका काम सम्पन्न नगरी ठेक्का नलगाउन समितिले यस अघि नै नेपाल सरकारका सम्बद्ध मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिई सकिएको विषयलाई पुनः स्मरण गराउँदै आगामी दिनमा सोही अनुसार प्रक्रिया पूरा गरेर मात्र आयोजनाको काम अघि बढाउने कार्य कडाईका साथ कार्यान्वयन गर्न/गराउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ।

२ भक्तपुरबाट काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सवारी यातायात र मानिसको हिडडुललाई सहज तुल्याउन एवं नदी किनार वरीपरी हरियाली वातावरण कायम राख्ने उद्देश्यका साथ निर्माण भइरहेको हनुमन्ते कोरिडोर निर्माणको कार्यमा उल्लेख्य प्रगति भएको देखिएता पनि मध्यपुर थिमी नगरपालिकाको वडा नं. ३ र सुर्यविनायक नगरपालिकाको वडा नं. २ का केही स्थानहरुमा जग्गा प्राप्तिको सम्बन्धमा देखिएको अवरोध हटाउन दुवै स्थानीय तह-मध्यपुर थिमी र सूर्यविनायक नगरपालिका, जिल्ला प्रशासन कार्यालय, सम्बद्ध आयोजना र स्थानीय बासिन्दालगायतका सम्वद्ध सरोकारवाला निकाय तथा प्रतिनिधिहरुसँग तत्काल आवश्यक समन्वय गरी समस्या समाधान गर्न समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३ हनुमन्ते कोरिडोर निर्माणका क्रममा स्थानीय बासिन्दाहरुको जग्गा समेत पर्ने भएकोले प्रभावित क्षेत्रका नागरिकहरुको सम्पतिको हकको संरक्षणको कार्य जग्गा एकीकरण आयोजना मार्फत सुनिश्चित गरि सो सडकको कार्य निर्धारित समयमा सम्पन्न गर्ने वातावरण मिलाउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ कोरिडोर निर्माण सम्बन्धमा अन्य समस्याहरु देखिएमा त्यसको समाधानका लागि समितिले आवश्यक समन्वय र पहल गर्नेछ ।

५ समितिको आगामी बैठक २०७७ चैत्र १३ गते शुक्रबार बिहान ११ बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

## बैठक संख्या : ११५

मितिः २०७७/१२/१३

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागका महानिर्देशक, आयोजना निर्देशनालय (ए. डी. बी.) का निर्देशक लगायत सम्वद्ध पदाधिकारीहरुको

उपस्थितिमा नारायणगड-बुटवल सडकको हालसम्मको कार्य प्रगति र समस्याका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ पूर्व पश्चिम राजमार्ग नेपालको लाइफलाइन भएको र यस मार्गबाट ठूलो मात्रामा यात्रुहरु आवत जावत गर्ने भएको हुँदा यस खण्ड अन्तरगत पर्ने निर्माणाधीन नारायणगढ बुटवल सडक खण्ड आयोजनाको काम पूर्व तयारी विना अगाडि बढाइएको कारण आयोजना समयमा सम्पन्न हुन नसक्दा यात्रुहरुले अनावश्यक रुपमा सास्ती व्यहोर्नु परिरहेकोले गुणस्तरीय रुपमा तोकिएको समयमा आयोजना सम्पन्न हुने गरी कार्य अगाडि बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ नेपालमा सञ्चालन हुने गरेका कतिपय सडक आयोजना तथा अन्य भौतिक पूर्वाधारका आयोजनाहरुको होर्डिङबोर्ड तथा त्यस्ता आयोजनाहरुको बारेमा लेखिएका डकुमेन्टहरुमा अंग्रेजी भाषा प्रयोग हुने गरेको पाइएको हुँदा आयोजनाका बारेमा लेखिएका कागजात ( Document) हरु आम नागरिकले स्पष्ट रुपमा बुझ्ने गरी नेपाली भाषामा पनि लेख्ने व्यवस्था गर्न/गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ नारायणगढ - बुटवल सडक खण्डको समितिका माननीय सदस्यहरुले निकट समयमा स्थलगत अध्ययन अवलोकन गर्ने र भ्रमण टोलीमा रहनुहुने माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।

४ पूर्वाधार विकास आयोजना तथा राष्ट्रिय गौरवका आयोजनाका सम्बन्धमा समितिमा विविध छलफल अनुसार नीतिगत रुपमा निष्कर्षमा पुग्न विकासका उपयुक्त मोडलका बारेमा योजना आयोग, पूर्वाधार विज्ञ र सम्बद्ध निकायहरुसँग समितिले निकट समयमा कार्यशाला गोष्ठी आयोजना गर्ने निर्णय भयो ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : ११६

मितिः २०७७/१२/२२

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधिसभा र राष्ट्रिय सभाका आमन्त्रित माननीय सदस्यहरु, नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव र सम्वद्ध पदाधिकारी साथै कर्णाली कोरिडोरसँग सम्वद्ध नेपाली सेनाका पदाधिकारीहरुको उपस्थितिमा कर्णाली प्रदेशका प्राथमिकता प्राप्त राष्ट्रिय स्तरका र रणनीतिक सडक खण्डहरुको हालसम्मको प्रगतिका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयोः

१ जलस्रोत, जडीबुटी र पर्यटनको क्षेत्रमा राष्ट्रलाई उल्लेख्य योगदान पुऱ्याउने सम्भाव्यता बोकेको कर्णाली प्रदेशमा कठिन भूगोल र सरकारले प्राथमिकता अनुसार आवश्यक बजेट विनियोजनमा ध्यान नपुऱ्याँउदा राष्ट्रिय प्राथमिकता प्राप्त सडक र रणनीतिक सडक खण्डहरुको निर्माण र स्तरोन्नतिले गति लिन नसकी कर्णाली प्रदेशका नागरिकहरुले कष्टपूर्ण जीवन यापन गर्नु परिरहेको छ । कर्णाली प्रदेशका नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने र कर्णाली प्रदेशकै आर्थिक मेरुदण्डको रुपमा रहेका यस्ता महत्वपूर्ण सडकहरुको विषयमा थप छलफल गरी निर्माणको कामलाई प्रभावकारी बनाउन निष्कर्षमा

पुग्नु पर्ने भएकोले राष्ट्रिय योजना आयोग, नेपाल सरकार, अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने ।

२ नेपाली सेनाद्वारा निर्माणाधीन कर्णाली कोरिडोर सडकको उपयुक्त समयमा एक संसदीय टोली गठन गरी स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने र भ्रमण टोलीमा रहनुहुने माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : ११७

मितिः २०७८/०४/१३

**छलफल एवं निर्णय :**

आज बसेको समितिको आन्तरिक बैठकमा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरुमा छलफल भई देहायका बमोजिमको निर्णय भयो ।

१ प्रतिनिधिसभाबाट हेरफेर भई समितिमा थप हुनभएका माननीय सदस्यज्यूहरुलाई समितिमा स्वागत गरियो ।

२ पूर्व प्रधानमन्त्री तथा यस समितिका माननीय सदस्य श्री झलनाथ खनालज्यू केही समयदेखि अस्वस्थ भई उपचारको क्रममा रहनुभएकोले समिति उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

३ काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना अध्ययन उपसमितिको म्याद २ महिना थपका लागि उपसमितिबाट प्रस्ताव पेश भएकोमा समितिले उपसमितिको म्याद मिति २०७८/०४/१३ देखि २ महिनाका लागि थप गर्ने निर्णय भयो ।

४ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग पश्चिम खण्डको स्थलगत अनुगमन भ्रमणको प्रतिवेदन भ्रमण टोलीमा सहभागी माननीय सदस्यहरुलाई अध्ययनको लागि वितरण गरियो ।

५ समितिको आगामी बैठकमा समितिसँग सम्बन्धित देहायका विविध विषयहरु प्राथमिकताका आधारमा क्रमशः छलफल गर्दै जाने निर्णय भयो ।

- हालैको बाढी पहिरोको कारण निर्माणाधीन कमला नदीको पुलमा भएको क्षति, नारायणगढ मुग्लिङ सडकखण्ड लगायत देशका विभिन्न सडक तथा पुलहरुमा पुगेको क्षतिको सम्बन्धमा
- मेलम्ची खानेपानी आयोजना
- सवारी चालक अनुमति पत्र र इम्बोस्ड नम्बर प्लेट
- युटिलिटी करिडोर निर्माण
- निर्माणाधीन संसद भवनको प्रगति
- शहरी विकास मन्त्रालयबाट प्रस्तावित नयाँ शहर, स्मार्ट सिटी, मेगा सिटी लगायतका पुर्वाधारहरु
- समग्र विकासको मोडालिटीका बारेमा सम्बद्ध मन्त्रालयहरु र विषय विज्ञहरुसँग कार्यशाला गोष्ठी गर्ने र त्यसको तयारी सम्बन्धी आवश्यक व्यवस्था समिति सचिवालयले मिलाउने
- राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट हालसम्म भएका कार्यहरु तथा आगामी कार्ययोजनाहरु
- सार्वजनिक सवारी साधन सञ्चालन र निषेधाज्ञा
- समितिको कार्यक्षेत्र सँग सम्बन्धित विधेयकहरु

- सुरक्षित आवास र जनता आवास कार्यक्रम
- समितिले आगामी दिनमा गर्ने स्थलगत अवलोकनका कार्यक्रमहरु ।

६ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : ११८

मितिः २०७८/०४/१७

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव तथा मन्त्रालयका सम्वद्ध पदाधिकारीहरु समेतको उपस्थितिमा हालैको बाढी पहिरोको कारण निर्माणाधीन कमला नदीको पुलमा भएको क्षतिका साथै नारायणगढ-मुग्लिङ सडकखण्ड लगायत देशका विभिन्न सडक तथा पुलहरुमा पुगेको क्षतिको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ हालै भएको अविरल वर्षाको कारणबाट मुलुकका अधिकांश ठाउँहरु बाढी पहिरो र डुवानमा परी भौतिक संरचनाहरु क्षति हुनुका साथै मानवीय जीवन अत्यन्त कष्टकर बनेको छ । यसरी वर्षै पिच्छे वर्षा याममा आउने बाढी पहिरोबाट सडक अवरुद्ध भई आवात जावतमा समस्या भएको र ठूलो मात्रामा हुने जनधनको क्षतिलाई न्यूनीकरण गरी समस्याको समाधान गर्न पूर्व सचेतना कार्यक्रम लगायत बाढी, पहिरो नियन्त्रण सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं तीनै तहका सरकारहरुसँग समन्वय गरी तत्काल उद्दार, राहात तथा पुनस्थापनाको प्रबन्ध मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गर्दछ ।

२ हालैको वर्षाका कारण सिराहा-धनुषा जोड्ने हुलाकी सडक अन्तर्गत कमला नदीमा निर्माणाधीन पुल भासिएको एवं गाईघाट- दिक्तेल सडक खण्ड अन्तरगतको त्रियुगा नदीको पुल जग धसिएर स्लाव खसेको हुँदा निर्माणाधीन अवस्थामा रहेका यी पुलहरु क्षतिग्रस्त हुनुको वास्तविक कारण सात दिन भित्र पत्ता लगाई समितिलाई जानकारी गराउन एवम् दोषी उपर आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाई यथाशीघ्र पुल निर्माणको कार्य सुचारु गर्न समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै क्षतिग्रस्त यी पुलहरुको उपयुक्त समयमा समितिको एक संसदीय टोलीले स्थलगत अनुगमन भ्रमण गर्ने र भ्रमण टोलीमा सहभागी माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।

३ वर्षातको समयमा पहिरोका कारण पटक-पटक अवरुद्ध हुने गरेको नारायणगढ-मुग्लिङ सडक खण्डको विशेष अध्ययन गरी दीर्घकालीन रुपमा समस्या समाधान गर्न एवं तत्कालका लागि २४ सै घण्टा emergency response को व्यवस्था मिलाउन र सो क्षेत्रमा विना अवरोध यातायात सुचारु गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ हालैको वर्षाका कारण अरनिको राजमार्ग अन्तर्गत पर्ने विभिन्न सडक खण्डहरु क्षतिग्रस्त भएको हुँदा सोको स्तरोन्नती लगायत त्यस राजमार्गमा पर्ने पुलहरुको पुनःनिर्माण तथा स्तरोन्नती गरी तत्काल यातायात सुचारु गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ हालैको वर्षाको कारण क्षतिग्रस्त भएका राष्ट्रिय राजमार्ग अन्तर्गत पर्ने सोलावाङ् खोलाको पुल, कर्णाली नदीको सतिघाट तथा कोठियाघाट पुल, सुनकोशी नदीको नवलपुरघाट पुलको यथार्थ विवरण साथै बर्दियाको बबइ नदीमा पर्ने जब्दिघाटको पुलको विद्यमान अवस्था समेत सात दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

६ नेपाली सेनाको विकास निर्माण निर्देशनालयबाट सञ्चालित राष्ट्रिय गौरव लगायत रणनैतिक महत्वका तथा उत्तर दक्षिण सडक आयोजनाहरुमा खटिने नेपाली सेनाका जवानहरुले निकै जोखिमपूर्ण भूगोलमा काम गर्नु पर्ने हुँदा उनीहरुको उच्च मनोवल कायम राख्न विकास निर्माणका कार्यमा खटिने सम्पूर्ण टिमलाई जोखिम भत्ता उपलब्ध गराउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देश गर्दछ।

७ समितिको अर्को बैठक भोलि मिति २०७८।०४।१८ गते दिनको १२:३० बजे खानेपानी मन्त्रालयसँग बस्नेगरी आजको बैठक स्थगीत भयो ।

## बैठक संख्या : ११९

मितिः २०७८/०४/१८

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार खानेपानी मन्त्रालयका सचिव, मेलम्ची खानेपानी आयोजना तथा मन्त्रालयका सम्वद्ध पदाधिकारीहरुसँग हालैको बाढी पहिरोको कारण मेलम्ची खानेपानी आयोजनामा पुगेको क्षतिको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ हालैको अविरल वर्षाका कारण सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नदीमा आएको हिलो गेगर सहितको लेदोले आयोजना लगायत सो क्षेत्रमा पुऱ्याएको ठूलो जनधनको क्षतिप्रति समिति दुःख व्यक्त गर्दछ। अहिले पनि सुख्खा पहाड सहितको गेगर झरिरहेको सो क्षेत्रमा अत्याधिक जोखिमको अवस्था रहेकोले यस क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी विस्थापित भएकाहरुलाई तत्काल उद्दार, राहत, तथा पुनःस्थापनाका साथै प्रभावित र बाढी पहिरोको उच्च जोखिममा रहेका बासिन्दाहरुको सुरक्षित व्यवस्थापन/स्थानान्तरणको व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गर्दछ ।

२ मुलुककै महत्वपूर्ण मानिएको राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना सञ्चालनको लागि विगत २१ वर्ष देखिको प्रयास र त्यहाँको लगानी सुनिश्चित गर्न सिन्धुपाल्चोक क्षेत्रको भौगर्भिक अवस्था अध्ययनका लागि विज्ञ सहितको संयन्त्र तयार गरी दीर्घकालीन रुपमा समस्या समाधान गर्न तथा आगामी दिनमा यस प्रकारको क्षति हुन नदिन यसको स्थायी व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने तर्फ सम्वद्ध सबै निकायको ध्यान जानु जरुरी देखिन्छ ।हालैको दिनमा आयोजनामा भएको क्षतिको निक्यौल गर्न राष्ट्रिय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सहित थगगथतआवश्यक विज्ञ सहितको टोलीले अनुगमन गरी सो क्षेत्रको दीर्घकालीन रुपमा समस्या समाधानका लागि आवश्यक पहल गर्न समिति सम्वन्धित निकायको गम्भिर ध्यानाकर्षण गराउँदछ । साथै आयोजनामा भएको क्षतिको पुननिर्माणका लागि अन्तर मन्त्रालयगत समन्वय गर्न र सोका लागि

बजेटको सुनिश्चितता गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देश गर्दछ ।

३ हालैको दिनमा मेलम्ची खानेपानी आयोजनाले व्यहोर्नु परेको अकल्पनीय क्षतिलाई मध्यनजर गर्दै दोस्रो चरणमा गर्ने भनिएको याङ्ग्री र लार्के खोलाको पानी मेलम्चीमा पथान्तरण गर्नुपूर्व यस क्षेत्रको अप स्ट्रिम एरियामा जियोलोजिकल र हाइड्रोलोजिकल अवस्थाको विस्तृत अध्ययन गरी यसको रिपोर्टको आधारमा मात्र दोस्रो चरणको कार्य अगाडि बढाउन समिति मेलम्ची खानेपानी आयोजनालाई निर्देश गर्दछ ।

४ मेलम्ची खानेपानी आयोजना, आयोजना कार्यान्वयन निर्देशनालयको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन स्पष्ट नीतिगत व्यवस्था गरी सो आयोजनाको प्रभावकारी कार्य सञ्चालनको लागि कार्यालय भवन लगायतको स्थायी पूर्वाधार निर्माणको लागि आवश्यक बजेटको सुनिश्चितता गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

५ हालैको अविरल वर्षाका कारण क्षतिग्रस्त भएको मेलम्ची खानेपानी आयोजना पुन सुचारु भई काठमाडौं उपत्यकामा पानी वितरण हुने सुनिश्चितता नभए सम्म काठमाडौं उपत्यका खानेपानी सुधार दोश्रो अन्तरगत पाइपलाइन विस्तारका कामहरु अगाडि नबढाउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको अर्को बैठक मिति २०७८।०४।२० गते बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

## बैठक संख्या : १२०

मितिः २०७८/०४/२०

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, यातायात व्यवस्था विभागका महानिर्देशकसँग सवारी चालक अनुमति पत्र र इम्बोस्ड नम्बर प्लेटको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ स्मार्ट सवारी चालक अनुमति पत्र समयमा वितरण हुन नसकी सेवा ग्राहीले कठिनाइ भोग्नु परिरहेको सन्दर्भमा यातायात व्यवस्था विभागबाट सवारी चालक अनुमति पत्र छपाइ सम्बन्धमा टेण्डर गर्दा नै प्राविधिक कमजोरी हुन गएको पाइएकोले यस सम्बन्धी प्राविधिक पक्षहरुको अध्ययन नगरी टेण्डर गर्ने जिम्मेवार सम्बद्ध पदाधिकारी उपर तत्काल छानविन गरी कारवाहीको प्रक्रिया अगाडि बढाई त्यसको जानकारी समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ सवारी चालक अनुमति पत्र सम्बन्धी सम्पूर्ण व्यवस्था प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने भएकोले सवारी चालक अनुमति पत्रलाई व्यवस्थित गरी एकरुपता कायम गर्न साथै स्मार्ट सवारी चालक अनुमतिपत्र र इम्बोस्ड नम्बर प्लेटलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पूर्व तयारी

र पूर्वाधारहरु निर्माणका लागि प्रदेश सरकारसँग तत्काल आवश्यक समन्वय कायम गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । यस सम्बन्धमा संघ र प्रदेश सरकारका सम्बद्ध मन्त्रालय तथा निकायहरुलाई समितिमा उपयुक्त समयमा आमन्त्रण गरी थप छलफल गरिनेछ।

३ सवारी दुर्घटनाको तथ्यांक हेर्दा अत्याधिक सवारी दुर्घटना चालकको लापरवाही/कमजोरीका कारण हुने गरेको पाइएकोले सवारी चालक अनुमति पत्रको लागि एडभान्स गभर्नमेन्ट ड्राइभिङ इन्स्टिच्युट ७ वटै प्रदेशबाट सञ्चालन र व्यवस्थापनको समन्वयात्मक भूमिका तयार गरी सो मार्फत् दक्ष सवारी चालक उत्पादन गर्ने प्रक्रिया प्रारम्भ गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ पुराना सवारी साधनहरु सञ्चालनका सम्बन्धमा हाल कार्यान्वयनमा रहेको नीतिगत व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन गर्ने साथै यस सम्बन्धमा सम्बद्ध जिम्मेवार निकाय र विज्ञहरुसँग समितिको आगामी बैठकमा छलफल गरिनेछ ।

५ समितिको अर्को बैठक मिति २०७८।०४।२१ गते बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

## बैठक संख्या : १२१

मितिः २०७८/०४/२१

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतसँग राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको हालसम्मको प्रगति र आगामी कार्ययोजनाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले कोभिड लगायत विभिन्न संकटहरु झेल्दै २०७२ सालको महाभूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुनर्निर्माणको कार्यमा हासिल गरेको प्रगति प्रशंसनीय रहेको छ तसर्थ प्राधिकरणबाट भएको यस कार्य प्रति समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई धन्यवाद व्यक्त गर्दछ । प्राधिकरणद्वारा पुनर्निर्माण गरिएका संरचनाहरुको दिगोपना, आवश्यक मर्मत संभार, उचित उपभोग तथा समुचित व्यवस्थापन तर्फ समेत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।प्राधिकरणलाई तोकिएको समयावधी अब केही समय मात्र बाँकी रहेको र सो समयमा पुनर्निर्माण गर्नुपर्ने संरचनाहरु सम्पन्न हुन सक्ने सुनिश्चितता नभएकोले बाँकी रहेका संरचनाहरुको पुनर्निर्माणका लागि लाग्ने समयावधी र स्रोतको सुनिश्चितता गरी सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने आवश्यक व्यवस्थाका गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

२ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट भए गरेका हालसम्मका कार्यहरुको संस्थागत स्मरण तर्फ समेत यथोचित व्यवस्थापनका लागि समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

३ समितिको बैठक अर्को सूचना नभए सम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२२

मितिः २०७८/०४/२४

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा शहरी विकास मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीहरुसँग युटिलिटी करिडोर, मन्त्रालयको कार्यप्रगति र आगामी कार्ययोजनाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ नेपाल सरकारका विभिन्न मन्त्रालय तथा सम्बद्ध निकायहरुबाट सम्पन्न हुने विकास निर्माणसँग सम्बन्धित आधारभूत संरचना निर्माणका कार्यहरु स्पष्ट कानुनको अभावका कारण अव्यवस्थित भई शहरी सौन्दर्यमा ह्रास आउनुका साथै विकास निर्माणका कार्यमा दोहोरोपना भई अनावश्यक रुपमा सरकारी खर्चमा समेत वृद्धि भइरहेको र यसबाट देशको सम्बृद्धिमा समेत अवरोध पैदा भएको तथ्यलाई ध्यानमा राखी यस्ता कार्यहरु एकीकृत रुपमा सम्पन्न गर्ने प्रयोजनका लागि सार्वजनिक सेवा प्रदायक पूर्वाधार मार्ग Utility corridor को सम्बन्धमा समितिले संयुक्त रुपमा बैठक बसी सबै पूर्वाधारलाई एकीकृत विकासको ढाँचामा अगाडी बढाउन Utility corridor सम्बन्धी विधेयक संसदमा पेश गर्न दिएको निर्देशन कार्यान्वयनको लागि समिति पुनः नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

२ उपत्यकाको ट्राफिक चापलाई न्यूनीकरण गर्न काठमाडौं शहरलाई व्यवस्थित एवं नागरिकको आवागमनमा सहजता ल्याउने उद्देश्यले निर्माण गर्ने भनिएको बाहिरी चक्रपथको विस्तारका लागि बजेटको सुनिश्चितता गरी तत्काल निर्माण कार्य अगाडि बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३ विभिन्न स्थानमा छरिएर रहेका मानव वस्तीहरुमा सबै पूर्वाधार विकासका कार्यहरु अगाडी बढाउन नेपालको भू-बनोट अनुरुप सम्भव नहुने भएकोले नेपाल सरकारले घोषणा गरेको एकीकृत वस्ती विकासको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ चालु आ.व. को बजेट वक्तव्य (LMBIS) मा शहरी विकास मन्त्रालय अन्तर्गत उल्लेख भएका विभिन्न शीर्षकहरु मध्ये ५०% भन्दा बढी शीर्षकका कार्यक्रमहरुको वार्षिक कार्यक्रममा स्रोतको सुनिश्चितता नभएकोमा समितिको ध्यानाकर्षण भएको छ ।यस सम्बन्धमा आर्थिक स्रोतको सुनिश्चितताको आधारमा मात्र वार्षिक कार्ययोजना बजेट वक्तव्यमा उल्लेख गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।

५ शहरी विकास मन्त्रालय अन्तर्गत विभिन्न जिल्लामा सञ्चालन भएका अधुरा आयोजनाहरुका लागि स्रोतको सुनिश्चितता गरी सम्पन्न गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको बैठक अर्को सूचना नभए सम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२३

मितिः २०७८/०४/२७

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीहरुसँग मन्त्रालयको कार्यप्रगति र आगामी कार्ययोजनाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ सबै स्थानीय तहका वडा कार्यालय, सामुदायिक विद्यालय र स्वस्थ्य केन्द्रहरुमा सूचना प्रविधि पूर्वाधारको पहूँच सुनिश्चित गर्न ब्रोडव्याण्ड इन्टरनेट सेवा पुऱ्याउने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन तथा स्थानीय तहको समन्वयमा प्रत्येक स्थानीय तहमा सूचना प्रविधि केन्द्र स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

२ मुलुकमा सुशासन, समृद्धि र विकासका लागि डिजिटल पूर्वाधार तथा प्रविधिको विकास एवं विस्तार गर्न अन्तरमन्त्रालयगत समन्वय गरी डिजिटल नेपाल फ्रेमवर्क, २०७६ को स्पष्ट कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयनका लागि समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

३ कोरोना भाइरस (कोभिड-१९) का कारण मुलुक आक्रान्त अवस्थाबाट गुज्रिदै गर्दा कोरोनाको दोस्रो लहर तथा तेस्रो लहरको भयावह स्थिति सृजना भइरहेको परिप्रेक्ष्यमा सरकारका विभिन्न अंगहरुबाट सञ्चालन हुने बैठक, गोष्ठी, सेमिनार लगायत सार्वजनिक निकायका कामहरु समेत भौतिक रुपमा सञ्चालत गर्न कठिनाई भएकोले परिवर्तित सन्दर्भमा भर्चुअल बैठक सञ्चालनका लागि नीतिगत व्यवस्था गर्न भइरहेका कानुनमा संशोधन वा नयाँ कानुन निर्माणका लागि सो सम्बन्धी विधेयक तत्काल सदनमा पेश गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४ सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई बढी विश्वसनिय, सुरक्षित र पहूँचयोग्य बनाउन सूचना प्रविधिको क्षेत्रमा तीव्रतर विकास र विस्तारका सन्दर्भमा विद्यमान ऐन/नियमलाई परिस्कृत गरी वर्तमान आवश्यकता अनुरुप परिमार्जन गर्न एवम् परिवर्तित सन्दर्भमा सम्पूर्ण सरकारी कार्यालयहरुलाई डिजिटलाइज गर्ने प्रक्रिया तत्काल अघि बढाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

५ प्रविधिको उच्चतम उपयोगको माध्यमको रुपमा रहेको मोबाइलबाट हुने गरेको फ्रडलाई नियन्त्रण गर्न मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम (MDMS) स्थापना गरी मोबाइलबाट हुने गरेको अवैध कार्य रोक्ने प्रक्रिया प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

६ हुलाक कार्यालयहरुलाई व्यवस्थित, प्रभावकारी र आधुनिकिकरण गरी यसका सेवाहरुलाई व्यवसायिक र प्रविधिमैत्री बनाउन तत्काल आवश्यक नीतिगत तथा कानुनी व्यवस्था मिलाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

७ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२४

मितिः २०७८/०४/३१

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, शहरी विकास मन्त्रालयका सचिवले सिंहदरवारमा निर्माणाधीन संघीय संसद भवन, वालुवाटार स्थित प्रधानमन्त्री आवास, ललितपुर भैसेपाटीमा निर्माण भइरहेको संघीय मन्त्री निवास एवम् प्रदेश प्रमुख तथा मुख्यमन्त्री सम्पर्क कार्यालय र आवास भवनको निर्माण सम्बन्धमा हालसम्म भएको प्रगति विवरण प्रस्तुत गर्नु भई तत् पश्चात समितिबाट निर्माणाधीन संघीय संसद भवनको स्थलगत अवलोकन भ्रमण गरी देहाय बमोजिमको निर्णय भयो ।

१ कोभिड १९ को उच्च जोखिमको अवस्थामा पनि माथि उल्लेखित भवनहरुको निर्माण कार्यमा निरन्तर रुपमा काम गरिरहेका सम्पूर्ण मजदुरहरुलाई तत्काल कोभिड विरुद्धको खोप लगाउने व्यवस्था मिलाउन समिति नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्दछ ।

२ निर्माणाधीन संघीय संसद भवनलाई निर्धारित समयमा सम्पन्न गर्न आवश्यक पर्ने बजेट तत्काल उपलब्ध गराउन समिति नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।

३ निर्माणाधीन अवस्थामा रहेको संघीय संसद भवन निर्माणका लागि उपलब्ध गराईएको जग्गा सुनिश्चित गरी कार्यान्वयन गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ ।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२५

मितिः २०७८/०६/१०

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, यातायात व्यवस्था विभागका महानिर्देशक लगायत सम्बद्ध पदाधिकारीहरुसँग चालु आर्थिक वर्षमा सञ्चालन हुने आयोजनाहरु तथा चाडपर्वको समयमा यात्रुहरुलाई सार्वजनिक यातायात सेवा सहज बनाउने सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नजिकिदै गरेको नेपालीहरुको महान चाड विजया दशमी, दिपावली र छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा उत्तरोत्तर प्रगति, दिर्घायू र सु-स्वस्थ्यको कामना गर्दै समिति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

२ नेपालीहरुको महान् चाडपर्व नजिकिँदै गर्दा हालैको बाढी पहिरोबाट क्षतिग्रस्त भएका राजमार्गहरु सहजरुपमा सुचारु हुने गरी व्यवस्थापन गर्न, कोभिडको संक्रमणलाई समेत मध्यनजर गरी सवारी साधनको सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्न र स्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गर्न गराउन तथा लामो दूरीमा चल्ने सवारी साधनहरुको भाडादर यात्रुहरुले सहजरुपमा थाहा पाउने गरी सवारी साधनमा टाँस्ने व्यवस्था हुन, भौतिक रुपमा लामवद्द भएर टिकट लिने प्रक्रियालाई निरुत्साहित गर्दै अनलाइन टिकट वितरण प्रणालीलाई प्रभावकारी बनाई अनलाईनबाट टिकट खरिद गर्दा भाडादरमा केही प्रतिशत छुटको समेत व्यवस्था गरी यात्रुहरुलाई अनलाइन प्रणाली मार्फत टिकट खरिद गर्न प्रोत्साहन गर्न, दशैको लागि ७ दिन देशभरीका सबै यात्रुबाहक सवारी साधनलाई रुट अनुमती खुल्ला गर्न र यो सबै विषयको प्रभावकारी अनुगमन गर्न गराउन समिति नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै समितिको मिति २०७५/०६/१० गतेको निर्देशन अहिले पनि उपयुक्त देखिएको हुँदा पुनः कार्यान्वयन गर्न गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महानगरीय ट्राफिक प्रहरी महाशाखालाई निर्देश गर्दछ ।

३ रु ५० करोड भन्दा बढी लागत भएका आयोजनाहरुलाई मात्र बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी बनाइएको मापदण्डले पूर्वाधार विकासका आवश्यक रहेका धेरै आयोजनाहरु कार्यान्वयन गर्न अव्यवहारिक हुने भएकोले यो मापदण्डमा तत्काल पुनरावलोकन गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ मन्त्रालय र मन्त्रालय मातहतका विभिन्न निकायका निर्माणाधीन अवस्थामा रहेका पूर्वाधार सडकहरु, निर्वाचन क्षेत्रका रणनीतिक सडक तथा पुलहरु एवं स्थानीय सडक लगायतका पूर्वाधार विकासका कामहरुका लागि आवश्यक स्रोतको सुनिश्चित गरी सम्पन्न गर्न साथै तीन वर्षमा सम्पन्न हुने भनिएको जनकपुर-भिट्टामोड सडक हालसम्म पनि सम्पन्न नभएकोले उक्त सडक तोकिएको समय भित्र गुणस्तरयुक्त रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## बैठक संख्या : १२६

मितिः २०७८/०६/१८

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल सरकार अर्थ मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, शहरी विकास मन्त्रालयका सचिव र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख लगायत सम्बद्ध पदाधिकारीहरुको उपस्थितिमा पुनर्निर्माण कार्यको हस्तान्तरण, निर्माण सम्पन्न हुन बाँकी कार्यको सुनिश्चितता र आगामी कार्ययोजनाको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ भूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुननिर्माण गर्ने जिम्मेवारी पाएको राष्ट्रिय पुननिर्माण प्राधिकरणले निर्माण गरी त्यसको जिम्मेवारी नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा हालै हस्तान्तरण भएको सन्दर्भमा ती संरचनाहरुको दिगो संरक्षण, उपयोग, मर्मत सम्भार एवं त्यसको समुचित व्यवस्थापन गर्न र हस्तान्तरण भई पुननिर्माण सम्पन्न भई नसकेका संरचनाहरुको निर्माणको लागि स्रोतको सुनिश्चितता सहित निर्धारित समयमा सम्पन्न गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने गरी स्पष्ट कार्ययोजना १५ (पन्ध्र) दिनभित्र तयार पारी कार्यान्वयन गर्न र उक्त कार्ययोजना समितिलाई समेत उपलब्ध गराउन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बद्ध जिम्मेवार निकायहरुलाई निर्देश गर्दछ ।

२ राष्ट्रिय पुननिर्माण प्राधिकरणको समयावधि समाप्त हुन गइरहेको सन्दर्भमा प्राधिकरण र प्राधिकरण मातहत रही भूकम्प प्रभावित विभिन्न जिल्लामा खटिइ पुननिर्माणको कार्यलाई सफल बनाउन योगदान पुऱ्याउने जनशक्तिलाई प्रभावकारी रुपमा व्यवस्थापन गरी परिचालन गराउने व्यवस्था मिलाउन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बद्ध जिम्मेवार निकायहरुलाई निर्देश गर्दछ ।

३ भूकम्पबाट प्रभावित जिल्लाहरुमा पुननिर्माणको कार्यमा प्रयोग भएको भूकम्प प्रतिरोधी प्रविधि नेपालको सबै जिल्लाहरुमा प्रयोग गरी निजी आवास लगायत पूर्वाधार निर्माणका कार्यहरुलाई दिगो र सुरक्षित बनाउने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२७

मितिः २०७८/०७/०७

### छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्बद्ध पदाधिकारीहरुसँग हालैको बाढी पहिरोको कारण देशका विभिन्न स्थानका सडक तथा पुलहरुमा पुगेको क्षतिका साथै पुष्पलाल (मध्य पहाडी) राजमार्गको हालसम्मको कार्यप्रगति र यसको सडक सीमा निर्धारण (Right of way) सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नवनियक्त नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री मा. रेनुकुमारी यादवलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको मुलुक हो । नेपालमा हरेक वर्ष आउने बाढी पहिरोबाट हुने क्षतिलाई न्यूनीकरण गर्न दूरगामी महत्वको दीर्घकालीन कार्यक्रम र कार्ययोजना बनाएर त्यसको कार्यान्वयन गर्नु अहिलेको मुख्य आवश्यकता हो । हालैको वेमौसमी वर्षाका कारण आएको बाढी पहिरोमा परी ज्यान गुमाउनेहरु प्रति समिति हार्दिक श्रद्धान्जली तथा मृतकका परिवारहरुप्रति समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वस्थ्य लाभको कामना गर्दछ । बाढी प्रभावित क्षेत्रमा तत्काल राहत उद्दार तथा खोजका कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी घाइतेहरुको उपचार र बाढी प्रभावितहरुलाई उचित राहत उपलब्ध गराउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालाय र गृह मन्त्रालयलाई निर्देश गर्दछ ।

३ हालैको वर्षाका कारण अवरुद्ध भएका सडक तथा पुलहरु तत्काल सञ्चालनमा ल्याउन एवं मनाङ, बझाङ, बाजुरा लगायतका जिल्लामा पुग्ने सडकहरु पूर्ण रुपमा अवरुद्ध भएकोले अस्थायी रुपमा तत्काल यातायात सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना आ.व. २०६४/६५ मा प्रारम्भ भई आ.व. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा अहिले २०७८ सालसम्म आइपुग्दा १४ वर्षको अवधीमा जम्मा ५८ प्रतिशत मात्र भौतिक प्रगति सम्पन्न भएको अवस्था छ । आयोजनाले हालै आ.व. २०७९/८० सम्ममा काम सम्पन्न गर्ने लक्ष्य राखिरहँदा अबको २ वर्षमा ठेक्का लाग्न बाँकी खण्डको ठेक्का प्रक्रिया पूरा गरेर तोकिएको समयमा राजमार्ग निर्माण गर्न सकिने विश्वसनिय तथ्य र आधार स्पष्ट गरी आयोजनाको काम अगाडी बढाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको २०७६/०२/१७ गते बसेको ३७औं बैठकले, "पुष्पलाल (मध्य पहाडी) राजमार्गको मार्गाधिकार (Right of way) निर्धारण गरी जमिनको लगतकट्टा गर्ने व्यवस्था चालु आ.व. २०७५/०७६ भित्रै मिलाउन एवं हिमाल, पहाड र तराई/मधेशको वातावरण/मौसमलाई मध्यनजर गरी ठेक्का अवधि, संरचनाको डिजाइन, उपयोग हुने निर्माण सामाग्री, सडकको मापदण्ड र मार्गाधिकार (Right of way) तोक्न ।" भनि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दिएको निर्देशन प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति गम्भीरता पूर्वक पुनः निर्देश गर्दछ ।

६ मुलुकको विकास निर्माणसँग सम्बन्धित पूर्वाधार निर्माणका कार्यहरुलाई चुस्त दुरुस्त रुपमा अगाडी बढाउन विद्यमान कानूनमा रहेका व्यवस्था र प्रावधानहरुले प्रशस्त मात्रामा अवरोध सिर्जना गरिरहेका छन् । विकास निर्माणसँग सम्बन्धित यस्ता कार्यहरु विकासमैत्री ढङ्गले निर्धारित समयमा सम्पन्न गर्ने वातावरण सुनिश्चित गर्नका लागि विद्यमान कानूनका त्यस्ता प्रावधानहरुमा संशोधन गर्ने कार्य तत्काल अगाडी बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

७ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग पश्चिम खण्डको स्थलगत अनुगमन प्रतिवेदन, २०७७ समितिमा छलफल भई पारित गरियो ।

८ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२८

मितिः २०७८/०९/०१

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, शहरी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्बद्ध पदाधिकारीहरुसँग मन्त्रालयबाट सम्पादन भईरहेका कार्यहरुको वर्तमान अवस्थाको सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नवनियक्त नेपाल सरकारका शहरी विकास मन्त्री मा. रामकुमारी झाक्रीलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ नेपाल सरकारका सरकारी भवन तथा कार्यालयहरु शहरी विकास मन्त्रालयबाट निर्माण हुने गरी नीतिगत निर्णय भएकोमा हाल सम्वद्ध संघीय सरकारका सरकारी निकायहरुले बजेट निकासा गरी आफ्ना भवनहरु निर्माण गर्दा त्यसले वातावरणीय लगायत विविध क्षेत्रमा नकारात्मक असर परेको र मापदण्ड बमोजिम निर्माण नभएको देखिएकोले आगामी दिनमा यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालयबाटै मापदण्ड र गुणस्तरयुक्त रुपमा सरकारी भवनहरु निर्माण गर्ने जिम्मेवारी पूर्ण रुपमा कार्यान्वयन गर्ने व्यवस्था हुन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३ परिवर्तित राजनीतिक परिवेशमा नागरिकको विकासप्रतिको तीव्र चाहना सम्बोधन गर्न विभिन्न शीर्षकहरुमा छरिएर रहेका, बजेट अभावका कारणले अलपत्र परेका आयोजनाहरुको तत्काल पहिचान गरी व्यवस्थित शहरीकरणको अवधारणा अनुरुप नागरिकले अनुभुत गर्ने किसिमको विकासका आयोजनाहरु अगाडी बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ शहरी विकास मन्त्रालयले नयाँ शहर, मेघा सिटी, स्मार्ट सिटी, मेट्रो सिटी, व्युटी सिटी, एकीकृत नमुना वस्ती लगायतका सम्बन्धमा अगाडी बढाएको कार्ययोजनाका बारेमा विस्तृत छलफल गर्नका लागि शहरी विकास मन्त्रालयको तर्फबाट समितिका सम्पूर्ण माननीय सदस्यहरु, विषय विज्ञहरु र समितिका कर्मचारीहरुको सहभागिता रहने गरी निकट भविष्यमा आवासीय कार्यशाला गोष्ठीको आयोजना गर्ने ।

५ नागरिक सुरक्षित आवास कार्यक्रम अन्तर्गत जिल्लाका विपन्न नागरिकहरुलाई मापदण्ड निर्धारण गरी फुसको छाना फेरे बापत भुक्तानी हुनुपर्ने रकम सम्वद्ध सेवाग्राहीहरुले हालसम्म भुक्तानी नपाएको गुनासो आइरहेकोले त्यसको तत्काल आवश्यक सम्बोधन गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १२९

मितिः २०७८/०९/१६

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, सचिव, रक्षा मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, कर्णाली करिडोर

(खुलालु-लैफु-सलिसल्ला) तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडकखण्डको नेपाली सेनाका आयोजना प्रमुख तथा सम्वद्ध पदाधिकारीहरुसँग उल्लेखित सडकखण्डको वर्तमान अवस्थाको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ दार्चुला-टिंकर सडक खण्डको सडक रेखाङ्कन महाकाली नदीको किनारमा भएकोले अधिकांश स्थानहरुमा ब्लाष्टिङ्ग गर्दा ढुङ्गाका टुक्राहरु सिमापारी जाने भएकोले समय-समयमा भारतीय पक्षबाट अवरोध हुने भएको हुँदा ट्रयाक निर्माणको कार्य प्रभावित हुने देखिएकोले भारतीय पक्षसँग समन्वय गरी निर्वाध रुपमा काम गर्ने वातावरण तयार गरिदिन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ नेपाली सेनाबाट निर्माणाधीन सडकहरु भौगोलिक रुपमा विकट तथा कडा चट्टानी भीरहरुमा जोखिमपूर्ण हुने भएकोले यही आ.व. देखि लागू हुने गरी निर्माण कार्यमा संलग्न हुने सकल दर्जाहरुलाई प्रोत्साहन स्वरुप जोखिम भत्ताको व्यवस्था गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ कर्णाली करिडोर तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडक खण्डमा आवश्यक बजेट विनियोजन गरी निर्वाध रुपमा विकास निर्माणका कार्यहरु सुचारु गर्ने आवश्यक व्यवस्था मिलाउन एवं विकास निर्माणका कार्यमा खटिने जनशक्तिको अभाव देखिएकोले आवश्यक प्राविधिक जनशक्तिहरुको तत्काल पदपूर्ति गर्ने व्यवस्था समेत मिलाउन समिति अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।

४ समितिबाट स्थलगत अध्ययन अवलोकन भ्रमण भई तयार पारिएको कर्णाली करिडोर (खुलालु-लैफु-सलिसल्ला) तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडक खण्ड स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ माथि छलफल भई आवश्यक परिमार्जनका साथ पारित गरी निर्दिष्ट गरिएका विषयहरु कार्यान्वयनका लागि उक्त प्रतिवेदन नेपाल सरकार रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय र विकास निर्माण निर्देशनालय, नेपाली सेनालाई पठाउने निर्णय गरियो ।

५ समितिको अर्को बैठक २०७८ साल पुस १९ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

## बैठक संख्या : १३०

मितिः २०७८/०९/१९

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्बद्ध पदाधिकारीहरु,नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष तथा सम्बद्ध पदाधिकारीहरु र नेपाल टेलिकमका प्रबन्ध निर्देशक तथा सम्बद्ध पदाधिकारीहरु सँग नेपाल टेलिकमको सेवा प्रभावकारिताका सम्बन्धमा विस्तृत छलफल भई देहायबमोजिमको निर्णय भयो ।

१. सूचना प्रविधिको क्षेत्रमा मुलुकले तीव्रतर रुपमा फड्को मारिरहँदा हालै कोभिड-१९ ले पारेको प्रभावका कारण मुलुक प्रविधिमा आधारित बनेको छ । सूचना तथा प्रविधि आम नागरिकको अभिन्न अंग बनिरहँदा राज्यको सेवा प्रदायकको रुपमा रहेको नेपाल टेलिकमको सेवा प्रभावकारी हुन सकेको छैन । कोभिड-१९ का कारण हाल धेरैजसो निजी कम्पनीले घरैबाट इन्टरनेट मार्फत सेवा सञ्चालन गरेका छन् । स्कुल, कलेज, बैंक तथा वित्तीय संस्था लगायत विभिन्न सञ्चारका माध्यमहरु पनि इन्टरनेटमा नै आधारित भएर सेवा प्रवाह गरिरहेका छन् । यति हुँदा हुँदै पनि नेपाल टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी नभएको गुनासो आम नागरिकबाट उठिरहेको सम्बन्धमा टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी, गुणस्तरीय र आम नागरिकले अपेक्षा गरे अनुरुप बनाउन टेलिकमको आगामी कार्ययोजना स्पष्ट रुपमा ३० दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकमलाई पुनः निर्देश गर्दछ ।

२. नेपाल टेलिकमले अघिल्लो आर्थिक वर्षमै सबै स्थानीय तहमा 4G सेवा विस्तार गरिसक्ने कार्ययोजना समितिमा पेश गरिसकेको सन्दर्भमा विस्तार हुन बाँकी रहेका ४३ वटा स्थानीय तहमा 4G सेवा विस्तार गर्ने कार्ययोजना एवं लक्ष्य अनुसार बाँकी रहेका नेपाल टेलिकमका २२८ वटा टावर निर्माण कहिलेसम्म सम्पन्न गरिने हो सो को कार्ययोजना समेत बनाई १५ (पन्ध्र) दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ।

३. नेपाल टेलिकमले सेवा विस्तार गरिरहेको सन्दर्भमा ग्राहकहरुको संख्या उल्लेख्य वृद्धि भइरहेको जनाएता पनि टेलिकमले प्रदान गर्नुपर्ने गुणस्तर मात्र होइन पूर्वाधार निर्माणको कार्य समेत अपेक्षित रुपमा अगाडि बढाउन नसकेको पाइएको हुँदा टेलिकमलाई आवश्यक पर्ने जनशक्ति तत्काल पदपूर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ।

४. कुनैपनि निकाय वा संस्थालाई निरुत्साहन तथा प्रोत्साहन पुग्ने गरी नभइ संस्थाको हितमा हुनेगरी कार्यविधि तथा नियमावलीमा संशोधन गर्ने प्रक्रिया अगाडि बढाउँदा ध्यान पुऱ्याउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

५. सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा निजी क्षेत्रले गुणस्तर तथा पूर्वाधार सहित द्रुततर रुपमा फड्को मारिरहेको सन्दर्भमा नेपाल टेलिकम लगायत मन्त्रालय अन्तर्गतका सबै निकायहरुले परिवर्तित सन्दर्भमा सो अनुकुल सेवा प्रवाह गर्न नसकेको परिप्रेक्ष्यमा टेलिकम लगायत आम सञ्चारका माध्यमहरुलाई प्रभावकारी बनाउन पूर्वाधारका अन्य संरचनाहरु थप गरी भइरहेका ऐन नियममा समयानुकुल संशोधन गरी मन्त्रालय अन्तरगतका निकायले दिने सेवाको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

६. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १३१

मितिः २०७८/०९/२९

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा भौतिक पूर्वाधार विकासका सम्बन्धमा निर्माण व्यवसायमा आवद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफलका क्रममा खास गरी निर्माण सामाग्रीको उपलब्धता, गुणस्तर र सार्वजनिक खरिद ऐन तथा नियमावलीमा समय सापेक्ष संशोधन हुनु पर्ने विषयको उठान भएकोले सम्बन्धित मन्त्रालयको सहभागितामा पुनः बैठक बसी छलफल गर्ने निर्णय भयो ।

निर्माण व्यवसायीहरुसँगको छलफलका क्रममा मुख्य रुपमा अन्तर मन्त्रालयगत समन्वयको अभाव, आयोजना बैङ्कहरुबाट प्राथमिकता साथ आयोजना अगाडि नबढेको, दबाब तथा प्रभावका आधारमा आयोजनाहरुको छनौट हुने गरेको, कामको समानुपातिक वितरण नगरिएको, २० प्रतिशतसम्म प्रदान गरिदै आएको मोविलाईजेसन घटाइएको, टेन्डर प्रक्रियामा निश्चित समय तोकिएको तर फाइल स्वीकृत हुन समय लाग्ने गरेको, आयोजनाका सम्बन्धमा परेका उजुरीहरुको फाइल समयमा अगाडि नबडेको, मिलेमतोमा कार्टेलिङ गरी ठेक्का प्राप्त गर्ने, समयमा भुक्तानीको समस्या, म्याद थपको समस्या, धरौटी र भ्याट फिर्ता, विमा अनिवार्य गराइएको तर सो अनुरुपको क्षतिपूर्ति नपाइएको, समयमा आयोजना सम्पन्न नहुने एवम् निर्माणको कार्यमा न्यून गुणस्तर भएको भनी उजुरी परि काम अलपत्र पर्ने लगायतका भौतिक पूर्वाधार विकासमा देखिएका समस्या तथा सुझावहरु प्राप्त भयो ।

१. मुलुकमा भईरहेको शहरीकरणलाई व्यवस्थित गर्न एवं शहरी क्षेत्रको भौतिक विकास मार्फत मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन, **"दिगो पूर्वाधार विकासका लागि युटिलिटि करिडोरको अपरिहार्यता"** विषयक अन्तर्क्रिया कार्यक्रम समितिका माननीय सदस्यहरु एवं सचिवालयका कर्मचारीहरु तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न मन्त्रालयका पदाधिकारीहरु एवं सम्बन्धित क्षेत्रका विज्ञहरुको समेत सहभागिता रहने गरी उपयुक्त समयमा गर्ने निर्णय भयो ।
२. समितिको अर्को बैठक २०७८ साल पुस ३० गते शुक्रबार बिहान ११:०० बजे खानेपानी मन्त्रालयसँग बस्ने गरी स्थगित भयो ।

## बैठक संख्या : १३२

मितिः २०७८/०९/३०

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, खानेपानी मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्बद्ध पदाधिकारीहरुसँग मन्त्रालयको हालसम्मको कार्यप्रगति र आगामी कार्ययोजनाको सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नवनियुक्त नेपाल सरकारका खानेपानी मन्त्री मा. उमाकान्त चौधरीलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ हालै मेलम्ची खानेपानी आयोजनाले अस्थायी रुपमा मेलम्चीको पानी काठमाडौ उपत्यकामा पथान्तरण गर्ने गरी बनाएको कार्ययोजना यथाशीघ्र स्वीकृत गरी कार्यान्वयनमा लैजान समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ ।

३ नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गतका जिम्मेवार निकायहरुबाट काठमाडौ उपत्यका लगायतका विभिन्न स्थानहरुमा खानेपानी सेवा विस्तारका लागि भइरहेका कार्यहरुमा अन्य निकायहरुबाट आवश्यक

समन्वय नगरी क्षति पुऱ्याउने कार्य भइरहेकोले यसरी तेस्रो पक्षबाट खानेपानी आयोजनाको काममा पुऱ्याइएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउने नीतिगत व्यवस्था मिलाउन एवं यस्तो समस्या दोहोरिन नदिनका लागि utility corridor विधेयकको मस्यौदा यथाशिघ्र संसदमा पेश गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

४ नेपालमा गरिएका विभिन्न अध्ययनहरुले केही दशकयता देखि पानीका मुहानहरु सुक्दै गइरहेको देखाएको छ ।यसरी पानीका मुहानहरु सुक्दै जाँदा पानी उपभोगमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुग्ने मात्र नभई जैविक विविधता र पर्यावरणमा समेत नकारात्मक असर पुग्ने हुँदा अहिले भइरहेको र भविष्यमा झनै बढ्ने तापमान वृद्धि र वर्षातको फेरबदलले प्रत्यक्ष असर पार्ने पानीको मुहान सुक्नुको रहस्य पत्ता लगाई अहिले देखि नै मुहानको संरक्षणको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ

५ हालैको बाढीले क्षतिग्रस्त भएको मेलम्ची खानेपानी आयोजना भौगर्भिक दृष्टिकोणले जोखिमपूर्ण रहेको अवस्थामा काठमाडौ उपत्यकामा पानीको माग धान्न नसक्ने सम्भावना देखिएकोले वैकल्पिक आयोजनाको रुपमा प्रस्तावित गरिएको सिस्नेरी खानेपानी आयोजनालाई कार्ययोजना बनाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

६ निर्माणाधीन खानेपानी आयोजनाहरुमा २०% जनश्रमदान गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुन नसकेकोले धेरै आयोजनाहरु अलपत्र परेका छन् । तसर्थ यो विषयमा ध्यान पुऱ्याई कार्यान्वयन हुन सक्ने वैकल्पिक नीतिगत व्यवस्था मिलाई अलपत्र आयोजनाहरुलाई सम्पन्न गर्न समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

७ मेलम्ची खानेपानी आयोजनाको वर्तमान अवस्था र आयोजनामा उत्पन्न भएका समस्याहरुको दीर्घकालीन समाधानको उपायको सम्बन्धमा समितिका माननीय सदस्यहरु एवं सचिवालयका कर्मचारीहरु तथा खानेपानी मन्त्रालयका पदाधिकारीहरु एवं सम्बन्धित क्षेत्र-का विज्ञहरुको समेत सहभागिता रहने गरी उपयुक्त समयमा अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय भयो ।

८ समितिले उपयुक्त समयमा मेलम्ची खानेपानी आयोजनाको वर्तमान अवस्थाको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय भयो ।

९ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १३३

मिति: २०७८/१०/२८

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्बद्ध पदाधिकारीहरुसँग नारायणघाट-बुटवल सडक खण्ड र मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा खण्ड) को वर्तमान अवस्था तथा नारायणघाट-बुटवल सडक खण्ड र मदन भण्डारी लोकमार्ग

(हेटौंडा-चतरा खण्ड) को स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ को मस्यौदा समितिमा पेश गर्ने सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नारायणघाट-बुटवल सडकखण्डका दुवै प्याकेजमा स्वीकृत डि.पि.आर. मा उल्लेख भए भन्दा क्रमश ५७६% र ४४०% बढी रुखहरु काट्नु परेकोले आयोजनाको काममा ढिलाई भएको भन्ने तथ्य पेश भएको सन्दर्भमा आयोजनाको काम नै प्रभावित हुने गरी गलत आँकडा पेश गर्ने र उक्त कार्यलाई स्वीकृत गर्ने जिम्मेवार पदाधिकारीमाथि १५ (पन्ध्र) दिन भित्र छानवीन गरी त्यसको प्रतिवेदन समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ छिमेकी राष्ट्रबाट नेपाल प्रवेश गर्ने ठूला मालबाहक सवारी साधनहरुले सवारी साधनको निर्धारित मापदण्ड र सडकको भारबहन क्षमता भन्दा बढी मालवस्तुहरु लोड भए नभएको सम्बन्धमा भन्सार नाका प्रवेश गर्दाकै अवस्थामा अनिवार्य रुपमा परीक्षण गर्ने गरी नीतिगत व्यवस्था मिलाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गरिन्छ । साथै यस्तो नीतिगत व्यवस्थाका लागि आवश्यक समन्वयको पहल गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गरिन्छ ।

३ देशको दूरगामी महत्व राख्ने राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय स्तरका आयोजनाहरु निर्धारित समयमा सम्पन्न गर्न आयोजनाको काममा समयमा भुक्तानी नहुने समस्या देखिएको कारण आयोजनाको काम नै प्रभावित भई रहेको देखिएकोले यस्ता आयोजनाहरुमा भुक्तानीमा ढिलाई हुने समस्या अन्त्य हुने गरी बजेट व्यवस्थापन गर्न र निर्माण सामाग्री सहज रुपमा उपलब्ध हुने आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

४ समितिबाट स्थलगत अध्ययन अवलोकन भ्रमण भई तयार पारिएको नारायणघाट-बुटवल सडकखण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ र मदनभण्डारी लोकमार्ग (हेटौंडा-चतरा खण्ड) को स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ माथि छलफल भई आवश्यक परिमार्जनका साथ पारित गरी निर्दिष्ट गरिएका विषयहरु कार्यान्वयनका लागि उक्त प्रतिवेदनहरु नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यलाय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण लगायत सम्वद्ध मन्त्रालय तथा निकायहरुलाई पठाउने निर्णय भयो ।

५ नुवाकोट जिल्ला अन्तरगतको बालाजु-रानीपौवा सडक खण्ड र रानीपौवा-पिपलटार सडक खण्ड स्तरोन्नतिको कार्य गर्दा साविकमा भएको पिच तथा ड्रेनहरु भत्काई डोजर लगाई क्षत विक्षत बनाई हालसम्म सम्पन्न नभएको विषयलाई उल्लेख गरी सो क्षेत्रका स्थानीय वासिन्दाले समितिलाई दिएको निवेदनको सन्दर्भमा उक्त सडकको कार्य निर्धारित गुणस्तर र समयमा सम्पन्न गर्न नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## बैठक संख्या : १३४

मितिः २०७८/११/११

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, रक्षा मन्त्रालयका सचिव, वन तथा वातावरण मन्त्रालयका सचिव, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) सडक आयोजनाका प्रमुख र सम्वद्ध पदाधिकारीहरुसँग काठमाडौं-तराई/मधेश द्रुतमार्ग(Express way)सडक आयोजनाको हालसम्मको कार्यप्रगति र समस्याका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजनाको प्याकेज नं ४ र ५ को ठेक्का प्रक्रिया पूर्व तयारीको कार्य सम्पन्न नगरी सुरु गरेको र कानुन सम्मत नभएको भनी प्रश्न उठेकोले यसको यथार्थ विवरण ७ (सात) दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ ।
२. काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजनाको समितिका माननीय सदस्य, आमन्त्रित माननीय सदस्य, विषयविज्ञ एवं सचिवालयका कर्मचारीहरु सहितको संसदीय टोलीले २०७८ फागुन २६ र २७ गते स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने ।
३. समितिबाट गठित काठमाडौ-तराई/मधेश द्रुत मार्ग आयोजना अध्ययन उपसमितिलाई दिइएको कार्यक्षेत्रसँग सम्बद्ध विषयहरुमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न २०७८ असोज १३ गतेसम्म म्याद थप भएकोमा कोभिड-१९ को संक्रमण दर उच्च भइ उपसमितिलाई काम गर्न वाधा पुग्न गएकोले आजकै मितिदेखि २ महिनाका लागि उपसमितिको म्याद थप गर्ने निर्णय भयो ।
४. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगीत भयो ।

## संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
## बैठक संख्या : १३५

मितिः २०७८/११/२६

### छलफल एवं निर्णय

समितिको आज बसेको बैठकमा देहाय बमोजिमको निर्णय भयो ।

१. समितिको वार्षिक प्रतिवेदन, २०७८ को मस्यौदा छलफलको लागि पेश भयो ।
२. समितिको अर्को बैठक २०७८ साल फागुन २७ गते शुक्रबार बिहान ११:०० बजे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग बस्ने गरी स्थगित भयो ।

## संघीय संसद
## प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति
## बैठक संख्या : १३६

मितिः २०७८/११/२७

**निर्णय :**

समितिको आज बसेको बैठक प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (२) बमोजिम माननीय सदस्यहरुको गणपुरक संख्या पर्याप्त हुन नसकेकोले अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
## बैठक संख्या : १३७

मितिः २०७८/१२/१३

**छलफल एवं निर्णय :**

१. आज बसेको समितिको बैठकमा समितिको वार्षिक प्रतिवेदन,२०७८ माथि छलफल भई माननीय सदस्यहरुले दिनुभएको राय सुझावहरुलाई समावेश गरी प्रतिनिधि सभाको आगामी बैठकमा प्रस्तुत प्रतिवेदन पेश गर्ने निर्णय भयो ।

२. समितिबाट स्थलगत अनुगमनका क्रममा काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजना निर्माणको चरणमा बनिसकेका कतिपय संरचनाहरु चर्किएको, भत्किएको, Drain Pipe हरु फुटेको, गुणस्तरहीन निर्माण सामग्रीको प्रयोग भएको र प्रारम्भिक चरणमा नै बनेका संरचनाहरु मर्मत समेत भएको पाइएको हुँदा सोही धरातलमा द्रुतमार्ग निर्माणको काम अगाडि बढाउँदा तोकिएको मापदण्ड अनुरुप द्रुतमार्ग निर्माण हुनेमा प्राविधिक विज्ञहरुले समेत शंका व्यक्त गरिरहेको सन्दर्भमा उक्त कार्यको छानविन गरी यथार्थ विवरण पत्ता लगाई दोषिलाई कारवाही गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालयलाई निर्देश गर्दछ ।

३. द्रुतमार्ग (Express way) आयोजनाको प्याकेज २ को ठेक्का व्यवस्थापनका सम्बन्धमा नियमानुसार काम नभएको भनी मिति २०७७।१२।१९ गते बसेको सार्वजनिक लेखा समितिको बैठकले निर्दिष्ट कानुन अनुसार खरिद प्रक्रिया सञ्चालन नभएकोले खरिद प्रक्रिया रद्द गरी पुनः नियमानुसार खरिद प्रक्रिया अघि बढाउन नेपाल सरकारलाई निर्देश गरेको थियो । सो सम्बन्धमा उक्त निर्देशन उपर पुनर्विचारका लागि अनुरोध भइ आएको भनि मिति २०७८।११।२० गते बसेको सोही समितिको बैठकले भविष्यमा यस प्रकारको अवस्था आउन नदिने गरी खरिद प्रक्रिया सञ्चालन गर्न, तत्कालिन सम्बद्ध

पदाधिकारीलाई सचेत गराउन समेत निर्देश गरी सकेको अवस्थामा फेरी प्याकेज नं. ४ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge And Alliied Works from Ch: 57+400 to Ch:.65+160) र प्याकेज नं. ५ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge,Toll Plazz, Intercharge and Allied Works Ch:65+160 to Ch:.72+529) को ठेक्का व्यवस्थापनका सम्बन्धमा निर्दिष्ट कानुन अनुसार सम्झौता नगरी कानुनको गम्भीर उल्लंघन गरेको गरेको पाइएको छ ।

समितिले आयोजनासँग विभिन्न मितिमा बैठक बसी आयोजनाबाट सम्पादन हुने सम्पूर्ण कार्यहरु पारदर्शी र विश्वसनीय रुपमा अगाडि बढाउन पटक पटक निर्देश गरेता पनि आयोजनाबाट हुने ठेक्का व्यवस्थापनका कार्यहरु कानुन विपरित हुने गरेको पाइएकोमा समितिको गम्भिर ध्यानाकर्षण भएको हुँदा ठेक्का व्यवस्थापनका कार्यहरु निर्दिष्ट कानुनको पूर्ण पालना गरी गर्न गराउन एवं त्रुटीपूर्ण कार्यमा संलग्न पदाधिकारीहरुलाई कारवाहीको प्रक्रिया अगाडि बढाउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र नेपाली सेनालाई निर्देश गर्दछ ।

४. प्याकेज नं. ३ को ठेक्का व्यवस्थापनका सन्दर्भमा सम्बन्धित निर्माण व्यवसायीले पेश गरेको Document विश्वसनीय नभएको भनी समितिमा गुनासो आएको हुँदा प्याकेज नं तीन अन्तरगत भएका ठेक्का व्यवस्थापनका सम्पूर्ण कागजातहरु ७ दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) आयोजनालाई निर्देश गर्दछ ।

५. समितिबाट भएका मुख्य मुख्य कार्यहरु समेटिएको पुस्तक प्रकाशन गर्ने ।

६. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

## ३.२ समितिको निर्णय तथा निर्देशन कार्यान्वयनको अवस्था

**समितिको बैठकले विभिन्न मितिमा आफ्नो कार्यक्षेत्र अन्तरगतका मन्त्रालय, विभाग तथा त्यस अन्तरगतका निकायहरुलाई दिइएका विभिन्न निर्देशनहरु र निर्देशन कार्यान्वयनको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :**

| बैठक संख्या | बैठक मिति | निर्देशन एवं सुझाव दिइएका निकाय | निर्देशनको व्यहोरा | निर्देशन कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १०१ | २०७७/०३/२४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | विश्व स्वास्थ्य संगठन, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कोभिड-१९ क्राइसिस मेनेजमेन्ट कमिटि (सि.एम.सी.) ले तयार पारेका मापदण्डहरु पुरा गरी सरकारले लकडाउनकै अवधीमा पनि केही पेशा व्यवसाय सञ्चालन गर्ने व्यवस्था गरेकाले सोही मापदण्डलाई पुरा गरी अर्थतन्त्रलाई थप सहजता प्रदान गर्न सार्वजनिक यातायातसँग सम्वद्ध ट्याक्सी यातायात सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त नभएको । |
| १०२ | २०७७/०३/२५ | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय पुननिर्माण प्राधिकरण | राष्ट्रिय पुननिर्माण प्राधिकरणद्वारा भूकम्पले क्षतिग्रस्त भएका निजी आवास, वस्ती स्थानान्तरण र एकीकृत वस्ती, शैक्षिक संस्था, स्वास्थ्य संस्था र सरकारी एवं सुरक्षा निकायका भवन लगायतका संरचनाहरुको पुननिर्माणको प्रगति प्रशंसनीय रहेको | समिति समक्ष प्राप्त नभएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | छ । तथापि प्राधिकरणको समयावधि यही २०७७ पुष १० गते समाप्त हुन गइरहेकोले निर्माणकै चरणमा रहेका पुरातात्विक एवं सांस्कृतिक सम्पदाहरुको पुननिर्माण लगायतका कामहरु कसरी अघि बढाउने भन्ने विषय यथाशीघ्र निक्यौंल गरी सम्पादन हुन बाँकी रहेका कामहरुको स्वामित्व, गुणस्तर एवं वित्तिय स्रोतको समेत सुनिश्चितता गर्न समिति, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई निर्देश गर्दछ । | |
| १०२ | २०७७/०३/२५ | राष्ट्रिय पुननिर्माण प्राधिकरण | पुननिर्माणको क्रममा रहेका गुम्बाहरु र अन्य पुरातात्विक महत्वका संरचनाहरुको स्रोत व्यवस्थापन गरी द्रुत गतिमा निर्माण कार्य अघि बढाउन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त नभएको । |
| १०३ | २०७७/०४/०४ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | आमनागरिकको दैनिक आवत जावत सहजीकरण गर्ने महत्वपूर्ण माध्यमको रुपमा रहेका देशभरका रणनीतिक सडक अन्तर्गतका पुराना एवं रुग्न पुलहरुको अवस्था सम्बन्धी विवरण तयार गरी वित्तीय सुनिश्चितता सहित गुणस्तरीय रुपमा तोकिएको समयभित्र त्यस्ता पुलहरुको कार्य योजना सहित शीघ्र निर्माण प्रक्रिया प्रारम्भ गर्न समिति | पुलहरुको अवस्था सम्बन्धी विवरण समिति समक्ष प्राप्त हुन आएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लाई निर्देश<br>गर्दछ । | |
| १०३ | २०७७/०४/०४ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | निर्माण सम्पन्न भएको काठमाडौंको टेकुस्थित विष्णुमति नदीको पुलमा प्राविधिक पक्ष एवं गुणस्तरमा कमजोरी भएको साथै निर्माणाधीन अवस्थामा रहेका काठमाडौंको तीनकुने स्थित बाग्मती पुल, हुलाकी राजमार्ग अन्तर्गतको बाग्मती पुल, रौतहटको टिकुलियाघाट र समनपुर पुल साथै कैलाली जिल्लामा पर्ने हुलाकी सडक अन्तर्गतको कान्जा पुल,धनगढी उपमहानगरपालिकाको मोहनापुललगायतका महत्वपूर्ण पुलहरुको निर्माणको कार्य तोकिएको समयमा गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको र प्राविधिक पक्षमा गम्भीर त्रुटी हुन गएको विषयमा सम्बद्ध जिम्मेवार पक्षहरुलाई मन्त्रालयबाट के-कस्तो कारबाही गरियो त्यसको विवरण सात दिनभित्र समितिमा उपलब्ध गराउन र उल्लेखित पुलहरुको निर्माण कार्य सुनिश्चित हुने कार्ययोजना बनाई कार्यान्वयन गर्न साथै उक्त कार्ययोजना पन्ध्र दिन भित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, भौतिक | पुलहरुको अवस्था सम्बन्धी विवरण समिति समक्ष प्राप्त हुन आएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १०३ | २०७७/०४/०४ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | समितिका माननीय सभापतिको नेतृत्वमा हुलाकी राजमार्ग अन्तरगत कैलाली-कञ्चनपुर जिल्लाको स्थलगत अनुगमनको क्रममा कर्णाली नदीमा निर्माण भएको सतीघाट पुलको पूर्व तर्फ सिर्जित खाल्डोका कारण पुल अत्यन्त जोखिमयुक्त हुने देखिएकोले त्यसको तत्काल सुरक्षाको प्रवन्ध मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | पुलहरुको विवरण समितिसमक्ष प्राप्त भएको । |
| १०३ | २०७७/०४/०४ | नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | दक्ष प्राविधिक जनशक्ति अभावका कारण विकास र पूर्वाधारसँग सम्बद्ध आयोजनाहरुको काम समयमै गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको, कामको अनुगमन निरीक्षणमा वाधा परेको साथै अत्यधिक कामको चापले विकास निर्माणका कार्यहरु अवरुद्ध भइरहेको सन्दर्भमा सम्बद्ध आवश्यक जनशक्ति परिपूर्तिहुनेगरी मन्त्रालयको काम काजमा प्रभावकारीता ल्याउने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ । | समितिसमक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| १०४ | २०७७/०४/०६ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कोभिड-१९ को महामारीले सिर्जना गरेको सुरक्षाको असहज र जोखिमयुक्त परिस्थितिमा पनि अहोरात्र सूचना प्रवाह गरी पेशागत दायित्व निर्वाह गरिरहेका श्रमजीवी पत्रकार र कर्मचारीहरुलाई जबर्जस्ती रोजगारीबाट हटाउने, बेतलबी विदामा राख्ने, तोकिएको पारिश्रमिक नदिने, सेवा सुविधा कटौति गर्ने र करार सम्झौता भंग गर्ने जस्ता श्रमजीवी पत्रकार सम्बन्धी ऐन,२०५१ विपरितका कार्यहरुसम्वद्ध सञ्चार प्रतिष्ठानबाट हुन नदिन र भएको पाइएमा कानुन बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | यस सम्बन्धमा ८ सञ्चार प्रतिष्ठानलाई राय माग गरिएको । |
| १०४ | २०७७/०४/०६ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ ले आम सञ्चार क्षेत्रमा पारेको नकारात्मक असरको विस्तृत अध्ययन गरी त्यसको विवरण समितिमा उपलब्ध गराउन साथै कोभिड-१९को प्रभावका बीच प्रकाशन प्रशारणलाई निरन्तरता दिई सूचना प्रवाहमा पु¥याएको योगदानको आधारमा त्यस्ता सञ्चार प्रतिष्ठानलाई सहुलियत, राहत र सुरक्षाको प्रबन्ध मिलाउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | कोभिड-१९ बाट समग्र सञ्चार क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गर्न कार्यदल गठन भइ प्रतिवेदनको तयारीको क्रममा रहेको । |

| | | | | |
|---|---|---|---|---|
| १०४ | २०७७/०४/०६ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | संविधानद्वारा प्रदत्त सञ्चारको हकको संरक्षण, सम्बर्द्धन र प्रत्याभूति गर्दै श्रमजीवी पत्रकार एवं पत्रकारितासँग सम्बद्ध कर्मचारीहरु र सञ्चार प्रतिष्ठानलाई आ-आफ्नो पेशा र व्यवसायप्रति प्रतिवद्ध, जिम्मेवार र मर्यादित भई निरन्तर रुपमा सूचना प्रवाह गर्ने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | यस सम्बन्धमा समितिसमक्ष क्रमशःकार्यान्वयन भइरहेको विवरण प्राप्त हुन आएको । |
| १०४ | २०७७/०४/०६ | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालय | हालै भएको अविरल वर्षाको कारणबाट मुलुकका अधिकांश ठाउँहरु बाढी पहिरो र डुवानमा परी भौतिक संरचनाहरु क्षति हुनुका साथै मानवीय जीवन अत्यन्त कष्टकर बनेको छ । यसरी वर्षै पिच्छे वर्षा याममा आउने बाढी पहिरोबाट सडक अवरुद्ध भई आवात जावतमा समस्या भएको र ठूलो मात्रामा हुने जनधनको क्षतिलाई न्यूनीकरण गरी समस्याको समाधान गर्न पूर्व सचेतना कार्यक्रम लगायत बाढी, पहिरो नियन्त्रण सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं तीनै तहका सरकारहरुसँग समन्वय गरी तत्काल उद्दार, राहात तथा पुनस्थापनाको प्रबन्ध मिलाउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गर्दछ । | समितिसमक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| १०५ | २०७७/०४/१३ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय सूचना आयोग | सूचना प्रविधिको युगमा पनि नेपाली नागरिकले सार्वजनिक निकायबाट सूचना प्राप्त गर्न भौतिक रुपमा उपस्थित भई निवेदनका आधारमा मात्र सूचना प्राप्त हुने व्यवस्थाको अन्त्य गरी सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने सूचना वेवसाइट, ईमेल, ईन्टरनेट र राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम मार्फत उपलब्ध हुने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय सूचना आयोगलाई निर्देश गर्दछ । | राष्ट्रिय सूचना आयोग<br>यस सम्बन्धमा समितिसमक्ष क्रमशःकार्यान्वयन भइरहेको विवरण प्राप्त हुन आएको । |
| १०५ | २०७७/०४/१३ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | राष्ट्रिय सूचना आयोगले वार्षिक रुपमा तयार गर्ने प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पेश हुने गरेको र त्यस सम्बन्धमा कुनै छलफल हुने व्यवस्था नरहेकोले नागरिकको सूचनाको हक सम्बन्धी मौलिक हक कार्यान्वयनका लागि गठन भएको निकायको वार्षिक प्रतिवेदन संघीय संसदमा पेश गरी प्रतिवेदन माथि छलफल हुने नीतिगत व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ । | समितिसमक्ष प्राप्त हुन नआएको । |
| १०५ | २०७७/०४/१३ | राष्ट्रिय सूचना आयोग | सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रका सूचना पारदर्शीता र सुशासनको आधारस्तम्भ भएकोले तत् | राष्ट्रिय सूचना आयोग |

| | | | | |
|---|---|---|---|---|
| | | | तत् निकायहरुमा सूचना अधिकारी तोकी ती निकायहरुबाट सम्पादित कार्य स्वतः ३/३ महिनामा प्रकाशन गर्ने गराउने एवं सेवाग्राहीले मागेको सूचना सरल र बुझिने भाषामा तोकिएको अवधि भित्र उपलब्ध गराउने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा यस्ता विषय कार्यान्वयन नगर्ने निकायहरुलाई तत्काल कानूनी कारवाहीको दायरामा ल्याई त्यसको जानकारी १५ दिन भित्र समितिलाई उपलब्ध गराउन राष्ट्रिय सूचना आयोगलाई निर्देश गर्दछ । | यस सम्बन्धमा समितिसमक्ष क्रमशःकार्यान्वयन भइरहेको विवरण प्राप्त हुन आएको । |
| १०५ | २०७७/०४/१३ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सरकार, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज लगायतका सबैलाई सूचनाको हक कार्यान्वयन गर्न गराउन क्रियाशील भूमिका निर्वाह गर्ने राष्ट्रिय सूचना आयोगलाई सहज र प्रभावकारी रुपमा काम गर्ने वातावरण सिर्जना गर्न भौतिक संरचना, पर्याप्त स्रोत साधन र आवश्यक जनशक्तिको व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ । | समितिसमक्ष प्राप्त हुन नआएको । |
| १०६ | २०७७/०४/१६ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकम | सूचना प्रविधिको क्षेत्रमा मुलुकले तीव्रतर रुपमा फड्को मारिरहँदा हालै कोभिड-१९ ले पारेको प्रभावका कारण मुलुक प्रविधिमा आधारित बनेको छ । सूचना तथा प्रविधि आम नागरिकको अभिन्न | यस सम्बन्धमा समितिसमक्ष टेलिकमको आगामी कार्ययोजना प्राप्त भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | अंग बनिरहँदा राज्यको सेवा प्रदायकको रुपमा रहेको नेपाल टेलिकमको सेवा प्रभावकारी हुन सकेको छैन । कोभिड-१९ का कारण हाल धेरैजसो निजी कम्पनीले घरैबाट इन्टरनेट मार्फत सेवा सञ्चालन गरेका छन् । स्कुल, कलेज, बैंक तथा वित्तीय संस्था लगायत विभिन्न सञ्चारका माध्यमहरु पनि इन्टरनेटमा नै आधारित भएर सेवा प्रवाह गरिरहेका छन् । यति हुँदा हुँदै पनि नेपाल टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी नभएको गुनासो आम नागरिकबाट उठिरहेको सम्बन्धमा टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी, गुणस्तरीय र आम नागरिकले अपेक्षा गरे अनुरुप बनाउन टेलिकमको आगामी कार्ययोजना स्पष्ट रुपमा ३० दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकमलाई निर्देश गर्दछ । | |
| १०६ | २०७७/०४/१६ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरण | नेपाल टेलिकमको फोर जी (4G) सेवा विस्तार निर्धारित समयावधिभित्र गुणस्तरयुक्त रुपमा सम्पन्न हुन नसक्नुको कारण सात दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ । | समितिले दिएको निर्देशनको कार्यान्वयन अवस्थाका बारेमा समितिमा विवरण प्राप्त हुन आएको छ । |

| | | | | |
|---|---|---|---|---|
| १०६ | २०७७/०४/१६ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरण | नेपाल दूरसञ्चार प्राधिकरणसँग आबद्ध नेपाल टेलिकम र अन्य निजी सेवा प्रदायक संस्थाहरुबाट गत आर्थिक वर्षमा कति ग्राहकलाई सिम वितरण गरियो, ती संस्थाहरुका ग्राहक संख्या र संस्थाहरुको गत आ.व. को वित्तीय अवस्थाको विवरण सात दिनभित्र समितिमा प्राप्त हुने गरी उपलब्ध गराउन समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ । | समितिले दिएको निर्देशनको कार्यान्वयन अवस्थाका बारेमा समितिमा विवरण प्राप्त हुन आएको छ । |
| १०६ | २०७७/०४/१६ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल टेलिकममा रणनीतिक साझेदार भित्र्याउने बारेमा नेपाल सरकारबाट प्रक्रिया अगाडि बढाइएको सन्दर्भमा त्यस्तो साझेदार भित्र्याउनै पर्ने आवश्यकता हो, होइन यदि आवश्यकता परेको भए साझेदारलाई कुन, कस्तो मोडालिटीमा काम गर्ने गरी साझेदारी गरिने हो त्यस सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सोको जानकारी समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | समितिले दिएको निर्देशनको कार्यान्वयन अवस्थाका बारेमा समितिमा विवरण प्राप्त हुन आएको छ । |
| १०७ | २०७७/०६/०५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विज्ञापन (नियमन गर्ने) ऐनको पूर्ण कार्यान्वयनका लागि २०७७ कार्तिक ७ गतेभित्र विज्ञापन बोर्ड गठन गरी ऐनको दफा ६ बमोजिम डाउनलिंक अनुमति लिएर नेपालमा प्रसारण गरिरहेका | समितिले दिएको निर्देशनको कार्यान्वयन अवस्थाका बारेमा समितिमा विवरण प्राप्त हुन आएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | टेलिभिजन च्यानलहरुलाई विज्ञापन रहित (क्लिन फिड) बनाउन समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १०७ | २०७७/०६/०५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ऐनको प्रभावकारी कार्यान्वयनका लागि विज्ञापन रहित हुन नसक्ने विदेशी टेलिभिजनको प्रशारण रोक्न तहाँ मन्त्रालयले के कस्तो कार्ययोजना बनाएको छ ? साथै यो ऐनको कार्यान्वयनबाट नेपालमा कतिवटा विदेशी च्यानलहरु रोकिने अवस्थामा रहेका छन् ? र ऐन कार्यान्वयनका लागि मन्त्रालयले तयार गरेको आगामी कार्ययोजना १५ दिनभित्र समितिमा पठाउन समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | समितिले दिएको निर्देशनको कार्यान्वयन अवस्थाका बारेमा समितिमा विवरण प्राप्त हुन आएको छ । |
| १०७ | २०७७/०६/०५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | स्वदेशी टेलिभिजनलाई प्रवर्द्धन गर्न विदेशी टेलिभिजनको प्रसारणमा नेपाली विज्ञापन हाल्ने नीति (फिड ईन) नलिन समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | समितिले दिएको निर्देशनको कार्यान्वयन अवस्थाका बारेमा समितिमा विवरण प्राप्त हुन आएको छ । |
| १०९ | २०७७/०६/२० | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोग | काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way)सडकआयोजनाको म्याद एकै पटक ३ वर्ष थपिनुको कारण एवं आधारहरु के-के हुन् ? स्पष्ट रुपमा समितिमा पेश गर्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देश गर्दछ । साथै कुनै पनि आयोजना सुरुवात | समितिले माग गरेबमोजिमको कारण एवं आधारहरुको सम्बन्धमा काठमाडौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाबाट समितिलाई विवरण प्राप्त हुन आएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपूर्व मुलुकको आर्थिक क्षमता, स्रोत साधन लगायत आयोजना निर्माणमा आईपर्ने विविध पक्षहरु आँकलन गरी पूर्व तयारी पूरा गरेर मात्र राष्ट्रिय गौरवका आयोजनाहरुसुरुवात गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ । | |
| १०९ | २०७७/०६/२० | काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना | काठमाडौं-तराई/मधेश द्रुतमार्गको कार्य समयमा सम्पन्न गर्न हालै छनौट भएको अन्तर्राष्ट्रिय कन्सल्टेन्ट कम्पनी कालो सूचिमा परेको भन्ने विषय विभिन्न सञ्चारका माध्यमहरुबाट प्रकाशन/प्रशारण भई आम जनचासोको विषय बनेकोले सोको विस्तृत जानकारी ७ दिनभित्र समितिमा पेश गर्न समिति काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ । | समितिसमक्ष प्राप्त हुन नआएको । |
| १०९ | २०७७/०६/२० | काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना | काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना समयमा नै सम्पन्न होला भन्ने आम जनताको आकांक्षा पूरा गर्न एवं नेपाली सेनाको प्रतिष्ठा कायम गर्न आयोजना निर्माणमा संलग्न पक्षले द्रुतमार्ग निर्माणमा भएको कार्यप्रगतिको चौमासिक प्रतिवेदन एवं आगामी कार्ययोजनाको वार्षिक कार्ययोजना समेत तयार गरी सो अनुरुप कार्य गर्न/गराउन एवं | समितिले माग गरे बमोजिमको चौमासिक प्रतिवेदन र आगामी कार्ययोजना समितिसमक्ष प्राप्त हुन आएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सोको प्रतिवेदन समितिमा १५ दिनभित्र पेश गर्न समिति काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ । | |
| १०९ | २०७७/०६/२० | काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना | काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माणको ठेक्का सम्बन्धी कार्यहरुका बारेमा जनताहरुबाट प्रश्न उठीरहेको सन्दर्भमा आयोजनासँग सम्वद्ध यस्ता कार्यहरु पारदर्शी र विश्वसनीय रुपमा अगाडी बढाउन समिति काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई पुनः निर्देश गर्दछ । | समितिसमक्ष प्राप्त हुन नआएको । |
| १०९ | २०७७/०६/२० | नेपाल सरकार रक्षा मन्त्रालय | नेपाली सेनाद्वारा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजना एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कुन अवस्थामा छन् सोको विस्तृत विवरण ७ दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालयलाई निर्देश गर्दछ । | समितिले माग गरे बमोजिमको विवरण समितिसमक्ष प्राप्त हुन आएको छ। |
| १०९ | २०७७/०६/२० | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय र शहरी विकास मन्त्रालय** | हालैको अविरल वर्षाका कारण बाढी पहिरोले पुल/बाटो घाटो आदिमा पुऱ्याएको क्षतिबाट नजिकिँदै गरेको चाडपर्वमा यात्रुहरुलाई पर्न जाने असुविधा/कठिनाईलाई तत्काल समाधान गर्न एवं सडक यातायातलाई पूर्ण रुपमा सुचारु गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै वर्षायाममा | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | आउने बाढी पहिरोबाट धेरै जनधनको क्षति हुने गरेको हुँदा जोखिमपूर्ण स्थानमा रहेका मानव वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न समेत समिति नेपाल सरकार गृह मन्त्रालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १०९ | २०७७/०६/२० | नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सार्वजनिक सवारी साधन सञ्चालन गर्दा स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड पूर्ण रुपमा पालना गर्न/गराउन, खाना खुवाउने स्थानमा सामाजिक दूरी कायम गर्न, सवारी साधन चढ्दा ओर्लदा अनिवार्य रुपमा मास्क तथा सेनिटाइजरको प्रयोग गर्ने व्यवस्था कडाइका साथ लागु गर्न/गराउन एवं कोभिड-१९ को महामारीबाट जोगिन नागरिक सचेतनाका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न समिति नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १०९ | २०७७/०६/२० | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | चाडपर्वहरु नजिकिँदै जाँदा लामो दूरीका सवारी साधनहरुको टिकट बुकिङ Ticket counter/onlineतथा अन्य सहज स्थानबाट बिक्री वितरण गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन समिति नेपाल सरकार | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १०९ | २०७७/०६/२० | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, यातायात व्यवस्था विभाग र प्रहरी प्रधान कार्यालय, ट्राफिक महाशाखा | कोभिड-१९ को महामारीका कारण लामो समयदेखि सञ्चालनमा नरहेका लामो दूरीका सवारी साधनहरुको अनिवार्य रुपमा यान्त्रिक जाँच गरेर मात्र सवारी साधनहरु सञ्चालन गर्न एवं सार्वजनिक सवारी साधनमा स्वास्थ्य मन्त्रालयले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना भए/नभएको प्रभावकारी रुपमा अनुगमन एवं नियमन गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, यातायात व्यवस्था विभाग र प्रहरी प्रधान कार्यालय, ट्राफिक महाशाखालाई निर्देश गर्दछ । | समितिमा प्राप्त हुन नआएको । |
| ११० | २०७७/०८/३० | शहरी विकास मन्त्रालय | कतिपय गाउँपालिकाहरु भूगोल, जनसङ्ख्या र शहरीकरणको हिसाबले नगरपालिकाभन्दा सम्वृद्ध भएको अवस्थामा गाउँपालिकाको भौतिक विकासका लागि शहरी विकास मन्त्रालयको कार्यक्रम सञ्चालनमा बाधा नपुग्ने गरी विद्यमान नियमावली, निर्देशिका र कार्यविधिमा सुधार गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | शहरी विकास मन्त्रालयको अतिरिक्त ग्रामिण पूर्वाधार विकास समेतलाई सम्बोधन गर्ने गरी शहरी विकास मन्त्रालयले विद्यमान सम्बद्ध कानुनमा सुधार गर्ने कार्यलाई अगाडि बढाइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ११० | २०७७/०८/३० | शहरी विकास मन्त्रालय | भौगोलिक दृष्टिले अत्यन्त जोखिममा रहेका घर तथा वस्तीहरु तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनलाई प्राथमिकतामा राखी उपयोग गर्दै सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | भौगोलिक दृष्टिले अत्यन्त जोखिममा रहेका घर बस्तीहरु तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न र स्थानीय स्तरमा उपलब्ध श्रोत साधनलाई प्राथमिकतामा राखी उपयोग गर्दै सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने दिशामा मन्त्रालयले प्राथमिकता दिइ कार्य अगाडि बढाइएको छ । |
| ११० | २०७७/०८/३० | शहरी विकास मन्त्रालय | तीन वर्षको अवधिमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको नयाँ संघीय संसद भवन निर्माणको हालसम्मको भौतिक प्रगतिको गति सन्तोषजनक नदेखिएकोले निर्धारित मितिमा सम्पन्न हुने गरी आवश्यक कार्यतालिका तत्काल बनाई कार्यान्वयन गर्न र उक्त कार्यतालिका समितिलाई समेत उपलब्ध गराउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | समितिबाट निर्देश भएको नयाँ संघीय संसद भवन निर्माण सम्बन्धी कार्यलाई तीव्रताका साथ अगाडि बढाइएको छ । |
| ११० | २०७७/०८/३० | शहरी विकास मन्त्रालय | २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त अवस्थामा रहेको पूरानो प्रतिनिधिसभा (ग्यालरी वैठक) को सन्दर्भमा समितिमा पटक पटक बैठक बसी छलफल गरी नेपाल सरकारलाई निर्देश गरेको भएता पनि सो सम्बन्धमा हालसम्म पनि ठोस निष्कर्षमा पुग्न सकेको पाइँदैन। त्यस सन्दर्भमा ऐतिहासिक मौलिकता र पहिचान कायम हुने गरी | २०७२ सालको भुकम्पबाट क्षतिग्रस्त अवस्थामा रहेको पुरानो प्रतिनिधि सभा (ग्यालरी बैठक) को सन्दर्भमा समितिबाट निर्देश भए अनुसार ऐतिहासिक मौलिकता र पहिचान कायम हुने गरी सोही — स्वरुपमा अत्याधुनिक सुविधा सम्पन्न ग्यालरी बैठक पूननिर्माण गर्ने विषयमा |

| | | | | |
|---|---|---|---|---|
| | | | सोही स्वरुपमा अत्याधुनिक सुविधा सम्पन्न ग्यालरी बैठक पुननिर्माणको कार्य तत्काल अगाडि बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | अध्ययन गरी कार्य प्रकृया अगाडि बढाइ सकिएको छ । |
| १११ | २०७७/०९/०२ | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोग | राष्ट्रिय प्राथमिकता प्राप्त राष्ट्रिय गौरवका आयोजनाहरु लगायत अन्य विकास निर्माणका आयोजनाहरु निर्धारित समयमा र गुणस्तरीय रुपमा सम्पन्न गर्न देहाय बमोजिमका विषयहरुमा प्राथमिकता दिन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।<br>• नदिजन्य तथा खानीजन्य निर्माण सामाग्रीको तत्काल सहज उपलब्धताको व्यवस्थापन गर्ने ।<br>• आवश्यक दक्ष प्राविधिक जनशक्तिको उचित व्यवस्थापन गर्ने ।<br>• अन्तरमन्त्रालय एवं संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसमन्वय प्रभावकारी बनाउने ।<br>• प्रभावकारी अनुगमनलाई निरन्तरता दिने । | समितिसमक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्यमान ऐन कानुनमा भएका जटिलताहरु हटाउन प्रक्रिया अगाडि बढाउने ।<br>• भौगोलिक जटिलता हेरी बजेट र समयको उचित व्यवस्थापन गर्ने ।<br>• निर्माण व्यवसायीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने ।<br>• आयोजनाहरुमा आर्थिक अभाव हुन नदिने । | |
| ११४ | २०७७/१२/११ | शहरी विकास मन्त्रालय | आयोजना पूर्व तयारीका काम सम्पन्न नगरी ठेक्का नलगाउन समितिले यस अघि नै नेपाल सरकारका सम्बद्ध मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिई सकिएको विषयलाई पुनः स्मरण गराउँदै आगामी दिनमा सोही अनुसार प्रक्रिया पूरा गरेर मात्र आयोजनाको काम अघि बढाउने कार्य कडाईका साथ कार्यान्वयन गर्न/गराउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ। | आयोजना पूर्व तयारीका काम सम्पन्न नगरी ठेक्का नलगाउन समितिले निर्देश गरेको विषयलाई कार्यान्वयनमा ल्याउने अभ्यासको सुरुवात भइसकेको छ । |
| ११४ | २०७७/१२/११ | शहरी विकास मन्त्रालय | भक्तपुरबाट काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सवारी यातायात र मानिसको हिडडुललाई सहज तुल्याउन एवं नदी किनार वरीपरी हरियाली वातावरण कायम राख्ने उद्देश्यका साथ निर्माण | हनुमन्ते करिडोर निर्माण कार्यसँग जोडिएको केही स्थानको जग्गा प्राप्तिको सम्बन्धमा देखिएको अवरोध हटाउने सम्बन्धमा समितिबाट निर्देश भएको विषयमा उद्देश्य अनुरुप निर्माण |

| | | | | |
|---|---|---|---|---|
| | | | भइरहेको हनुमन्ते कोरिडोर निर्माणको कार्यमा उल्लेख्य प्रगति भएको देखिएता पनि मध्यपुर थिमी नगरपालिकाको वडा नं. ३ र सुर्यविनायक नगरपालिकाको वडा नं. २ का केही स्थानहरुमा जग्गा प्रासिको सम्बन्धमा देखिएको अवरोध हटाउन दुवै स्थानीय तह-मध्यपुर थिमी र सूर्यविनायक नगरपालिका, जिल्ला प्रशासन कार्यालय, सम्बद्ध आयोजना र स्थानीय बासिन्दालगायतका सम्वद्ध सरोकारवाला निकाय तथा प्रतिनिधिहरुसँग तत्काल आवश्यक समन्वय गरी समस्या समाधान गर्न समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | कार्यलाई नतिजामैत्री तुल्याइने सिलसिलामा उपयुक्त वातावरण सिर्जना गरी निर्धारित समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्नको लागि सम्बद्ध सरोकारवाला पक्षसँग समन्वय गरी समस्या समाधान गर्न पहल भइरहेको छ । |
| ११४ | २०७७/१२/११ | शहरी विकास मन्त्रालय | हनुमन्ते कोरिडोर निर्माणका क्रममा स्थानीय बासिन्दाहरुको जग्गा समेत पर्ने भएकोले प्रभावित क्षेत्रका नागरिकहरुको सम्पतिको हकको संरक्षणको कार्य जग्गा एकीकरण आयोजना मार्फत सुनिश्चित गरि सो सडकको कार्य निर्धारित समयमा सम्पन्न गर्ने वातावरण मिलाउन समिति नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | हनुमन्ते करिडोर निर्माण कार्यसँग जोडिएको केही स्थानको जग्गा प्रासिको सम्बन्धमा देखिएको अवरोध हटाउने सम्बन्धमा समितिबाट निर्देश भएको विषयमा उद्देश्य अनुरुप निर्माण कार्यलाई नतिजामैत्री तुल्याइने सिलसिलामा उपयुक्त वातावरण सिर्जना गरी निर्धारित समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्नको लागि सम्बद्ध सरोकारवाला पक्षसँग समन्वय गरी समस्या समाधान गर्न पहल भइरहेको छ । |

| | | | | |
|---|---|---|---|---|
| ११५ | २०७७/१२/१३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | पूर्व पश्चिम राजमार्ग नेपालको लाइफलाइन भएको र यस मार्गबाट ठूलो मात्रामा यात्रुहरु आवत जावत गर्ने भएको हुँदा यस खण्ड अन्तरगत पर्ने निर्माणाधीन नारायणगढ बुटवल सडक खण्ड आयोजनाको काम पूर्व तयारी विना अगाडि बढाइएको कारण आयोजना समयमा सम्पन्न हुन नसक्दा यात्रुहरुले अनावश्यक रुपमा सास्ती व्यहोर्नु परिरहेकोले गुणस्तरीय रुपमा तोकिएको समयमा आयोजना सम्पन्न हुने गरी कार्य अगाडि बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| ११५ | २०७७/१२/१३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपालमा सञ्चालन हुने गरेका कतिपय सडक आयोजना तथा अन्य भौतिक पूर्वाधारका आयोजनाहरुको होर्डिङबोर्ड तथा त्यस्ता आयोजनाहरुको बारेमा लेखिएका डकुमेन्टहरुमा अंग्रेजी भाषा प्रयोग हुने गरेको पाइएको हुँदा आयोजनाका बारेमा लेखिएका कागजात ( Document) हरु आम नागरिकले स्पष्ट रुपमा बुझ्ने गरी नेपाली भाषामा पनि लेख्ने व्यवस्था गर्न/गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| ११८ | २०७८/०४/१७ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालय | हालै भएको अविरल वर्षाको कारणबाट मुलुकका अधिकांश ठाउँहरु बाढी पहिरो र डुवानमा परी भौतिक संरचनाहरु क्षति हुनुका साथै मानवीय जीवन अत्यन्त कष्टकर बनेको छ । यसरी वर्षै पिच्छे वर्षा याममा आउने बाढी पहिरोबाट सडक अवरुद्ध भई आवात जावतमा समस्या भएको र ठूलो मात्रामा हुने जनधनको क्षतिलाई न्यूनीकरण गरी समस्याको समाधान गर्न पूर्व सचेतना कार्यक्रम लगायत बाढी, पहिरो नियन्त्रण सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं तीनै तहका सरकारहरुसँग समन्वय गरी तत्काल उद्दार, राहात तथा पुनस्थापनाको प्रबन्ध मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| ११८ | २०७८/०४/१७ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | वर्षातको समयमा पहिरोका कारण पटक-पटक अवरुद्ध हुने गरेको नारायणगढ-मुग्लिङ सडक खण्डको विशेष अध्ययन गरी दीर्घकालीन रुपमा समस्या समाधान गर्न एवं तत्कालका लागि २४ सै घण्टा emergency response को व्यवस्था | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | मिलाउन र सो क्षेत्रमा विना अवरोध यातायात सुचारु गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| ११८ | २०७८/०४/१७ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | हालैको वर्षाका कारण अरनिको राजमार्ग अन्तर्गत पर्ने विभिन्न सडक खण्डहरु क्षतिग्रस्त भएको हुँदा सोको स्तरोन्नती लगायत त्यस राजमार्गमा पर्ने पुलहरुको पुनःनिर्माण तथा स्तरोन्नती गरी तत्काल यातायात सुचारु गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| ११८ | २०७८/०४/१७ | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | हालैको वर्षाको कारण क्षतिग्रस्त भएका राष्ट्रिय राजमार्ग अन्तर्गत पर्ने सोलावाङ् खोलाको पुल, कर्णाली नदीको सतिघाट तथा कोठियाघाट पुल, सुनकोशी नदीको नवलपुरघाट पुलको यथार्थ विवरण साथै बर्दियाको बबइ नदीमा पर्ने जब्दिघाटको पुलको विद्यमान अवस्था समेत सात दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| ११८ | २०७८/०४/१७ | नेपाल सरकार, रक्षा मन्त्रालय र अर्थ मन्त्रालय | नेपाली सेनाको विकास निर्माण निर्देशनालयबाट सञ्चालित राष्ट्रिय गौरव लगायत रणनैतिक महत्वका तथा उत्तर दक्षिण सडक आयोजनाहरुमा खटिने नेपाली सेनाका जवानहरुले निकै जोखिमपूर्ण भूगोलमा काम गर्नु पर्ने हुँदा उनीहरुको उच्च मनोवल कायम राख्न विकास निर्माणका कार्यमा खटिने सम्पूर्ण टिमलाई जोखिम भत्ता उपलब्ध गराउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देश गर्दछ। | समिति समक्ष प्राप्त हुन नआएको । |
| ११९ | २०७८/०४/१८ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालय | हालैको अविरल वर्षाका कारण सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नदीमा आएको हिलो गेगर सहितको लेदोले आयोजना लगायत सो क्षेत्रमा पुऱ्याएको ठूलो जनधनको क्षतिप्रति समिति दुःख व्यक्त गर्दछ। अहिले पनि सुख्खा पहाड सहितको गेगर झरिरहेको सो क्षेत्रमा अत्याधिक जोखिमको अवस्था रहेकोले यस क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी विस्थापित भएकाहरुलाई तत्काल उद्दार, राहत, तथा पुनःस्थापनाका साथै प्रभावित र बाढी पहिरोको उच्च जोखिममा रहेका बासिन्दाहरुको सुरक्षित व्यवस्थापन/स्थानान्तरणको | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गर्दछ । | |
| ११९ | २०७८/०४/१८ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय | मुलुककै महत्वपूर्ण मानिएको राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना सञ्चालनको लागि विगत २१ वर्ष देखिको प्रयास र त्यहाँको लगानी सुनिश्चित गर्न सिन्धुपाल्चोक क्षेत्रको भौगर्भिक अवस्था अध्ययनका लागि विज्ञ सहितको संयन्त्र तयार गरी दीर्घकालीन रुपमा समस्या समाधान गर्न तथा आगामी दिनमा यस प्रकारको क्षति हुन नदिन यसको स्थायी व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने तर्फ सम्वद्ध सबै निकायको ध्यान जानु जरुरी देखिन्छ ।हालैको दिनमा आयोजनामा भएको क्षतिको निक्यौंल गर्न राष्ट्रिय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सहित थगगथतआवश्यक विज्ञ सहितको टोलीले अनुगमन गरी सो क्षेत्रको दीर्घकालीन रुपमा समस्या समाधानका लागि आवश्यक पहल गर्न समिति सम्वन्धित निकायको गम्भिर ध्यानाकर्षण गराउँदछ । साथै आयोजनामा भएको क्षतिको पुनर्निर्माणका लागि अन्तर मन्त्रालयगत समन्वय गर्न र सोका लागि बजेटको सुनिश्चितता गर्न समिति | <u>खानेपानी मन्त्रालय</u><br>• बाढी तथा पहिरोको कारण मेलम्ची खानेपानी आयोजनामा पुग्न गएको क्षतिको पुनर्निर्माण तथा सुरुङ मार्फत अस्थायी रुपमा पानी सुचारु गर्नका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रक्षा मन्त्रालयसँग आवश्यक समन्वय भइरहेको छ ।<br>• पहिरो जानुको कारण र रोकथामको उपाय पहिचानको लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विभागसँग आवश्यक समन्वय भइरहेको छ ।<br>• मेलम्ची नदिमा आएको बाढीको कारण तटीय क्षेत्रमा पुग्न गएको धनजनको क्षतिको पुनर्उत्थानको लागि सम्बन्धित निकायहरुसँग समन्वय भइरहेको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देश गर्दछ । | |
| ११९ | २०७८/०४/१८ | मेलम्ची खानेपानी आयोजना | हालैको दिनमा मेलम्ची खानेपानी आयोजनाले व्यहोर्नु परेको अकल्पनीय क्षतिलाई मध्यनजर गर्दै दोस्रो चरणमा गर्ने भनिएको याङ्ग्री र लार्के खोलाको पानी मेलम्चीमा पथान्तरण गर्नुपूर्व यस क्षेत्रको अप स्ट्रिम एरियामा जियोलोजिकल र हाइड्रोलोजिकल अवस्थाको विस्तृत अध्ययन गरी यसको रिपोर्टको आधारमा मात्र दोस्रो चरणको कार्य अगाडि बढाउन समिति मेलम्ची खानेपानी आयोजनालाई निर्देश गर्दछ । | मेलम्ची खानेपानी आयोजना क्षेत्रको अपस्ट्रिम एरियामाको भौगोलिक अवस्था अध्ययन, अनुसन्धान गरी सम्भावित जोखिमहरुको पहिचान र व्यवस्थापनका लागि दातृ निकाय एसियाली विकास बैकसँग छलफल भइरहेकोमा एसियाली विकास बैंकबाट उक्त अध्ययनको लागि तयारी भइरहेको छ । |
| ११९ | २०७८/०४/१८ | नेपाल सरकार अर्थ मन्त्रालय र खानेपानी मन्त्रालय | मेलम्ची खानेपानी आयोजना, आयोजना कार्यान्वयन निर्देशनालयको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन स्पष्ट नीतिगत व्यवस्था गरी सो आयोजनाको प्रभावकारी कार्य सञ्चालनको लागि कार्यालय भवन लगायतको स्थायी पूर्वाधार | ललितपुर जिल्ला धोबिघाट स्थित काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको नाममा रहेको जगगामा अनुमानित लागत रकम रु ९,८८,५२,४४०।- मा |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माणको लागि आवश्यक बजेटको सुनिश्चितता गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ । | Prefabricated कार्यालय भवन बनाउन बजेट सुनिश्चितताको लागि अर्थ मन्त्रालयलाई अनुरोध गरिएको छ । |
| ११९ | २०७८/०४/१८ | नेपाल सरकार खानेपानी मन्त्रालय | हालैको अविरल वर्षाका कारण क्षतिग्रस्त भएको मेलम्ची खानेपानी आयोजना पुन सुचारु भई काठमाडौं उपत्यकामा पानी वितरण हुने सुनिश्चितता नभए सम्म काठमाडौं उपत्यका खानेपानी सुधार दोश्रो अन्तरगत पाइपलाइन विस्तारका कामहरु अगाडि नबढाउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ । | काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना दोस्रो चरणको डिजाइन फाइनल भई कार्यान्वयनको लागि तयारी अवस्थामा मात्र रहेको छ । |
| १२० | २०७८/०४/२० | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | स्मार्ट सवारी चालक अनुमति पत्र समयमा वितरण हुन नसकी सेवा ग्राहीले कठिनाइ भोग्नु परिरहेको सन्दर्भमा यातायात व्यवस्था विभागबाट सवारी चालक अनुमति पत्र छपाइ सम्बन्धमा टेण्डर गर्दा नै प्राविधिक कमजोरी हुन गएको पाइएकोले यस सम्बन्धी प्राविधिक पक्षहरुको अध्ययन नगरी टेण्डर गर्ने जिम्मेवार सम्बद्ध पदाधिकारी उपर तत्काल छानविन गरी कारवाहीको प्रक्रिया अगाडि बढाई त्यसको जानकारी समितिलाई उपलब्ध | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२० | २०७८/०४/२० | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सवारी दुर्घटनाको तथ्यांक हेर्दा अत्याधिक सवारी दुर्घटना चालकको लापरवाही/कमजोरीका कारण हुने गरेको पाइएकोले सवारी चालक अनुमति पत्रको लागि एडभान्स गभर्नमेन्ट ड्राइभिङ इन्स्टिच्युट ७ वटै प्रदेशबाट सञ्चालन र व्यवस्थापनको समन्वयात्मक भूमिका तयार गरी सो मार्फत् दक्ष सवारी चालक उत्पादन गर्ने प्रक्रिया प्रारम्भ गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२१ | २०७८/०४/२१ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय पुननिर्माण प्राधिकरण | राष्ट्रिय पुननिर्माण प्राधिकरणले कोभिड लगायत विभिन्न संकटहरु झेल्दै २०७२ सालको महाभूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुनर्निर्माणको कार्यमा हासिल गरेको प्रगति प्रशंसनीय रहेको छ तसर्थ प्राधिकरणबाट भएको यस कार्य प्रति समिति राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई धन्यवाद व्यक्त गर्दछ । प्राधिकरणद्वारा पुननिर्माण गरिएका संरचनाहरुको | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | दिगोपना, आवश्यक मर्मत संभार, उचित उपभोग तथा समुचित व्यवस्थापन तर्फ समेत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।प्राधिकरणलाई तोकिएको समयावधी अब केही समय मात्र बाँकी रहेको र सो समयमा पुनर्निर्माण गर्नुपर्ने संरचनाहरु सम्पन्न हुन सक्ने सुनिश्चितता नभएकोले बाँकी रहेका संरचनाहरुको पुनर्निर्माणका लागि लाग्ने समयावधी र स्रोतको सुनिश्चितता गरी सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने आवश्यक व्यवस्थाका गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ । | |
| १२१ | २०७८/०४/२१ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट भए गरेका हालसम्मका कार्यहरुको संस्थागत स्मरण तर्फ समेत यथोचित व्यवस्थापनका लागि समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| १२२ | २०७८/०४/२४ | नेपाल सरकार शहरी विकास मन्त्रालय | नेपाल सरकारका विभिन्न मन्त्रालय तथा सम्बद्ध निकायहरुबाट सम्पन्न हुने विकास निर्माणसँग सम्बन्धित आधारभूत संरचना निर्माणका कार्यहरु स्पष्ट कानुनको अभावका कारण अव्यवस्थित भई शहरी सौन्दर्यमा ह्रास आउनुका साथै विकास निर्माणका कार्यमा दोहोरोपना भई अनावश्यक रुपमा सरकारी खर्चमा समेत वृद्धि भइरहेको र यसबाट देशको सम्बृद्धिमा समेत अवरोध पैदा भएको तथ्यलाई ध्यानमा राखी यस्ता कार्यहरु एकीकृत रुपमा सम्पन्न गर्ने प्रयोजनका लागि सार्वजनिक सेवा प्रदायक पूर्वाधार मार्ग Utility corridor को सम्बन्धमा समितिले संयुक्त रुपमा बैठक बसी सबै पूर्वाधारलाई एकीकृत विकासको ढाँचामा अगाडी बढाउन Utility corridor सम्बन्धी विधेयक संसदमा पेश गर्न दिएको निर्देशन कार्यान्वयनको लागि समिति पुनः नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | सार्वजनिक सेवा प्रदायक पूर्वाधार मार्ग Utility corridor को सम्बन्धमा समितिबाट निर्देश भए बमोजिम सबै पूर्वाधारलाई एकीकृत विकासको ढाँचामा अगाडि बढाउने सिलसिलामा Utility corridor सम्बन्धी कानुन बनाउने सन्दर्भमा सो सम्बन्धी विधेयकको मस्यौदा तयार गर्ने कार्य भइरहेको छ । |
| १२२ | २०७८/०४/२४ | नेपाल सरकार शहरी विकास मन्त्रालय | उपत्यकाको ट्राफिक चापलाई न्यूनीकरण गर्न काठमाडौं शहरलाई व्यवस्थित एवं नागरिकको आवागमनमा सहजता ल्याउने उद्देश्यले निर्माण गर्ने भनिएको बाहिरी चक्रपथको विस्तारका लागि | उपत्यकाको ट्राफिक चापलाई न्यूनीकरण गर्न काठमाडौं शहरलाई व्यवस्थित एवं नागरिकको आवागमनमा सहजता ल्याउने उद्देश्यले निर्माण गर्ने भनिएको बाहिरी चक्रपथको विस्तारका लागि |

| | | | | |
|---|---|---|---|---|
| | | | बजेटको सुनिश्चितता गरी तत्काल निर्माण कार्य अगाडि बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | बजेटको सुनिश्चितता गरी तत्काल निर्माण कार्य अगाडि बढाउन समितिबाट मन्त्रालयलाई निर्देश भएको विषयमा आवश्यक पर्ने बजेटको सुनिश्चितताका लागि पहल भइरहेको छ । |
| १२२ | २०७८/०४/२४ | नेपाल सरकार शहरी विकास मन्त्रालय | विभिन्न स्थानमा छरिएर रहेका मानव वस्तीहरुमा सबै पूर्वाधार विकासका कार्यहरु अगाडी बढाउन नेपालको भू-बनोट अनुरुप सम्भव नहुने भएकोले नेपाल सरकारले घोषणा गरेको एकीकृत वस्ती विकासको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | विभिन्न स्थानमा छरिएर रहेका मानव वस्तीहरुमा सबै पूर्वाधार विकासका कार्यहरु अगाडी बढाउन नेपालको भू-बनोट अनुरुप सम्भव नहुने भएकोले नेपाल सरकारले घोषणा गरेको एकीकृत वस्ती विकासको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने विषयमा समितिले दिएको निर्देशनलाई यस मन्त्रालयले ग्रहण गर्दै सो सम्बन्धी कार्यलाई प्राथमिकता दिएको छ । |
| १२२ | २०७८/०४/२४ | नेपाल सरकार अर्थ मन्त्रालय | चालु आ.व. को बजेट वक्तव्य (LMBIS) मा शहरी विकास मन्त्रालय अन्तर्गत उल्लेख भएका विभिन्न शीर्षकहरु मध्ये ५०% भन्दा बढी शीर्षकका कार्यक्रमहरुको वार्षिक कार्यक्रममा स्रोतको सुनिश्चितता नभएकोमा समितिको ध्यानाकर्षण भएको छ ।यस सम्बन्धमा आर्थिक स्रोतको सुनिश्चितताको आधारमा मात्र वार्षिक कार्ययोजना | समिति समक्ष<br>प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | बजेट वक्तव्यमा उल्लेख गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२२ | २०७८/०४/२४ | नेपाल सरकार शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालय | शहरी विकास मन्त्रालय अन्तर्गत विभिन्न जिल्लामा सञ्चालन भएका अधुरा आयोजनाहरुका लागि स्रोतको सुनिश्चितता गरी सम्पन्न गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | स्रोतको सुनिश्चितता नभएका कार्यक्रम, अधुरा आयोजनाको स्रोत सुनिश्चितताको लागि यस मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी टुङ्गो लगाउने कार्य भइरहेको छ । |
| १२३ | २०७८/०४/२७ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सबै स्थानीय तहका वडा कार्यालय, सामुदायिक विद्यालय र स्वस्थ्य केन्द्रहरुमा सूचना प्रविधि पूर्वाधारको पहूँच सुनिश्चित गर्न ब्रोडव्याण्ड इन्टरनेट सेवा पुऱ्याउने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन तथा स्थानीय तहको समन्वयमा प्रत्येक स्थानीय तहमा सूचना प्रविधि केन्द्र स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | नेपाल दूरसञ्चार प्राधिकरण ग्रामिण दूरसञ्चार विकास कोष परिचालन गरी हालसम्म स्थानीय निकायका ६७९, वडा कार्यालय ५६६४, माध्यामिक विद्यालय ५०२३ र स्वास्थ्य संस्थाको संख्या ४०२७ गरी कुल संख्या १५३९३ स्थानहरुमा ब्रोडब्याण्ड सेवा जडान कार्य सम्पन्न भएको छ भने स्थानीय तहको समन्वयमा प्रत्येक स्थानीय तहमा सूचना प्रविधि केन्द्र स्थापना र सञ्चालन गर्ने सम्बन्धमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | specification तथा bid doucument तयार हुने क्रममा रहेको । |
| १२३ | २०७८/०४/२७ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | मुलुकमा सुशासन, समृद्धि र विकासका लागि डिजिटल पूर्वाधार तथा प्रविधिको विकास एवं विस्तार गर्न अन्तरमन्त्रालयगत समन्वय गरी डिजिटल नेपाल फ्रेमवर्क, २०७६ को स्पष्ट कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयनका लागि समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७ कार्तिक ८ को निर्णयानुसार डिजिटल नेपाल फ्रेमवर्क २०७६ को कार्यान्वयन कार्ययोजना स्वीकृत भै कार्यान्वयन भइरहेको । |
| १२३ | २०७८/०४/२७ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कोरोना भाइरस (कोभिड-१९) का कारण मुलुक आक्रान्त अवस्थाबाट गुज्रिँदै गर्दा कोरोनाको दोस्रो लहर तथा तेस्रो लहरको भयावह स्थिति सृजना भइरहेको परिप्रेक्ष्यमा सरकारका विभिन्न अंगहरुबाट सञ्चालन हुने बैठक, गोष्ठी, सेमिनार लगायत सार्वजनिक निकायका कामहरु समेत भौतिक रुपमा सञ्चालत गर्न कठिनाई भएकोले परिवर्तित सन्दर्भमा भर्चुअल बैठक सञ्चालनका लागि नीतिगत व्यवस्था गर्न भइरहेका कानुनमा संशोधन वा नयाँ कानुन निर्माणका लागि सो सम्बन्धी विधेयक तत्काल सदनमा पेश गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | प्रक्रियामा रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १२३ | २०७८/०४/२७ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई बढी विश्वसनिय, सुरक्षित र पहूँचयोग्य बनाउन सूचना प्रविधिको क्षेत्रमा तीव्रतर विकास र विस्तारका सन्दर्भमा विद्यमान ऐन/नियमलाई परिस्कृत गरी वर्तमान आवश्यकता अनुरुप परिमार्जन गर्न एवम् परिवर्तित सन्दर्भमा सम्पूर्ण सरकारी कार्यालयहरुलाई डिजिटलाइज गर्ने प्रक्रिया तत्काल अघि बढाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | • सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद प्रतिनिधिसभामा दर्ता भएको ।<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सहित ६ वटा सरकारी निकायहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू भएको ।<br>• सरकारी क्लाउड (सञ्चालन तथा व्यवस्थापन) निर्देशिकाको मस्यौदा रायको लागि अर्थ मन्त्रालयमा पठाइएको । |
| १२३ | २०७८/०४/२७ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रविधिको उच्चतम उपयोगको माध्यमको रुपमा रहेको मोबाइलबाट हुने गरेको फ्रडलाई नियन्त्रण गर्न मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम (MDMS) स्थापना गरी मोबाइलबाट हुने गरेको अवैध कार्य रोक्ने प्रक्रिया प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | मोबाइलबाट हुने गरेको फ्रडलाई नियन्त्रण गर्न मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (MDMS) स्थापना गरी अवैध मोबाइलबाट हुने अबैध कार्य रोक्नका लागि हालसम्म (MDMS) प्रणालीमा रहेको Importers module तयार भएको । |
| १२३ | २०७८/०४/२७ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | हुलाक कार्यालयहरुलाई व्यवस्थित, प्रभावकारी र आधुनिकिकरण गरी यसका सेवाहरुलाई | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवसायिक र प्रविधिमैत्री बनाउन तत्काल आवश्यक नीतिगत तथा कानुनी व्यवस्था मिलाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२४ | २०७८/०४/३१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कोभिड १९ को उच्च जोखिमको अवस्थामा पनि माथि उल्लेखित भवनहरुको निर्माण कार्यमा निरन्तर रुपमा काम गरिरहेका सम्पूर्ण मजदुरहरुलाई तत्काल कोभिड विरुद्धको खोप लगाउने व्यवस्था मिलाउन समिति नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२४ | २०७८/०४/३१ | नेपाल सरकार अर्थ मन्त्रालय | निर्माणाधीन संघीय संसद भवनलाई निर्धारित समयमा सम्पन्न गर्न आवश्यक पर्ने बजेट तत्काल उपलब्ध गराउन समिति नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२४ | २०७८/०४/३१ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | निर्माणाधीन अवस्थामा रहेको संघीय संसद भवन निर्माणका लागि उपलब्ध गराईएको जग्गा सुनिश्चित गरी कार्यान्वयन गर्न समिति नेपाल सरकार | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ । | |
| १२५ | २०७८/०६/१० | नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महानगरीय ट्राफिक प्रहरी महाशाखा | नेपालीहरुको महान् चाडपर्व नजिकिँदै गर्दा हालैको बाढी पहिरोबाट क्षतिग्रस्त भएका राजमार्गहरु सहजरुपमा सुचारु हुने गरी व्यवस्थापन गर्न, कोभिडको संक्रमणलाई समेत मध्यनजर गरी सवारी साधनको सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्न र स्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गर्न गराउन तथा लामो दूरीमा चल्ने सवारी साधनहरुको भाडादर यात्रुहरुले सहजरुपमा थाहा पाउने गरी सवारी साधनमा टाँस्ने व्यवस्था हुन, भौतिक रुपमा लामवद्द भएर टिकट लिने प्रक्रियालाई निरुत्साहित गर्दै अनलाइन टिकट वितरण प्रणालीलाई प्रभावकारी बनाई अनलाईनबाट टिकट खरिद गर्दा भाडादरमा केही प्रतिशत छुटको समेत व्यवस्था गरी यात्रुहरुलाई अनलाइन प्रणाली मार्फत टिकट खरिद गर्न प्रोत्साहन गर्न, दशैको लागि ७ दिन देशभरीका सबै यात्रुबाहक सवारी साधनलाई रुट अनुमती खुल्ला गर्न र यो सबै विषयको प्रभावकारी अनुगमन गर्न गराउन समिति नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रालयलाई निर्देश गर्दछ । साथै समितिको मिति २०७५/०६/१० गतेको निर्देशन अहिले पनि उपयुक्त देखिएको हुँदा पुनः कार्यान्वयन गर्न गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महानगरीय ट्राफिक प्रहरी महाशाखालाई निर्देश गर्दछ । | |
| १२५ | २०७८/०६/१० | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | रु ५० करोड भन्दा बढी लागत भएका आयोजनाहरुलाई मात्र बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी बनाइएको मापदण्डले पूर्वाधार विकासका आवश्यक रहेका धेरै आयोजनाहरु कार्यान्वयन गर्न अव्यवहारिक हुने भएकोले यो मापदण्डमा तत्काल पुनरावलोकन गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२५ | २०७८/०६/१० | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | मन्त्रालय र मन्त्रालय मातहतका विभिन्न निकायका निर्माणाधीन अवस्थामा रहेका पूर्वाधार सडकहरु, निर्वाचन क्षेत्रका रणनीतिक सडक तथा पुलहरु एवं स्थानीय सडक लगायतका पूर्वाधार विकासका कामहरुका लागि आवश्यक स्रोतको सुनिश्चित गरी | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पन्न गर्न साथै तीन वर्षमा सम्पन्न हुने भनिएको जनकपुर-भिट्टामोड सडक हालसम्म पनि सम्पन्न नभएकोले उक्त सडक तोकिएको समय भित्र गुणस्तरयुक्त रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२६ | २०७८/०६/१८ | राष्ट्रिय पुननिर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | भूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुननिर्माण गर्ने जिम्मेवारी पाएको राष्ट्रिय पुननिर्माण प्राधिकरणले निर्माण गरी त्यसको जिम्मेवारी नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा हालै हस्तान्तरण भएको सन्दर्भमा ती संरचनाहरुको दिगो संरक्षण, उपयोग, मर्मत सम्भार एवं त्यसको समुचित व्यवस्थापन गर्न र हस्तान्तरण भई पुननिर्माण सम्पन्न भई नसकेका संरचनाहरुको निर्माणको लागि स्रोतको सुनिश्चितता सहित निर्धारित समयमा सम्पन्न गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने गरी स्पष्ट कार्ययोजना १५ (पन्ध्र) दिनभित्र तयार पारी कार्यान्वयन गर्न र उक्त कार्ययोजना समितिलाई समेत उपलब्ध गराउन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बद्ध जिम्मेवार निकायहरुलाई निर्देश गर्दछ । | |
| १२६ | २०७८/०६/१८ | राष्ट्रिय पुननिर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | राष्ट्रिय पुननिर्माण प्राधिकरणको समयावधि समाप्त हुन गइरहेको सन्दर्भमा प्राधिकरण र प्राधिकरण मातहत रही भूकम्प प्रभावित विभिन्न जिल्लामा खटिइ पुननिर्माणको कार्यलाई सफल बनाउन योगदान पुऱ्याउने जनशक्तिलाई प्रभावकारी रुपमा व्यवस्थापन गरी परिचालन गराउने व्यवस्था मिलाउन समिति राष्ट्रिय पुननिर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बद्ध जिम्मेवार निकायहरुलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| १२६ | २०७८/०६/१८ | नेपाल सरकार शहरी विकास मन्त्रालय | भूकम्पबाट प्रभावित जिल्लाहरुमा पुनर्निर्माणको कार्यमा प्रयोग भएको भूकम्प प्रतिरोधी प्रविधि नेपालको सबै जिल्लाहरुमा प्रयोग गरी निजी आवास लगायत पूर्वाधार निर्माणका कार्यहरुलाई दिगो र सुरक्षित बनाउने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२७ | २०७८/०७/०७ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालाय र गृह मन्त्रालय | नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको मुलुक हो । नेपालमा हरेक वर्ष आउने बाढी पहिरोबाट हुने क्षतिलाई न्यूनीकरण गर्न दूरगामी महत्वको दीर्घकालीन कार्यक्रम र कार्ययोजना बनाएर त्यसको कार्यान्वयन गर्नु अहिलेको मुख्य आवश्यकता हो । हालैको वेमौसमी वर्षाका कारण आएको बाढी पहिरोमा परी ज्यान गुमाउनेहरु प्रति समिति हार्दिक श्रद्धान्जली तथा मृतकका परिवारहरुप्रति समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वस्थ्य लाभको कामना गर्दछ । बाढी प्रभावित क्षेत्रमा तत्काल राहत उद्दार तथा खोजका कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी घाइतेहरुको उपचार र बाढी प्रभावितहरुलाई उचित राहत उपलब्ध गराउन समिति नेपाल सरकार | नेपाल सरकार गृह मन्त्रालयः<br>• घाइतेहरुको उद्दार, तत्काल क्षतिपूर्ति तथा राहतको व्यवस्था मिलाइएको ।<br>• केन्द्रीय तथा जिल्ला विपद् व्यवस्थापनको परिचालन गरी राहत प्रदान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालाय र गृह मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२७ | २०७८/०७/०७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | हालैको वर्षाका कारण अवरुद्ध भएका सडक तथा पुलहरु तत्काल सञ्चालनमा ल्याउन एवं मनाङ, बझाङ, बाजुरा लगायतका जिल्लामा पुग्ने सडकहरु पूर्ण रुपमा अवरुद्ध भएकोले अस्थायी रुपमा तत्काल यातायात सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२७ | २०७८/०७/०७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना आ.व. २०६४/६५ मा प्रारम्भ भई आ.व. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा अहिले २०७८ सालसम्म आइपुग्दा १४ वर्षको अवधीमा जम्मा ५८ प्रतिशत मात्र भौतिक प्रगति सम्पन्न भएको अवस्था छ । आयोजनाले हालै आ.व. २०७९/८० सम्ममा काम सम्पन्न गर्ने लक्ष्य राखिरहँदा अबको २ वर्षमा ठेक्का लाग्न बाँकी खण्डको ठेक्का प्रक्रिया पूरा गरेर तोकिएको समयमा राजमार्ग निर्माण गर्न सकिने विश्वसनिय तथ्य र आधार स्पष्ट गरी आयोजनाको काम अगाडी | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | बढाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२७ | २०७८/०७/०७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | समितिको २०७६/०२/१७ गते बसेको ३७औं बैठकले, "पुष्पलाल (मध्य पहाडी) राजमार्गको मार्गाधिकार (Right of way) निर्धारण गरी जमिनको लगतकट्टा गर्ने व्यवस्था चालु आ.व. २०७५/०७६ भित्रै मिलाउन एवं हिमाल, पहाड र तराई/मधेशको वातावरण/मौसमलाई मध्यनजर गरी ठेक्का अवधि, संरचनाको डिजाइन, उपयोग हुने निर्माण सामाग्री, सडकको मापदण्ड र मार्गाधिकार (Right of way) तोक्न ।" भनि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दिएको निर्देशन प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति गम्भीरता पूर्वक पुनः निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२७ | २०७८/०७/०७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | मुलुकको विकास निर्माणसँग सम्बन्धित पूर्वाधार निर्माणका कार्यहरुलाई चुस्त दुरुस्त रुपमा अगाडी बढाउन विद्यमान कानूनमा रहेका व्यवस्था र प्रावधानहरुले प्रशस्त मात्रामा अवरोध सिर्जना गरिरहेका छन् । विकास निर्माणसँग सम्बन्धित यस्ता कार्यहरु विकासमैत्री ढङ्गले निर्धारित समयमा | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पन्न गर्ने वातावरण सुनिश्चित गर्नका लागि विद्यमान कानूनका त्यस्ता प्रावधानहरुमा संशोधन गर्ने कार्य तत्काल अगाडी बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२८ | २०७८/०९/०१ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र शहरी विकास मन्त्रालय | नेपाल सरकारका सरकारी भवन तथा कार्यालयहरु शहरी विकास मन्त्रालयबाट निर्माण हुने गरी नीतिगत निर्णय भएकोमा हाल सम्वद्ध संघीय सरकारका सरकारी निकायहरुले बजेट निकासा गरी आफ्ना भवनहरु निर्माण गर्दा त्यसले वातावरणीय लगायत विविध क्षेत्रमा नकारात्मक असर परेको र मापदण्ड बमोजिम निर्माण नभएको देखिएकोले आगामी दिनमा यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालयबाटै मापदण्ड र गुणस्तरयुक्त रुपमा सरकारी भवनहरु निर्माण गर्ने जिम्मेवारी पूर्ण रुपमा कार्यान्वयन गर्ने व्यवस्था हुन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२८ | २०७८/०९/०१ | शहरी विकास मन्त्रालय | परिवर्तित राजनीतिक परिवेशमा नागरिकको विकासप्रतिको तीव्र चाहना सम्बोधन गर्न विभिन्न | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | शीर्षकहरुमा छरिएर रहेका, बजेट अभावका कारणले अलपत्र परेका आयोजनाहरुको तत्काल पहिचान गरी व्यवस्थित शहरीकरणको अवधारणा अनुरुप नागरिकले अनुभुत गर्ने किसिमको विकासका आयोजनाहरु अगाडी बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२८ | २०७८/०९/०१ | शहरी विकास मन्त्रालय | नागरिक सुरक्षित आवास कार्यक्रम अन्तर्गत जिल्लाका विपन्न नागरिकहरुलाई मापदण्ड निर्धारण गरी फुसको छाना फेरे बापत भुक्तानी हुनुपर्ने रकम सम्वद्ध सेवाग्राहीहरुले हालसम्म भुक्तानी नपाएको गुनासो आइरहेकोले त्यसको तत्काल आवश्यक सम्बोधन गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२९ | २०७८/०९/१६ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | दार्चुला-टिंकर सडक खण्डको सडक रेखाङ्कन महाकाली नदीको किनारमा भएकोले अधिकांश स्थानहरुमा ब्लाष्टिङ्ग गर्दा ढुङ्गाका टुक्राहरु सिमापारी जाने भएकोले समय-समयमा भारतीय पक्षबाट अवरोध हुने भएको हुँदा ट्र्याक निर्माणको कार्य प्रभावित हुने देखिएकोले भारतीय पक्षसँग | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | समन्वय गरी निर्वाध रुपमा काम गर्ने वातावरण तयार गरिदिन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १२९ | २०७८/०९/१६ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाली सेनाबाट निर्माणाधीन सडकहरु भौगोलिक रुपमा विकट तथा कडा चट्टानी भीरहरुमा जोखिमपूर्ण हुने भएकोले यही आ.व. देखि लागू हुने गरी निर्माण कार्यमा संलग्न हुने सकल दर्जाहरुलाई प्रोत्साहन स्वरुप जोखिम भत्ताको व्यवस्था गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १२९ | २०७८/०९/१६ | अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कर्णाली करिडोर तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडक खण्डमा आवश्यक बजेट विनियोजन गरी निर्वाध रुपमा विकास निर्माणका कार्यहरु सुचारु गर्ने आवश्यक व्यवस्था मिलाउन एवं विकास निर्माणका कार्यमा खटिने जनशक्तिको अभाव देखिएकोले आवश्यक प्राविधिक जनशक्तिहरुको तत्काल पदपूर्ति गर्ने व्यवस्था समेत | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | मिलाउन समिति अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १३० | २०७८/०९/१९ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकम | सूचना प्रविधिको क्षेत्रमा मुलुकले तीव्रतर रुपमा फड्को मारिरहँदा हालै कोभिड-१९ ले पारेको प्रभावका कारण मुलुक प्रविधिमा आधारित बनेको छ । सूचना तथा प्रविधि आम नागरिकको अभिन्न अंग बनिरहँदा राज्यको सेवा प्रदायकको रुपमा रहेको नेपाल टेलिकमको सेवा प्रभावकारी हुन सकेको छैन । कोभिड-१९ का कारण हाल धेरैजसो निजी कम्पनीले घरैबाट इन्टरनेट मार्फत सेवा सञ्चालन गरेका छन् । स्कुल, कलेज, बैंक तथा वित्तीय संस्था लगायत विभिन्न सञ्चारका माध्यमहरु पनि इन्टरनेटमा नै आधारित भएर सेवा प्रवाह गरिरहेका छन् । यति हुँदा हुँदै पनि नेपाल टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी नभएको गुनासो आम नागरिकबाट उठिरहेको सम्बन्धमा टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी, गुणस्तरीय र आम नागरिकले अपेक्षा गरे अनुरुप बनाउन टेलिकमको आगामी कार्ययोजना स्पष्ट रुपमा ३० दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार, | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकमलाई पुनः निर्देश गर्दछ । | |
| १३० | २०७८/०९/१९ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल टेलिकमले अघिल्लो आर्थिक वर्षमै सबै स्थानीय तहमा 4G सेवा विस्तार गरिसक्ने कार्ययोजना समितिमा पेश गरिसकेको सन्दर्भमा विस्तार हुन बाँकी रहेका ४३ वटा स्थानीय तहमा 4G सेवा विस्तार गर्ने कार्ययोजना एवं लक्ष्य अनुसार बाँकी रहेका नेपाल टेलिकमका २२८ वटा टावर निर्माण कहिलेसम्म सम्पन्न गरिने हो सो को कार्ययोजना समेत बनाई १५ (पन्ध्र) दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ। | समिति समक्ष प्राप्त हुन नआएको । |
| १३० | २०७८/०९/१९ | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल टेलिकमले सेवा विस्तार गरिरहेको सन्दर्भमा ग्राहकहरुको संख्या उल्लेख्य वृद्धि भइरहेको जनाएता पनि टेलिकमले प्रदान गर्नुपर्ने गुणस्तर मात्र होइन पूर्वाधार निर्माणको कार्य समेत अपेक्षित रुपमा अगाडि बढाउन नसकेको पाइएको हुँदा टेलिकमलाई आवश्यक पर्ने जनशक्ति तत्काल पदपूर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | मिलाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ। | |
| १३० | २०७८/०९/१९ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कुनैपनि निकाय वा संस्थालाई निरुत्साहन तथा प्रोत्साहन पुग्ने गरी नभइ संस्थाको हितमा हुनेगरी कार्यविधि तथा नियमावलीमा संशोधन गर्ने प्रक्रिया अगाडि बढाउँदा ध्यान पुऱ्याउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | समिति समक्ष प्राप्त हुन नआएको । |
| १३० | २०७८/०९/१९ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा निजी क्षेत्रले गुणस्तर तथा पूर्वाधार सहित द्रुततर रुपमा फड्को मारिरहेको सन्दर्भमा नेपाल टेलिकम लगायत मन्त्रालय अन्तर्गतका सबै निकायहरुले परिवर्तित सन्दर्भमा सो अनुकुल सेवा प्रवाह गर्न नसकेको परिप्रेक्ष्यमा टेलिकम लगायत आम सञ्चारका माध्यमहरुलाई प्रभावकारी बनाउन पूर्वाधारका अन्य संरचनाहरु थप गरी भइरहेका ऐन नियममा समयानुकुल संशोधन गरी मन्त्रालय अन्तरगतका निकायले दिने सेवाको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गर्ने व्यवस्था मिलाउन समिति नेपाल | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १३२ | २०७८/०९/३० | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | हालै मेलम्ची खानेपानी आयोजनाले अस्थायी रुपमा मेलम्चीको पानी काठमाडौं उपत्यकामा पथान्तरण गर्ने गरी बनाएको कार्ययोजना यथाशीघ्र स्वीकृत गरी कार्यान्वयनमा लैजान समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ । | मेलम्ची खानेपानी आयोजनाको कार्ययोजना नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट स्वीकृत भएको । स्वीकृत कार्ययोजना बमोजिम कार्यस्थलमा निर्माण व्यवसायी परिचालन भइ नेपाल सरकारको घोषणा अनुसार २०७८ चैत्र मसान्तभित्र मेलम्ची पानी पथानान्तरण गर्ने गरी पुनर्संरचनाको कार्य भैरहेको । |
| १३२ | २०७८/०९/३० | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालय | नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गतका जिम्मेवार निकायहरुबाट काठमाडौं उपत्यका लगायतका विभिन्न स्थानहरुमा खानेपानी सेवा विस्तारका लागि भइरहेका कार्यहरुमा अन्य निकायहरुबाट आवश्यक समन्वय नगरी क्षति पुऱ्याउने कार्य भइरहेकोले यसरी तेस्रो पक्षबाट खानेपानी आयोजनाको काममा पुऱ्याइएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउने नीतिगत व्यवस्था मिलाउन एवं यस्तो समस्या दोहोरिन नदिनका लागि utility corridor विधेयकको मस्यौदा यथाशिघ्र संसदमा पेश गर्न समिति नेपाल | खानेपानी मन्त्रालय अन्तर्गतको विशेषतः आयोजना कार्यान्वय निर्देशनालय ले विच्छ्याएको पाइपलाइनमा तेस्रो पक्षबाट क्षति पुगेकोले उक्त क्षतिको PID ले लगत तयार गरेको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १३२ | २०७८/०९/३० | नेपाल सरकार खानेपानी मन्त्रालय | नेपालमा गरिएका विभिन्न अध्ययनहरुले केही दशकयता देखि पानीका मुहानहरु सुक्दै गइरहेको देखाएको छ ।यसरी पानीका मुहानहरु सुक्दै जाँदा पानी उपभोगमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुग्ने मात्र नभई जैविक विविधता र पर्यावरणमा समेत नकारात्मक असर पुग्ने हुँदा अहिले भइरहेको र भविष्यमा झनै बढ्ने तापमान वृद्धि र वर्षातको फेरबदलले प्रत्यक्ष असर पार्ने पानीको मुहान सुक्नुको रहस्य पत्ता लगाई अहिले देखि नै मुहानको संरक्षणको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ । | जलवायु परिवर्तन, भुकम्पको प्रभाव तथा वर्षातको फेरबदलले गर्दा पानीको स्रोतहरु सुक्दै गइरहेको परिपेक्ष्यमा एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणामा आगामी आ.व. बाट कार्यान्वयन गर्ने गरी विभिन्न कार्यक्रमहरु तयार भइरहेको । |
| १३२ | २०७८/०९/३० | समिति नेपाल सरकार खानेपानी मन्त्रालय | हालैको बाढीले क्षतिग्रस्त भएको मेलम्ची खानेपानी आयोजना भौगर्भिक दृष्टिकोणले जोखिमपूर्ण रहेको अवस्थामा काठमाडौ उपत्यकामा पानीको माग धान्न नसक्ने सम्भावना देखिएकोले वैकल्पिक आयोजनाको रुपमा प्रस्तावित गरिएको सिस्नेरी खानेपानी आयोजनालाई कार्ययोजना बनाई | काठमाडौ उपत्यकाका लागि खानेपानि सुरक्षा अभिवृद्धि गर्न मकवानपुर जिल्लामा अवस्थित सिस्नेरी खोला तथा ललितपुर जिल्ला अवस्थित ठोस्ने खोलाको अध्ययन कार्य शुरु गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | यथाशिघ्र कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १३२ | २०७८/०९/३० | समिति नेपाल सरकार खानेपानी मन्त्रालय | निर्माणाधीन खानेपानी आयोजनाहरुमा २०% जनश्रमदान गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुन नसकेकोले धेरै आयोजनाहरु अलपत्र परेका छन् । तसर्थ यो विषयमा ध्यान पुऱ्याई कार्यान्वयन हुन सक्ने वैकल्पिक नीतिगत व्यवस्था मिलाई अलपत्र आयोजनाहरुलाई सम्पन्न गर्न समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ । | खानेपानी आयोजनाहरुमा जनश्रमदान गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुन नसकी अलपत्र परेका अधुरा तथा निर्माणाधीन आयोजनाहरु अगाडि बढाउन तथा विभिन्न आयोजनाहरुमा भएका जनश्रमदान सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने कार्य अगाडी बढेको छ । |
| १३३ | २०७८/१०/२८ | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नारायणघाट-बुटवल सडकखण्डका दुवै प्याकेजमा स्वीकृत डि.पि.आर. मा उल्लेख भए भन्दा क्रमश ५७६% र ४४०% बढी रुखहरु काट्नु परेकोले आयोजनाको काममा ढिलाई भएको भन्ने तथ्य पेश भएको सन्दर्भमा आयोजनाको काम नै प्रभावित हुने गरी गलत आँकडा पेश गर्ने र उक्त कार्यलाई स्वीकृत गर्ने जिम्मेवार पदाधिकारीमाथि १५ (पन्ध्र) दिन भित्र छानवीन गरी त्यसको प्रतिवेदन समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १३३ | २०७८/१०/२८ | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | छिमेकी राष्ट्रबाट नेपाल प्रवेश गर्ने ठूला मालबाहक सवारी साधनहरुले सवारी साधनको निर्धारित मापदण्ड र सडकको भारबहन क्षमता भन्दा बढी मालवस्तुहरु लोड भए नभएको सम्बन्धमा भन्सार नाका प्रवेश गर्दाकै अवस्थामा अनिवार्य रुपमा परीक्षण गर्ने गरी नीतिगत व्यवस्था मिलाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गरिन्छ । साथै यस्तो नीतिगत व्यवस्थाका लागि आवश्यक समन्वयको पहल गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गरिन्छ | समिति समक्ष प्राप्त हुन नआएको । |
| १३३ | २०७८/१०/२८ | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोग | देशको दूरगामी महत्व राख्ने राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय स्तरका आयोजनाहरु निर्धारित समयमा सम्पन्न गर्न आयोजनाको काममा समयमा भुक्तानी नहुने समस्या देखिएको कारण आयोजनाको काम नै प्रभावित भई रहेको देखिएकोले यस्ता आयोजनाहरुमा भुक्तानीमा ढिलाई हुने समस्या अन्त्य हुने गरी बजेट व्यवस्थापन गर्न र निर्माण सामाग्री सहज रुपमा उपलब्ध हुने आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ | समिति समक्ष प्राप्त हुन नआएको । |

| | | | | |
|---|---|---|---|---|
| १३३ | २०७८/१०/२८ | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नुवाकोट जिल्ला अन्तरगतको बालाजु-रानीपौवा सडक खण्ड र रानीपौवा-पिपलटार सडक खण्ड स्तरोन्नतिको कार्य गर्दा साविकमा भएको पिच तथा ड्रेनहरु भत्काई डोजर लगाई क्षत विक्षत बनाई हालसम्म सम्पन्न नभएको विषयलाई उल्लेख गरी सो क्षेत्रका स्थानीय वासिन्दाले समितिलाई दिएको निवेदनको सन्दर्भमा उक्त सडकको कार्य निर्धारित गुणस्तर र समयमा सम्पन्न गर्न नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ | समिति समक्ष प्राप्त हुन नआएको । |
| १३४ | २०७८/११/११ | नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना | काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको प्याकेज नं ४ र ५ को ठेक्का प्रक्रिया पूर्व तयारीको कार्य सम्पन्न नगरी सुरु गरेको र कानुन सम्मत नभएको भनी प्रश्न उठेकोले यसको यथार्थ विवरण ७ (सात) दिनभित्र समितिमा पेश गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्देश गर्दछ । | उल्लिखित ठेक्का प्रक्रियाहरु सम्बन्धी सम्झौता लगायतका कागजातहरु सहित विवरण प्राप्त हुन आएको । |
| १३४ | २०७८/१२/१३ | नेपाल सरकार रक्षा मन्त्रालय | समितिबाट स्थलगत अनुगमनका क्रममा काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना निर्माणको चरणमा बनिसकेका कतिपय संरचनाहरु चर्किएको, भत्किएको, Drain Pipe हरु फुटेको, गुणस्तरहीन निर्माण सामग्रीको प्रयोग भएको र प्रारम्भिक चरणमा नै बनेका संरचनाहरु मर्मत समेत | प्रधानमन्त्री तथा रक्षा मन्त्रि स्तरिय बैठकको निर्णयबाट छानवीन समिति गठन भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको पाइएको हुँदा सोही धरातलमा द्रुतमार्ग निर्माणको काम अगाडि बढाउँदा तोकिएको मापदण्ड अनुरुप द्रुतमार्ग निर्माण हुनेमा प्राविधिक विज्ञहरुले समेत शंका व्यक्त गरिरहेको सन्दर्भमा उक्त कार्यको छानविन गरी यथार्थ विवरण पत्ता लगाई दोषिलाई कारवाही गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालयलाई निर्देश गर्दछ । | |
| १३५ | २०७८/१२/१३ | नेपाल सरकार रक्षा मन्त्रालय र नेपाली सेना | द्रुतमार्ग (Express way) आयोजनाको प्याकेज २ को ठेक्का व्यवस्थापनका सम्बन्धमा नियमानुसार काम नभएको भनी मिति २०७७।१२।१९ गते बसेको सार्वजनिक लेखा समितिको बैठकले निर्दिष्ट कानुन अनुसार खरिद प्रक्रिया सञ्चालन नभएकोले खरिद प्रक्रिया रद्द गरी पुनः नियमानुसार खरिद प्रक्रिया अघि बढाउन नेपाल सरकारलाई निर्देश गरेको थियो । सो सम्बन्धमा उक्त निर्देशन उपर पुनर्विचारका लागि अनुरोध भइ आएको भनि मिति २०७८।११।२० गते बसेको सोही समितिको बैठकले भविष्यमा यस प्रकारको अवस्था आउन नदिने गरी खरिद प्रक्रिया सञ्चालन गर्न, तत्कालिन सम्बद्ध पदाधिकारीलाई सचेत गराउन समेत निर्देश | सम्वद्ध कागजातहरु प्राप्त हुन आएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | गरी सकेको अवस्थामा फेरी प्याकेज नं. ४ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge And Alliied Works from Ch: 57+400 to Ch:.65+160) र प्याकेज नं. ५ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge,Toll Plazz, Intercharge and Allied Works Ch:65+160 to Ch:.72+529) को ठेक्का व्यवस्थापनका सम्बन्धमा निर्दिष्ट कानुन अनुसार सम्झौता नगरी कानुनको गम्भीर उल्लंघन गरेको गरेको पाइएको छ ।<br>समितिले आयोजनासँग विभिन्न मितिमा बैठक बसी आयोजनाबाट सम्पादन हुने सम्पूर्ण कार्यहरु पारदर्शी र विश्वसनीय रुपमा अगाडि बढाउन पटक पटक निर्देश गरेता पनि आयोजनाबाट हुने ठेक्का व्यवस्थापनका कार्यहरु कानुन विपरित हुने गरेको पाइएकोमा समितिको गम्भिर ध्यानाकर्षण भएको हुँदा ठेक्का व्यवस्थापनका कार्यहरु निर्दिष्ट कानुनको पूर्ण पालना गरी गर्न गराउन एवं त्रुटीपूर्ण कार्यमा संलग्न पदाधिकारीहरुलाई कारवाहीको प्रक्रिया अगाडि बढाउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र नेपाली सेनालाई निर्देश गर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १३६ | २०७८/१२/१३ | नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) आयोजना | प्याकेज नं. ३ को ठेक्का व्यवस्थापनका सन्दर्भमा सम्बन्धित निर्माण व्यवसायीले पेश गरेको Document विश्वसनीय नभएको भनी समितिमा गुनासो आएको हुँदा प्याकेज नं तीन अन्तरगत भएका ठेक्का व्यवस्थापनका सम्पूर्ण कागजातहरु ७ दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) आयोजनालाई निर्देश गर्दछ । | सम्वद्ध कागजातहरु प्राप्त हुन आएको । |

# परिच्छेद—४

# निष्कर्ष तथा सुझाव

## ४.१ निष्कर्ष

सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन दिन प्रतिनिधि सभामा गठन हुने विभिन्न समितिहरु मध्ये विकास तथा प्रविधि समिति एक महत्वपूर्ण समिति हो । समितिको कार्यक्षेत्र अन्तरगत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय पुननिर्माण प्राधिकरण रहेका छन् ।

समितिले आफ्नो गठन पश्चात् देखि नै कार्यक्षेत्रभित्र पर्ने विभिन्न जनसरोकारका विषयहरुमा नीतिगत, कार्यगत तथा प्रक्रियागत सुधारका लागि आवश्यक निर्देशनहरु दिंदै आएको छ । दिगो शान्ति, सुशान, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको नेपालको संविधानको भावना र मर्मलाई हरेक क्षेत्रले आत्मसात गर्नुपर्छ भन्ने समितिको ठहर रहेको छ । समितिको कार्यक्षेत्रभित्र पर्ने पूर्वाधार विकास, सञ्चार तथा सूचना प्रविधिको विकास, शहरी विकास, भूकम्प पछिको पुनर्निर्माण, नवनिर्माण, सांस्कृतिक सम्पदाहरुको निर्माण सबै विकास निर्माण र समृद्धिसँग जोडिएका विषयहरु हुन् । समितिले प्रतिवेदन अवधिसम्म आफ्नो कार्यक्षेत्रभित्र पर्ने विभिन्न मन्त्रालय, विभाग र मातहतका निकायहरुलाई विभिन्न विषयमा आवश्यक निर्देशन दिइसकेको छ । समितिले दिएका कतिपय निर्देशनहरु दीर्घकालिन महत्वका भएकाले आगामी वर्षहरुमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ । तथापि समसामयिक विषय, जनसरोकारसँग जोडिएका विषय, नीति निर्माणसँग सम्बन्धित विषयहरुमा समितिले मन्त्रालयको ध्यानाकर्षण गरी निर्णय कार्यान्वयनको अवस्था बारे निरन्तर जानकारी लिंदै आएको छ ।

समितिले आफ्ना कार्यहरू सम्पादन गर्दा विभिन्न सरोकारवाला मन्त्रालयका पदाधिकारीहरूसँग बैठकमा आपसी छलफल गरी सम्बन्धित सबै पक्षको समन्वय तथा सल्लाहमा नै आवश्यक सुझाव तथा निर्देशन गर्ने गरेको छ। प्रस्तुत प्रतिवेदन अवधिसम्म समितिको ३७ वटा बैठक बसी करिव ९८ घण्टा २० मिनेट समय व्यतित गरेको छ ।

### ४.२ सुझाव

समितिले प्रतिवेदन अवधिसम्म आफ्नो कार्यक्षेत्र भित्रका मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुलाई विभिन्न विषयमा सुझाव तथा निर्देशन दिंदै आएको छ यद्यपि विकास निर्माणलाई नजिकबाट नियाल्ने क्रममा समग्र विकास निर्माण प्रक्रियामा देखापरेका समस्याहरुको समाधानका लागि समितिले आफ्नो कार्यप्रारम्भ देखिनै औंल्याउँदै आएका देहायका विषयहरुमा पुनः सरकारको ध्यानाकर्षण गराएकोछ :-

- राष्ट्रिय गौरवका आयोजनाहरु समयमा सम्पन्न नहुँदा यस्ता आयोजनाहरुको लागत बढ्न गई मुलुककै अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्ने भएकोले यस्ता आयोजनाहरु तोकिएकै समयमा सम्पन्न गर्न एवं राष्ट्रिय योजना आयोगले योजना वैंक बनाइसकेपछि मात्र ठेक्कामा जाने प्रक्रिया अगाडि बढाउन समिति सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ ।
- टेन्डर प्रक्रियामा प्रतिस्पर्धामा आएकाहरुमध्ये कम लागतका लागि प्राथमिकता दिई टेन्डर स्वीकार गर्ने प्रवृत्तिले गुणस्तरमा सम्झौता भएको पाइएको हुँदा सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र भरपर्दो बनाउँन सार्वजनिक खरिद ऐन र नियमावलीमा पुनः संशोधनको अपरिहार्यता देखिएको ।
- विकास निर्माणका कार्यमा हुने ठेक्का प्रक्रिया समय समयमा विद्यमान कानुन उल्लंघन गरी हुने गरेको पाइएको हुँदा ठेक्का प्रक्रिया पारदर्शी एवं विश्वसनीय बनाउँनु पर्ने ।
- हरेक विकास निर्माणका कार्य आरम्भ गर्दा पर्यावरण संरक्षणको पक्षलाई समेत ध्यान दिनु पर्नेमा समितिले गरेका स्थलगत अवलोकनका क्रममा सो नपाइएको हुँदा आगामी दिनहरुमा पर्यावरण संरक्षणमा समेत ध्यान दिंदै वातावरण मैत्री विकास निर्माणका कार्य गर्नु पर्ने ।
- पूर्वाधार निर्माणका लागि अत्यावश्यक मानिने निर्माण सामाग्रीको अभाव दीर्घकालिन रुपमा समाधान गर्न नदी जन्य स्रोत मात्र पर्याप्त नहुने हुँदा वैकल्पिक खानीजन्य स्थानहरुको पहिचान गरी निर्माण समाग्रीको अभाव हुन नदिन एवं निर्माण सामाग्री उत्खनन् गर्ने कार्यलाई समेत वैज्ञानिक ढंगले व्यवस्थापन गर्न समिति सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।
- स्थलगत अवलोकनका क्रममा निर्माणाधीन भौतिक पूर्वाधारका संरचनाहरु गुणस्तरहीन पाइएकोले यस्ता संरचनाहरुमा गुणस्तर कायम गर्न आवश्यकता अनुसार नियमित प्राविधिक परीक्षण सहित निरन्तर अनुगमन गर्नु पर्ने, विकास निर्माणका आयोजनाहरु जनताका आवश्यकताका आधारमा छनोट हुनु पर्ने, एवं अन्तर मन्त्रालयगत समन्वय गरी विकास निर्माणका कामहरु अगाडि बढाउनु पर्ने समितिको ठहर रहेको छ ।

- परम्परागत वस्तीहरुको संरक्षण र आधुनिक वस्ति विकासका लागि मापदण्ड तय गरी व्यवस्थित शहरीकरणको अवधारणा अनुसार अगाडि बढ्न र जोखिम युक्त वस्तीहरुलाई व्यवस्थित गर्नु पर्ने ।
- जनतामा आधारभूत खानेपानी सेवाको पहुँच विस्तारलाई द्रुत गतिमा अगाडि बढाउँदै स्वच्छ खानेपानी उपलब्ध गराउने कार्य तदारुकताका साथ गर्नु पर्ने ।
- सूचना प्रविधि क्षेत्रको तिव्रत्तर विकास र त्यसले ल्याउने जोखिम न्यूनीकरणका लागि सो अनुरुपको कानुन तत्काल निर्माण गर्नु पर्ने एवं इन्टरनेट सेबाको पहुँच विस्तार गरी इन्टरनेट डेटामा ग्राहक ठगिने कार्यलाई निरुत्साहित गर्न निजी सेवा प्रदायक कम्पनीहरुलाई नियमन गरी सरकारी सेवाको विकास एवं विस्तार गर्नु पर्ने ।नेपाल टेलिकमबाट वितरित सेवा प्रवाह प्रभावकारी नभएको तथ्यलाई मनन गरी टेलिकमलाई निजीक्षेत्रसँगको प्रतिस्पर्धामा आउनसक्ने वातावरणको सुनिश्चितता हुनु पर्ने ।

# परिच्छेद-२

## समितिबाट सम्पादित कार्यहरू

### २.१ समितिको स्थलगत अध्ययन, अवलोकन, भ्रमण सम्बन्धी कार्य

समितिले यस प्रतिवेदन अवधिभर विभिन्न समयमा राष्ट्रिय गौरव एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको स्थलगत अवलोकन गरेको थियो । मध्य पहाडमा विकासको विस्तार गर्ने उद्देश्यले निर्माणाधीन पुष्पलाल (मध्य पहाडी) लोकमार्गको पश्चिम खण्ड, सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्ने उद्देश्यले कर्णाली करिडोर अन्तरगत निर्माणाधीन खुलालु-लैफु-सलिसल्ला सडक खण्ड, दार्चुला-टिंकर(कोठधार-टिकर) सडक खण्ड, नारायणघाट-बुटवल सडक खण्ड, मदन भण्डारी राजमार्गको पूर्वी खण्ड लगायतका आयोजनाहरुको संसदीय टोलिले अवलोकन गरी निर्माणाधीन आयोजनाहरूमा देखिएका समस्या तथा समस्या समाधानको उपाय समेत पहिचान गरी समितिले तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइसकिएको छ। स्थलगत अध्ययन, अवलोकन, भ्रमणका प्रतिवेदनहरू अनुसूची - ४ मा समावेश गरिएको छ ।

### २.२ उप समिति गठन सम्बन्धी कार्य

राष्ट्रिय गौरवको रुपमा रहेको काठमाडौं - तराई/मधेश द्रुतमार्ग (Express Way) आयोजनको सम्बन्धमा समितिले पटक पटक बैठक बसी आयोजना निर्धारित समयमा नै सम्पन्न गर्न सुझाव तथा निर्देशन दिंदै आएको छ । यति हुँदाहुँदै पनि आयोजनामा सोचे अनुरुपको प्रगति नदेखेपछि समितिले आयोजनामा देखिएका समस्याहरु विस्तृत रुपमा अध्ययन गरी समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्न मिति २०७७।१२।०९ गते बसेको बैठले मा. गणेश कुमार पहाडीको संयोजकत्वमा ५ सदस्यीय "काठमाडौं - तराई/मधेश द्रुतमार्ग (Express Way) आयोजना अध्ययन उपसमिति" गठन गरेको थियो । प्रारम्भिक चरणमा उपसमितिले काम अगाडि बडाउँदै आएता पनि कोरोना भाइरस (Kovid - 19) को दोस्रो तथा तेस्रो लहरका कारण उप समितिको काम प्रभावित भएको थियो । हाल उपसमितले द्रुतमार्ग अध्ययनको कार्य अगाडि बडाउदै आएको छ ।

### २.३ अन्तरक्रिया गोष्ठि/सेमिनार सम्बन्धी कर्य

समितिले समय समयमा विभिन्न अन्तरक्रिया गोष्ठि/सेमिनार जस्ता कार्यक्रमहरुको आयोजना गर्ने, सहभागिता जनाउने, समितिसँग सम्बन्धित क्षेत्रमा विज्ञता हासित गर्नु भएका विज्ञहरुसँग छलफल गर्ने जस्ता कर्यहरु समेत गर्दै आएको छ । यस्ता कार्यक्रमहरुले सम्बन्धित विषयमा विस्तृत रुपमा छलफल गर्न सकिने र आगामी दिनमा समितिका कार्यक्रमहरु थप प्रभावकारी हुने समितिको ठहर रहेको छ । यस प्रतिवेदन अवधिमा समितिले देहायबमोजिमका कार्यशाला गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

- मिति २०७८ असोज ८ र ९ गते धुलिखेलमा **दूरसंचार तथा सूचना प्रविधिको क्षेत्रमा देखिएका समस्या तथा समाधान विषयक कार्यशाला गोष्ठि** समिति सभापति सहित समितिका मा.कशसदस्यहरु, विषय विज्ञहरु र समिति सचिवालयका कर्मचारीहरु समेतको सहभागिता सम्पन्न भएको थियो ।

  कार्यक्रममा दूरसंचार क्षेत्रका विज्ञ तथा नेपाल सरकारका पूर्व सह-सचिव श्री कविराज खनालले "दूर संचार क्षेत्रमा देखिएका मुख्य चुनौती र सम्बोधनका सम्भाव्य उपायहरु" को विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यसै गरी दोश्रो दिन दूरसंचार क्षेत्रका विज्ञ तथा नेपाल सरकारका पूर्व सह-सचिव श्री विरेन्द्र कुमार मिश्रले "सूचना प्रविधि नीति, २०७२" र "Components to build national cyber security infrastructure" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथि भएको खुला छलफलबाट देहाय बमोजिमको निष्कर्ष सहित कार्यक्रम सम्पन्न भएको थियो ।

  - दूरसञ्चार नीतिलाई छाता नीतिको रुपमा ल्याउन उपयुक्त हुने ।
  - साइवर सुरक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरी चालु आ.व. मा जारी गर्नु पर्ने ।
  - साइवर सुरक्षाको लागि विद्यमान कानूनहरुमा परिमार्जन गर्ने, साइवर अपराध नियन्त्रण गर्न ऐन निर्माण गर्ने र विश्वविद्यालयहरुसँग समन्वय गरी साइवर सुरक्षा सम्बन्धी दक्ष जनशक्ति विकास गर्नु पर्ने ।

- शहरी विकास मन्त्रालयले २०७८ पुष २५ र २६ गते धुलिखेलमा **एकीकृत नमुना वस्ती, नयाँ शहर, मेगा सिटी, स्मार्ट सिटी** लगायतका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा समिति सभापति सहित समितिका माननीय सदस्यहरु, राष्ट्रिय सभाका माननीय सदस्य, शहरी विकास मन्त्रालयका सचिव, संघीय संसद सचिवालयका सचिव, मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायका पदाधिकारीहरु, विषय विज्ञ एवं समिति सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

  कार्यक्रममा विषयविज्ञ तथा नगर विकास कोषका कार्यकारी निर्देशक ई. कृष्णप्रसाद सापकोटाले "शहरी पूर्वाधार निर्माणका लागि वित्तिय व्यवस्थापन" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।त्यसैगरी विषय विज्ञ तथा शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक श्री पद्म कुमार मैनालीले "नयाँ शहर आयोजना, स्मार्ट सिटी, एकीकृत नमुना वस्ती एवं शहरी पूर्वाधार" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । समितिका माननीय सभापति कल्याणी कुमारी खडकाले मन्त्रालयका प्रस्तावित तथा निर्माणका चरणमा रहेका दुरगामी महत्वका कार्यक्रमहरु कार्यान्वयन हुने सुनिश्चितताका लागि आवश्यक विधि, पद्धति, प्रक्रिया र स्रोत साधनको प्रबन्ध सहितको प्रभावकारी योजना हुनुपर्नेमा जोड दिनुभयो । विषय विज्ञका कार्यपत्रमाथि शहरी विकास विज्ञ श्री ओमधरानन्द राजोपाध्यायले टिप्पणी गर्नुभएको थियो।

  उक्त कार्यक्रममा कार्यपत्रमाथि भएको खुला छलफल र विषयविज्ञको टिप्पणीबाट देहाय बमोजिमको निष्कर्ष प्रस्तुत भएको थियो ।

- नयाँ शहर, स्मार्ट सिटि, मेगा सिटी एडिबि र विश्व बैंकको सहयोगमा सञ्चालित पूर्वाधार विकासका कार्यक्रमहरुको कार्यान्वयनले शहरी विकास तथा समग्र अर्थतन्त्रमा पारेको प्रभावका साथै यसले नागरिकको जीवनस्तर अभिवृद्धिमा पुऱ्याउने योगदानका सम्बन्धमा मूल्याङ्कन हुनुपर्ने ।
- नेपाल सरकारबाट सञ्चालित जग्गा विकास कार्यक्रमलाई शहरी विकासको लागि आवश्यक जग्गा प्राप्तिको प्रमुख माध्यमको रुपमा विकास गर्नको लागि प्रभावकारी नीतिगत तथा कानुनी व्यवस्था गरिनुपर्ने ।
- दिगो र व्यवस्थित शहरी विकासका लागि तीनै तहका संस्थागत तथा नीतिगत व्यवस्थाहरुबीच प्रभावकारी समन्वय कायम गर्नुपर्ने ।
- सरकारी लागतमा निर्माण हुने भवनहरु एकद्वार प्रणालीबाट निर्माण हुन आवश्यक देखिएकोले निर्माणमा प्रभावकारी समन्वय र सहजिकरण हुनेगरी कानुनी व्यवस्था मिलाउनुपर्ने ।

❖ **दिगो पूर्वाधार विकासका लागि युटिलिटि करिडोरको अपरिहार्यता" विषयक अन्तरक्रिया कार्यक्रम**

मुलुकमा भईरहेको शहरीकरणलाई व्यवस्थित गर्न एवं शहरी क्षेत्रको भौतिक विकास मार्फत मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन **"दिगो पूर्वाधार विकासका लागि युटिलिटि करिडोरको अपरिहार्यता"** विषयक अन्तर्क्रिया कार्यक्रम समितिका माननीय सभापति, माननीय सदस्यहरु, समिति सम्बद्ध नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालयका सचिव, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष, नेपाल विधुत प्राधिकरणका प्रबन्ध निर्देशक लगायत सम्बद्ध विभिन्न सरकारी निकायका पदाधिकारीहरु, विषय विज्ञहरु र समिति सचिवालयका कर्मचारीहरुको सहभागिता मिति २०७८ फागुन १३ र १४ गते गोदाभरीमा सम्पन्न भएको थियो ।

कार्यक्रममा पूर्वाधार विज्ञ इन्जिनियर श्री कमल राज पाण्डेले "विकास आयोजनाहरुमा अन्तर निकायगत समन्वय" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने शहरी विकास मन्त्रालयका सचिव श्री मणिराम गेलालले "दिगो शहरी पूर्वाधार विकासमा समन्वय एवं युटिलिटि करिडोरको अपरिहार्यता" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।कार्यक्रममा सहभागी नेपाल सरकारका सचिव एवं अन्य पदाधिकारीहरुले मन्त्रालयको तर्फबाट आफ्नो धारणा राख्दै समयको माग एवं आवश्यकतालाई सम्बोधन गर्न युटिलिटि करिडोर सम्बन्धी कानुनी एवं नीतिगत व्यवस्थाका लागि यो कार्यक्रम अति नै प्रभावकारी भएको धारणा राख्नुभएको थियो ।समितिका सभापति मा. कल्याणी कुमारी खड्काले युटिलिटी करिडोरको अपरिहार्यतालाई सम्बोधन गर्न यस सम्बन्धी छुट्टै कानुन बनाउनु पर्ने आवश्यकता रहेको औंल्याउँदै सम्बन्धित सरोकारवाला मन्त्रालयलाई युटिलिटि करिडोर सम्बन्धी विधेयक यथाशीघ्र संसदमा दर्ता गर्न निर्देश गर्नु भएको थियो ।कार्यपत्रमाथि भएको खुला छलफलमा माननीयज्यूहरुबाट आएको धारणा र विभिन्न मन्त्रालयको धारणा आइसकेपछि संविधानविद् एवं कानुनविद् श्री काशीराज दाहालले कार्यपत्रमाथि टिप्पणी गर्नु भएको थियो भने देहायको निष्कर्ष सहित कार्यक्रम समापन भएको थियो ।

निष्कर्ष:

- युटिलिटी करिडोर सम्बन्धी ऐन तर्जुमा गरी संसदमा पेश गर्ने प्रयोजनका निम्ति संसदको विकास तथा प्रविधि समितिको निर्देशन बमोजिम शहरी विकास मन्त्रालयले सम्बन्धित सरोकारवाला मन्त्रालय र सम्बद्ध निकाय तथा व्यवसायिक विज्ञहरुको परामर्शमा अन्तर्राष्ट्रिय अनुभव र हाम्रो परिवेश समेतको आधारमा दिगो पूर्वाधार विकासलाई सहज हुने किसिमबाट ऐनको प्रभावकारी कार्यान्वयन मापनको व्यवस्था सहित यथाशीघ्र मस्यौदा तयार गर्ने ।
- पूर्वाधार विकास सम्बन्धी मन्त्रालय र सम्बद्ध निकायले आफूसँग सम्बन्धित ऐन कानुनहरुलाई समय सापेक्ष बनाउने प्रयोजनको निम्ति मन्त्रालय र निकायहरुबीच समन्वय गरी कानुनको संशोधन मस्यौदा तयार गर्ने ।
- राष्ट्रिय योजना आयोगले मन्त्रालय र अन्तर निकाय तथा तहगत सरकारसँग समन्वय गरी एकीकृत योजना निर्माण गर्ने र सोही अनुरुप मन्त्रालय निकाय र तहगत सरकारले स्वीकार गरी समन्वयात्मक रुपमा लागू गर्ने ।
- विभिन्न पूर्वाधार सम्बन्धी कार्य गर्ने निकायहरुको बजेटलाई कार्यान्वयन गर्न कुनै निश्चित निकायलाई तोक्ने वा विशेष संयन्त्रको निर्माण गर्ने ।

# परिच्छेद—४

## निष्कर्ष तथा सुझाव

### ४.१ निष्कर्ष

सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन दिन प्रतिनिधि सभामा गठन हुने विभिन्न समितिहरु मध्ये विकास तथा प्रविधि समिति एक महत्वपूर्ण समिति हो । समितिको कार्यक्षेत्र अन्तरगत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय पुननिर्माण प्राधिकरण रहेका छन् ।

समितिले आफ्नो गठन पश्चात् देखि नै कार्यक्षेत्रभित्र पर्ने विभिन्न जनसरोकारका विषयहरुमा नीतिगत, कार्यगत तथा प्रक्रियागत सुधारका लागि आवश्यक निर्देशनहरु दिंदै आएको छ । दिगो शान्ति, सुशान, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको नेपालको संविधानको भावना र मर्मलाई हरेक क्षेत्रले आत्मसात गर्नुपर्छ भन्ने समितिको ठहर रहेको छ । समितिको कार्यक्षेत्रभित्र पर्ने पूर्वाधार विकास, सञ्चार तथा सूचना प्रविधिको विकास, शहरी विकास, भूकम्प पछिको पुनर्निर्माण, नवनिर्माण, सांस्कृतिक सम्पदाहरुको निर्माण सबै विकास निर्माण र समृद्धिसँग जोडिएका विषयहरु हुन् । समितिले प्रतिवेदन अवधिसम्म आफ्नो कार्यक्षेत्रभित्र पर्ने विभिन्न मन्त्रालय, विभाग र मातहतका निकायहरुलाई विभिन्न विषयमा आवश्यक निर्देशन दिइसकेको छ । समितिले दिएका कतिपय निर्देशनहरु दीर्घकालिन महत्वका भएकाले आगामी वर्षहरुमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ । तथापि समसामयिक विषय, जनसरोकारसँग जोडिएका विषय, नीति निर्माणसँग सम्बन्धित विषयहरुमा समितिले मन्त्रालयको ध्यानाकर्षण गरी निर्णय कार्यान्वयनको अवस्था बारे निरन्तर जानकारी लिंदै आएको छ ।

समितिले आफ्ना कार्यहरू सम्पादन गर्दा विभिन्न सरोकारवाला मन्त्रालयका पदाधिकारीहरूसँग बैठकमा आपसी छलफल गरी सम्बन्धित सबै पक्षको समन्वय तथा सल्लाहमा नै आवश्यक सुझाव तथा निर्देशन गर्ने गरेको छ। प्रस्तुत प्रतिवेदन अवधिसम्म समितिको ३४ वटा बैठक बसी करिव ९४ घण्टा २० मिनेट समय व्यतित गरेको छ ।

## ४.२ सुझव

समितिले प्रतिवेदन अवधिसम्म आफ्नो कार्यक्षेत्र भित्रका मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुलाई विभिन्न विषयमा सुझाव तथा निर्देशन दिंदै आएको छ यद्यपि विकास निर्माणलाई नजिकबाट नियाल्ने क्रममा समग्र विकास निर्माण प्रक्रियामा देखापरेका समस्याहरुको समाधानका लागि समितिले आफ्नो कार्यप्रारम्भ देखिनै औंल्याउँदै आएका देहायका विषयहरुमा पुनः सरकारको ध्यानाकर्षण गराएकोछ :-

- राष्ट्रिय गौरवका आयोजनाहरु समयमा सम्पन्न नहुँदा यस्ता आयोजनाहरुको लागत बढ्न गई मुलुककै अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्ने भएकोले यस्ता आयोजनाहरु तोकिएकै समयमा सम्पन्न गर्न एवं राष्ट्रिय योजना आयोगले योजना वैंक बनाइसकेपछि मात्र ठेक्कामा जाने प्रक्रिया अगाडि बढाउन समिति सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ ।
- सार्वजनिक खरिद ऐनमा भएका परम्परागत व्यवस्थाले गर्दा पूर्वाधार विकासका आयोजनाहरुमा ढिलासुस्ती हुने, आर्थिक व्ययभार बढ्ने, गुणस्तरहिन हुने लगायतका कारण देखिएकोले सार्वजनिक खरिद ऐन संशोधनका लागि समितिले पटक पटक निर्देशन दिए पनि कार्यान्वयन नभएकोले सार्वजनिक खरिद ऐन र नियमावलीमा पुनः संशोधनको अपरिहार्यता देखिएको ।
- विकास निर्माणका कार्यमा हुने ठेक्का प्रक्रिया समय समयमा विद्यमान कानुन उल्लंघन गरी हुने गरेको पाइएको हुँदा ठेक्का प्रक्रिया पारदर्शी एवं विश्वसनीय बनाउँनु पर्ने ।

- हरेक विकास निर्माणका कार्य आरम्भ गर्दा पर्यावरण संरक्षणको पक्षलाई समेत ध्यान दिनु पर्नेमा समितिले गरेका स्थलगत अवलोकनका क्रममा सो नपाइएको हुँदा आगामी दिनहरुमा पर्यावरण संरक्षणमा समेत ध्यान दिंदै वातावरण मैत्री विकास निर्माणका कार्य गर्नु पर्ने ।
- पूर्वाधार निर्माणका लागि अत्यावश्यक मानिने निर्माण सामाग्रीको अभाव दीर्घकालिन रुपमा समाधान गर्न नदी जन्य स्रोत मात्र पर्याप्त नहुने हुँदा वैकल्पिक खानीजन्य स्थानहरुको पहिचान गरी निर्माण समाग्रीको अभाव हुन नदिन एवं निर्माण सामाग्री उत्खनन् गर्ने कार्यलाई समेत वैज्ञानिक ढंगले व्यवस्थापन गर्न विगतमा नै निर्देशन भए अनुसार समिति सम्बन्धित निकायको पुनः ध्यानाकर्षण गर्दछ ।
- स्थलगत अवलोकनका क्रममा निर्माणाधीन भौतिक पूर्वाधारका संरचनाहरु गुणस्तरहीन पाइएकोले यस्ता संरचनाहरुमा गुणस्तर कायम गर्न आवश्यकता अनुसार नियमित प्राविधिक परीक्षण सहित निरन्तर अनुगमन गर्नु पर्ने, विकास निर्माणका आयोजनाहरु जनताका आवश्यकताका आधारमा छनोट हुनु पर्ने, एवं अन्तर मन्त्रालयगत समन्वय गरी विकास निर्माणका कामहरु अगाडि बढाउनु पर्ने समितिको ठहर रहेको छ ।
- परम्परागत वस्तीहरुको संरक्षण र आधुनिक वस्ति विकासका लागि मापदण्ड तय गरी व्यवस्थित शहरीकरणको अवधारणा अनुसार अगाडि बढ्न र जोखिम युक्त वस्तीहरुलाई व्यवस्थित गर्नु पर्ने ।
- जनतामा आधारभूत खानेपानी सेवाको पहुँच विस्तारलाई द्रुत गतिमा अगाडि बढाउँदै स्वच्छ खानेपानी उपलब्ध गराउने कार्य तदारुकताका साथ गर्नु पर्ने ।
- सूचना प्रविधि क्षेत्रको तिव्रत्तर विकास र त्यसले ल्याउने जोखिम न्यूनीकरणका लागि सो अनुरुपको कानुन तत्काल निर्माण गर्नु पर्ने एवं इन्टरनेट सेबाको पहुँच विस्तार गरी इन्टरनेट डेटामा ग्राहक ठगिने कार्यलाई निरुत्साहित गर्न निजी सेवा प्रदायक कम्पनीहरुलाई नियमन गरी सरकारी सेवाको विकास एवं विस्तार गर्नु पर्ने ।नेपाल टेलिकमबाट वितरित सेवा

प्रवाह प्रभावकारी नभएको तथ्यलाई मनन गरी टेलिकमलाई निजीक्षेत्रसँगको प्रतिस्पर्धामा आउनसक्ने वातावरणको सुनिश्चितता हुनु पर्ने ।

# अनुसूची-१

## समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली

### सभापति- मा.कल्याणी कुमारी खड्का

**<u>पदेन सदस्यहरुः</u>**

१. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा
२. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्की
३. माननीय खानेपानी मन्त्री श्री उमाकान्त चौधरी
४. माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादव
५. माननीय शहरी विकास मन्त्री श्री रामकुमारी झाक्री

**<u>समितिका माननीय सदस्यहरु :</u>**

१. मा. श्री अनिल कुमार झा
२. मा. श्री आशा कुमारी वि.क.
३. मा. श्री ईन्दु कुमारी शर्मा
४. मा. श्री कमला रोका
५. मा. श्री केदार सिग्देल
६. मा. श्री गजेन्द्र बहादुर महत
७. मा. श्री गणेश कुमार पहाडी
८. मा. श्री जीप छिरिङ लामा
९. मा. श्री झलनाथ खनाल
१०. मा. श्री टेक बहादुर बस्नेत
११. मा. श्री दुर्गा पौडेल
१२. मा. श्री बीना मगर
१३. मा. श्री मिनाक्षी झा
१४. मा. श्री यज्ञराज सुनुवार
१५. मा. श्री रंगमति शाही
१६. मा. श्री राजेन्द्र कुमार राई
१७. मा. श्री राजेन्द्र प्रसाद लिङ्देन
१८. मा. श्री राम बहादुर बिष्ट
१९. मा. श्री बहादुर सिंह लामा (तामाङ)
२०. मा. श्री विना कुमारी श्रेष्ठ
२१. मा. श्री संजय कुमार गौतम

## अनुसूची-२

## समितिमा रहनुभएका माननीय सदस्यहरुको समिति बैठकमा उपस्थिति विवरण

२०७७ असार १ गतेदेखि २०७८ माघ २९ गतेसम्म समितिका बैठकहरुमा माननीय सदस्यहरको उपस्थिति

| | महिना | असार | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुण | चैत | वैशाख, जेठ र असारमा कोरोनाको कारण लकडाउन भई बैठक नबसेको | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा बैठक संख्या | १० | ४ | ० | ३ | ० | १ | १ | ० | ० | ५ | | ८ | ० | २ | १ | ० | ५ | १ |
| क्र.सं. | मा.सदस्यको नाम | | | | | | | | | | | | | | | | | | |
| १. | मा. श्री कल्याणी कुमारी खड्का | १० | ४ | ० | ३ | ० | १ | १ | ० | ० | ५ | | ८ | ० | २ | १ | ० | ५ | १ |
| २. | मा. श्री अनिल कुमार झा | ४ | ० | ० | १ | ० | ० | १ | ० | ० | ५ | | ४ | ० | १ | ० | ० | ४ | ० |
| ३. | मा. श्री आशा कुमारी वि.क. | ९ | ४ | ० | २ | ० | १ | १ | ० | ० | ५ | | ४ | ० | २ | १ | ० | ५ | १ |
| ४. | मा. श्री ईन्दु कुमारी शर्मा | १० | ४ | ० | ३ | ० | १ | १ | ० | ० | ५ | | ८ | ० | २ | १ | ० | ५ | १ |
| ५. | मा. श्री कमला रोका | १० | ४ | ० | २ | ० | ० | ० | ० | ० | २ | | ६ | ० | २ | १ | ० | ५ | १ |
| ६. | मा. श्री केदार सिग्देल | ३ | २ | ० | २ | ० | ० | १ | ० | ० | ३ | | ७ | ० | १ | ० | ० | १ | ० |
| ७. | मा. श्री गजेन्द्र बहादुर महत | शिक्षा तथा स्वास्थ्य समितिबाट आउनु भएको (२०७७/१२/३१) | | | | | | | | | | | ८ | ० | २ | १ | ० | ५ | १ |
| ८. | मा. श्री गणेश कुमार पहाडी | ९ | ३ | ० | २ | ० | १ | १ | ० | ० | ४ | | ८ | ० | २ | १ | ० | ४ | १ |
| ९. | मा. श्री गौरी शंकर चौधरी | १० | २ | ० | १ | ० | ० | २०७७/०९/१० बाट नेपाल सरकारको मन्त्री पदमा नियुक्त हुनु भएको | | | | | | | | | | | |
| १०. | मा. श्री जीप छिरिङ लामा | ७ | ३ | ० | २ | ० | १ | १ | ० | ० | ५ | | ४ | ० | १ | ० | ० | ३ | १ |
| ११. | मा. श्री झलनाथ खनाल | ३ | १ | ० | २ | ० | १ | १ | ० | ० | ३ | | ० | ० | ० | ० | ० | ३ | ० |
| १२. | मा. श्री टेक बहादुर बस्नेत | ९ | १ | ० | ० | ० | १ | १ | ० | ० | ५ | | ७ | ० | २ | ० | ० | ३ | १ |
| १३. | मा. श्री टोप बहादुर रायमाझी | २ | ० | ० | ० | ० | ० | २०७७/०९/१० बाट नेपाल सरकारको मन्त्री पदमा नियुक्त हुनु भएको | | | | | | | | | | | |
| १४. | मा. श्री दामोदर भण्डारी | ३ | २ | ० | ० | ० | १ | १ | ० | ० | ३ | राज्य व्यवस्था समितिमा जानुभएको (२०७७/१२/३१) | | | | | | | |
| १५. | मा. श्री दुर्गा पौडेल | ४ | ४ | ० | २ | ० | १ | १ | ० | ० | ४ | | ५ | ० | ० | १ | ० | २ | १ |
| १६. | मा. श्री प्रभु साह | २ | ० | ० | ० | ० | ० | २०७७/०९/१० बाट नेपाल सरकारको मन्त्री पदमा नियुक्त हुनु भएको | | | | | | | | | | | |
| १७. | मा.श्री बीना मगर | मिति २०७७/१२/३१ बाट समितिमा आउनु भएको | | | | | | | | | | | १ | ० | ० | ० | ० | ० | ० |
| १८. | मा. श्री महिन्द्र राय यादव | ५ | ३ | ० | १ | ० | ० | ० | ० | ० | ० | | २ | ० | ० | २०७८/०६/२२ बाट नेपाल सरकारको मन्त्री पदमा नियुक्त हुनु भएको | | | |
| १९. | मा. श्री मिनाक्षी झा | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | | ८ | ० | ० | ० | ० | ३ | ० |
| २०. | मा. श्री यज्ञराज सुनुवार | १० | ४ | ० | ३ | ० | १ | १ | ० | ० | ५ | | ८ | ० | २ | १ | ० | ५ | १ |
| २१. | मा. श्री रंगमती शाही | १० | ४ | ० | ३ | ० | १ | १ | ० | ० | ५ | | ८ | ० | १ | १ | ० | ५ | १ |
| २२. | मा. श्री राजेन्द्र कुमार राई | ५ | १ | ० | २ | ० | ० | १ | ० | ० | २ | | ४ | ० | १ | ० | ० | ० | १ |
| २३. | मा. श्री राजेन्द्र प्रसाद लिङ्देन | ४ | २ | ० | २ | ० | ० | ० | ० | ० | २ | | ३ | ० | ० | ० | ० | ० | ० |
| २४. | मा. श्री राम बहादुर विष्ट | १० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ५ | | ७ | ० | ० | १ | ० | २ | ० |
| २५. | मा. श्री लिलानाथ श्रेष्ठ | ८ | ४ | ० | ३ | ० | ० | २०७७/०९/१० बाट नेपाल सरकारको मन्त्री पदमा नियुक्त हुनु भएको | | | | | | | | | | | |
| २६. | मा. श्री बहादुर सिंह लामा (तामाङ) | १० | २ | ० | २ | ० | १ | १ | ० | ० | ० | | ६ | ० | ० | ० | ० | १ | १ |
| २७. | मा. श्री विना कुमारी श्रेष्ठ | ८ | ४ | ० | ३ | ० | १ | १ | ० | ० | ५ | | ८ | ० | १ | १ | ० | ५ | १ |
| २८. | मा. श्री संजय कुमार गौतम | ७ | १ | ० | १ | ० | ० | ० | ० | ० | ४ | | ८ | ० | ० | ० | ० | २ | ० |

## अनुसूची-३
## समित सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली

१. महासचिव डा. भरतराज गौतम
२. प्रतिनिधि सभा सचिव श्री गोपालनाथ योगी
३. समिति सचिव श्री ओमबहादुर कार्की
४. शाखा अधिकृत श्री दिपाकुमारी दुलाल
५. ना.सु. श्री समिर गौतम
६. खरिदार श्री धिरेन्द्र बस्नेत
७. का.स. श्री यमुनादेवी वाग्ले

**प्रकाशन तथा मुद्रण शाखा तर्फ :**

१. मुद्रण अधिकृत श्री बाबुराजा महर्जन
२. मुद्रण अधिकृत श्री रोबन प्रजापति
३. सि.प्रे.टे. श्री गम्भिरमान सिंह
४. सि.प्रे.टे. श्री राजेन्द्र प्रसाद लामिछाने
५. सि.प्रे.टे. श्री प्रेम बहादुर चन्द
६. सि.प्रे.टे. श्री कृष्णकला पौडेल
७. प्रे.टे. श्री विनोद न्यौपाने
८. प्रे.टे. श्री विमला बुढा
९. का.स. श्री मदन गिरी

## अनुसूची-४

## समितिको स्थलगत अध्ययन, अवलोकन भ्रमणका प्रतिवेदनहरु

## संघीय संसद, प्रतिनिधि सभा, विकास तथा प्रविधि समिति

## पुष्पलाल (मध्य पहाडी) लोकमार्ग पश्चिम खण्डको स्थलगत अनुगमन प्रतिवेदन

## २०७७ चैत २५ गतेदेखि ३० गतेसम्म

### पृष्ठभूमि

सडक पूर्वाधार मुलुकको समृद्धिको मुख्य आधार हो । सभ्यताको सुरुवातसँगै सडक पूर्वाधारले मानवजातिको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सडक मार्गबाट नै व्यापार व्यवसाय लगायत मानवीय गतिविधिहरु सहज हुने भएकाले सडकलाई सभ्यता र समृद्धिको प्रमुख आधार पनि मानिन्छ।पुष्पलाल (मध्य पहाडी) लोकमार्ग मध्य पहाडी क्षेत्रको समग्र विकासको मूल आधार भएकोले यसको तीव्र निर्माणमा संघीय संसदको विकास तथा प्रविधि समिति निरन्तर लागि परिरहेको छ । यसै सन्दर्भमा सिमितको मिति २०७७।१२।०९ गते बसेको वैठकले राष्ट्रिय गौरवका आयोजना अन्तरगतको पुष्पलाल (मध्य पहाडी) लोकमार्गको पश्चिम खण्डको उपयुक्त समयमा एक संसदीय टोली गठन गरी स्थलगत अनुगमन भ्रमण गर्ने निर्णय गरे अनुसार यही मिति २०७७ चैत २५ गतेदेखि ३० गतेसम्म सिमितिले उक्त सडक खण्डको स्थलगत अनुगमन गरेको थियो ।

**स्थलगत अनुगमनमा सहभागी माननीय सदस्यहरुको नामावली :**

१. मा. कल्याणी कुमारी खड्का-सभापति- संयोजक

२. मा. टेक बहादुर बस्नेत-सदस्य

३. मा. यज्ञराज सुनवार-सदस्य

४. मा. विना कुमारी श्रेष्ठ-सदस्य

**समिति सचिवालयतर्फका कर्मचारीहरु :**

१. शा.अ. श्री दिपाकुमारी दुलाल

२. ना.सु. श्री समिर गौतम

**स्थलगत अनुगमनको उद्देश्य :** पुष्पलाल (मध्य पहाडी) लोकमार्ग पश्चिम खण्डको वर्तमान अवस्था, समस्या र समाधानका उपायको पहिचान गरी समितिमा प्रतिवेदन पेश गर्ने ।

**स्थलगत अनुगमनको क्षेत्र :**

१. कास्की जिल्लको रुडिखोला देखि पोखरा याम्दी पुल हुँदै पर्वतको कुश्मा-बाग्लुङ्गको बाग्लुङ्ग बजार-गल्कोट-बुर्तिवाङ्ग-पातिहाल्ने ।

२. पूर्वी रुकुम, पश्चिम रुकुम, जाजरकोट, दैलेख र अछाम ।

**आयोजनाको परिचय :**

मध्य पहाडी भूभागका जिल्लाहरुलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले तराईका जिल्लाहरु समेटेर निर्माण गरिएको पूर्व पश्चिम राजमार्ग जस्तै पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्ज्याङ (नेपाल भारत सिमाना) देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट (महाकाली नदी) सम्म पुग्ने गरी करीब १८७९ कि.मि. लम्बाईको वैकल्पिक राजमार्ग निर्माण गर्ने उदेश्यकासाथ नेपाल सरकारको आन्तरिक श्रोतबाटै सम्पूर्ण खर्च व्यहोर्ने गरी आ.व. २०६४/०६५ देखि मध्यपहाडी राजमार्ग आयोजना सञ्चालनमा रहेको छ। पूर्वी खण्डको लागि फिदिम र पश्चिम खण्डको लागि दाङमा आयोजना कार्यालय स्थापना गरी निर्माण कार्य सुचारु भई रहेकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।०७।२५ को निर्णय अनुसार पूर्वी तथा पश्चिम खण्ड खारेज भई केन्द्रमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय (२०७५।०८।१९) र सो अन्तर्गत पाँच वटा खण्ड (पाँचथर, धुलिखेल, गोर्खा, पर्वत र दैलेख) मा योजना कार्यालय स्थापना भएकोमा मिति २०७५।०८।१९ गतेदेखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख सञ्चालनमा आएको छ । मध्य पहाडका २६ जिल्लाहरु जोड्ने गरी रेखाङ्कन भएको यस राजमार्गले करिब ५० लाख जनताहरुलाई प्रत्यक्ष यातायात सुविधा पुऱ्याउने देखिन्छ । यातायात सुविधाका कारण उक्त क्षेत्रको आर्थिक, सामाजिक विकासमा प्रगति हुनुका साथै सो क्षेत्रबाट हुने बसाई सराई निरुत्साहित भई भौगोलिक तथा वातावरणीय सन्तुलन कायम हुन सहयोग पुग्ने देखिन्छ । यस राजमार्गको रेखाङ्कन भित्र पर्ने विभिन्न जिल्लाहरुमा नेपाल सरकारको १० वटा आधुनिक शहरहरु विकास गर्ने लक्ष्य समेत रहेको हुँदा सो क्षेत्रमा आर्थिक गतिविधिमा वृद्धि भई रोजगारीका थप अवसरहरु सृजना हुने र सर्वसाधारण जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ । यस राजमार्ग आसपास रहेका विभिन्न पर्यटकीय स्थलहरु समेत यातायात पूर्वाधारको आभावमा यथेष्ट प्रचार प्रसार एवं विकास हुन नसकेको परिप्रेक्षमा राजमार्गको निर्माण सँगै आन्तरिक तथा बाह्य पर्यटकहरुको आवागमनमा वृद्धि भई अर्थतन्त्र थप चलायमान हुनेछ । राजमार्ग निर्माण सम्पन्न भएपछि विद्यमान आर्थिक, सामाजिक सूचकहरुको उल्लेख्य रुपमा परिवर्तन हुने संकेत देखिएको हुँदा यो राजमार्ग एउटा रुपान्तकारी योजना हुन सक्ने अपेक्षाका साथ नेपाल सरकारले आ.व. २०६९/०७० देखि यो आयोजनालाई "राष्ट्रिय गौरवको आयोजना" घोषणा गरी उच्च प्राथमिकतामा राखेको छ । आयोजना सम्पन्न भई सम्पूर्ण सडक खण्डहरु कालोपत्रे स्तरमा पुगेपछि र प्रस्तावित सबै पुलहरुको निर्माण कार्य सम्पन्न भई सकेपछि मध्यपहाडी क्षेत्र हुँदै पूर्व मेची देखि पश्चिम महाकालीसम्म नै निर्वाध रुपमा यातायात सञ्चालनमा आउने छ । तत् पश्चात यो सडक नेपालको सडक यातायात क्षेत्रमा मेरुदण्डको रुपमा स्थापित भई विकासका सबै सम्भावनाहरुको ढोका खोल्न कोसेढुङ्गा सावित हुने विश्वास लिईएको छ ।

**समितिको स्थलगत अवलोकनः**

२०७७ चैत २५ गते विहान ६:१५ बजे सिंहदरवार दक्षिण गेटमा भेला भई समितिको टोली स्थल मार्गबाट पोखरा तर्फ प्रस्थान गर्यो । ११:१५ बजे पोखरा-बागलुङ सडक खण्डको जिरो किमिमा खाना खाएर समितिको टोली बागलुङको बुर्तिबाङतर्फ प्रस्थान गर्ने क्रममा कुश्मा, पर्वत तथा बागलुङ खण्डमा निर्माणाधिन सडक खण्ड तथा स्तरोन्नति गर्नु पर्ने अवस्थामा रहेका सडक खण्डहरुको अनुगमन गर्दै सो सडक खण्डमा निर्माणाधिन घोडाबाँदेदेखि बुर्तिबाङ सम्मको सडकखण्डको अनुगमन गरी समितिको टोली साँझ ७:१५ बजे बागलुङको बुर्तिबाङ पुगेको थियो ।

चैत २६ गते विहान ७:३० बजे इलाका प्रशासन कार्यालय बुर्तिबाङमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी समितिको टोली जाजरकोटको खलङ्गा तर्फ प्रस्थान गर्यो । बागलुङको पातिहाल्नेदेखि रुकुमकोट, मुसिकोट हुँदै निर्माणाधिन खण्डको अनुगमन गर्दै निर्माण व्यवसायीहरुसँग राजमार्गको द्रुत निर्माण तथा स्थलगत अनुगमनका क्रममा देखिएका समस्या समाधानका लागि गर्नु पर्ने विषयहरुमा सजग गराउँदै साँझ ४:०० बजे समितिको टोली जाजरकोटको खलंगा पुग्यो । खलंगाको जिल्ला समन्वय समितिको हलमा राजमार्गको वर्तमान अवस्था, समस्या र समाधानका विषयमा वृहत अन्तरक्रिया कार्यक्रम गरी समितिको टोली साँझ खलंगा बस्यो ।

चैत २७ गते विहान ७:०० बजे खलंगाबाट दैलेखतर्फ प्रस्थान गर्ने क्रममा थलाबजारमा निर्माणाधिन पुलको अनुगमन गर्यो । थलाबाजरमा खाना खाएर दैलेखतर्फ प्रस्थान गरेको समितिको टोली जाजरकोटको पहाडमा भर्खरै ट्र्याकखोलीएको निर्माणाधिन सिंगललेनको बाटोमा निकै कष्टपूर्ण तरिकाले त्रसितहुँदै अगाडि बढ्यो । उक्त निर्माणाधिन सडक खण्डका कतिपय स्थानमा समितिको टोली ढुङ्गा पन्छाउँदै हिलोबाटोमा पैदल अनुगमन समेत गरेको थियो।सोही दिन साँझ ५:३० बजे समितिको टोली दैलेख बजार पुगेको थियो ।

चैत २८ गते विहान ७:३० बजे दैलेखको जिल्ला प्रशासन कार्यालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी समितिको टोली दैलेखको दुल्लु हुँदै राकम कर्णालीतर्फ प्रस्थान गर्यो । कर्णाली पुल तरेर सुदूर पश्चिम प्रदेशको अछाम जिल्लाको मंगलसेन जिल्ला समन्वय समितिको हलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी साँझ अछामको मंगलसेनमा बस्यो ।

चैत २९ गते बिहान ७:३० बजे साफेबजारबाट अत्तरीया तर्फ प्रस्थान गरेको समितिको टोली डोटीहुँदै दिपायलको कुलपाते सडक डिभिजनको कार्यालयमा पुगी सडक डिभिजनबाट उक्त क्षेत्रमा भएका सडक स्तरोन्नतिका सम्बन्धमा छलफल गरी त्यहाँबाट डडेलधुरा तर्फ प्रस्थान गर्यो ।डडेलधुराबाट कैलालीहुँदै साँझ अत्तरीयाबाट महेन्द्रनगरको कञ्चनपुरमा बस्यो ।

चैत ३० गते बिहान ८:०० बजे समितिको टोलिले कञ्चनपुरको महाकाली नदीमा निर्माणाधिन चारलेनको पुलको अनुगमन गर्यो । उक्त अनुगमन कार्यक्रममा स्थानीय सांसद दिपक भट्ट लगायतको उपस्थिति रहेको थियो । निर्माणाधिन पुलमा ढुङ्गा लगायत निर्माण सामाग्रीको अभाव रहेकोले पुल निर्माणमा समस्या रहेको

निर्माणव्यवसायीले बताएका थिए । सो पुलको अनुगमन पश्चात् बिहान ११:३० बजे महाकाली नदी किनारमा नेपाल-भारत सीमा स्थित दशगजा क्षेत्रमा पर्ने सीमामा भारतले बनाउँदै गरेको पूर्वाधार तथा सारदा व्यारेज समेतको टोलीले स्लगत अनुगमन गरेको थियो । समितिको टोली दिउसो ४:३० बजेको श्री एयरलाईन्सको फ्लाइटबाट काठमाढौं तर्फ प्रस्थान गर्यो। साँझ ५:४५ बजे समितिको टोली काठमाडौ आइपुगेको थियो।

**अन्तरक्रिया कार्यक्रम :**

## १. बागलुङको बुर्तिबाङ

स्थलगत अवलोकनको क्रममा समितिले बागलुङको बुर्तिबाङ इलाका प्रशासन कार्यालयको भवनमा २०७७ चैत २६ गते मध्यपहाडि लोकमार्गको वर्तमान अवस्था समस्या र समाधान विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । सो कार्यक्रममा ढोरपाटन न.पा. प्रमुख, उप प्रमुख, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, बुर्तिबाङ इलाका प्रशासन कार्यालयका प्रमुख लगायतको उपस्थिति रहेको थियो । सो अन्तरक्रिया कार्यक्रममा बागलुङ बजारदेखिको घोडाबाँधे सम्मको २५ किमि खण्ड जटिल भूगोल भएका कारणले पिच हुन नसक्दा आवागमनमा समस्या भएको गुनासो रहेको थियो ।

बुर्तिबाङमा पुल बनेपछि १० वटा घरलाई क्षतिपूर्ति दिन बाँकी रहेको एवं सो खण्ड अन्तरगत पातिहाल्नेमा छ वर्ष अगाडि ठेक्का लागेको भएता पनि भौगोलिक विकटताको करण सो क्षेत्रमा २ महिनामात्र काम गर्न सकिने भएकोले त्यहाँको सडक विस्तारको कार्यमा थप समय लागेको कुश्मा–पर्वत योजना प्रमुखले बताउनु भयो । बागलुङ स्थित स्थानीय जनप्रतिनिधिहरुले मध्यपहाडी लोकमार्गले बागलुङको जीवन रेखा नै परिवर्तन गरेकोमा खुसी व्यक्त गर्दै सम्पन्न भइसकेका सडक खण्डहरुको संरक्षण कसले गर्ने भनी नतोकिएको हुँदा सडक संरक्षणको जिम्मा स्थानीय तहलाई तोकिदिंदा सडकले दीर्घकालिन सेवा दिन सक्ने बताउनु भयो ।

## २. जाजरकोटको खलङ्गा

समितिको टोलीले २०७७ चैत २६ गते जाजरकोटको खलङ्गामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्यो । उक्त अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सभा सदस्य, पूर्व सांसद, भेरी न.पा. प्रमुख, छेडागाड न.पा. प्रमुख, उप प्रमुख, कुसे गा.पा.अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रतिनिधि, जाजरकोट खलङ्गा स्थित प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थित रहेको थियो । आयोजनाबाट भेरी न.पा.का ५ वटा वडाहरु प्रत्यक्ष लाभान्वित भएको बताउँदै भेरी न.पा. प्रमुखले मेरो नगरपालीकामा आयोजनाको काम सन्तोषजनक रहेको बताउनु भयो। छेडागाड न.पा. प्रमुखले चौरजहारी-कुदुको पुल १० वर्षदेखि बन्न नसकेकोमा स्थानीय बासीले निकै शास्ती व्यहोर्नु परेको भन्दै तत्काल सो पुलको काम अगाडि बढाउन माग गर्नु भयो । अन्तरक्रिया कार्यक्रममा उपस्थित विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय बासीले जाजरकोट दरवारलाई संग्रहालय बनाउनु पर्ने, आयोजनाको काम अगाडि बढाउँदा नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी काम गर्नु पर्ने, निर्माण सम्पन्न भएको आयोजनाको सडक खण्डमा वृक्षारोपण गरी हरीयाली बनाउनु पर्ने लगायतका माग राखु भएको थियो ।

वुर्तीवाङको पातीहाल्नेदेखि जाजरकोटको खलंगा सम्मको सो खण्डमा २०७३ माघमा ठेक्का सम्झौता भएका कामहरु सार्वजनिक खरिद ऐनको नवौं सशोधन अनुसार पुरानो रुग्ण ठेक्काहरुको सन्दर्भमा एक वर्ष म्याद थपिदिने नीति अनुसार १ वर्षको म्यद थप भए तापनि विभिन्न ठाउँमा पहिरोका कारण पुरानो ट्र्याकलाई क्षति पुर्याएको हुँदा नयाँ ट्र्याक खोल्नुपर्ने अवस्था भएकोले काममा ढीलासुस्ती भएको एवं त्यसैविचमा कोरोना माहामारीका कारण काम अगाडि बढाउन नसक्दा सो क्षेत्रमा निर्माण सम्पन्न हुन अझ केही समय लाग्ने एवं कोरोना माहामारीका कारण ६ महिना पुनः म्याद थप भए तापनि नयाँ ट्र्याक खोल्नुपर्ने स्थितिमा सडकको राइट अफ वे ५० मि. र १०० मि. मा रहेको विवाद तथा मुआब्जा वितरणमा भएको ढीलासुस्तीका कारण काम अगाडि बढाउन समस्या भएको यस सडक खण्डको आयोजना प्रमुखले बताउनु भयो ।

### ३. <u>दैलेख सदरमुकाम दैलेख</u>

समितिको टोलीले २०७७ चैत २८ गते दैलेखको जिल्ला प्रशासन कार्यालयको भवनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्यो ।उक्त अन्तरक्रिया कार्यक्रममा कर्णाली प्रदेश सभा सदस्य, नारायण न.पा. प्रमुख, जिसस उप प्रमुख, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यू, जिल्ला स्थित प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थिति रहेको थियो । अन्तरक्रिया कार्यक्रममा विभिन्न बक्ताहरुले आयोजनाको काम सन्तोषजनक रहेको भएता पनि क्यूरिङको काम राम्रो नभएको, काममा ढिलासुस्तीले गर्दा दैलेख-जाजरकोट खण्ड जोडिन नसकेको, अन्तरमन्त्रालयगत समन्वय हुन नसक्दा आयोजनाले गति लिन नसकेको लगायतका विषयमा आफ्नो धारणा राखु भएको थियो । दैलेख खण्डमा पर्ने आयोजनको कतिपय स्थानमा सडकको दाया बाँया सरकारी मापदण्ड अनुसार छोड्न नसकेर स्थानीय सरकारको सहमतिमा सडकको मध्यविन्दुबाट ७.५ सडकले लिने र २.५/२.५ सडक साइड छोडेर वस्ती बसाल्न पाउने भनि निर्णय भएको स्थनीय जनप्रतिनिधिले बताउनु भएको थियो ।

**<u>आयोजनाको विद्यमान अवस्थाः</u>**

समितिले पुष्पलाल मध्यपहाडी राजमार्गको पश्चिम खण्ड स्थलगत अवलोकन गर्ने क्रममा आयोजनाको दुईवटा खण्डको स्थलगत अवलोकन गरेको थियो यहाँ पहिलो खण्ड कास्की जिल्लाको रुडिखोलादेखि पोखरा याम्दी पुल हुँदै पर्वतको कुश्मा-बाग्लुङ्गको बाग्लुङ्ग बजार-गल्कोट-बुर्तिवाङ्ग-पातिहाल्ने तथा आयोजनाको दोस्रोखण्ड रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख र अछामसम्मको खण्डको बारेमा उल्लेख गरिएको छ ।

**कास्कि खण्ड**

- रुडिखोला – करपुटार – भगवतीटार – काँहु – भलाम – लामाचौर – याम्दिपुल (जम्म लम्बाइ ४९ किलोमिटर, शुरुको १६ किमी मा ठेक्का ब्यबस्थापन भइ काम शुरु भएको बाँकि सडक खण्डमा ठेक्का हुन बाँकी)
- याम्दीपुल नयाँपुल सडक खण्ड( जम्मा लम्बाइ ३७ किलोमिटर, शूरुको १२ किमि मा काम भै राखेको र त्यसपछीको २५ किमी निर्माण सम्पन्न भएको )

**पर्वत खण्ड**

- नयाँपुल –कुश्मा– मालढुङ्गा (जम्म लम्बाइ २५ किलोमिटर, २० किमी कालोपत्रे भएको ५ किमी बाँकी काम हुँदै असार सम्म सम्पन्न हुने)

**बागलुङ खण्ड**

- बागलुङ –घोडाबाँधे– हटिया- खर्बाङ -बुर्तिबाङ -निसि -पातीहाल्ने (जम्म लम्बाइ १३५ किलोमिटर, ९९ किमी कालोपत्रे भएको, बागलुङ बजार देखी घोडाबाँधे सम्मको २५ किलोमिटरमा कालोपत्रे गर्ने बाँकी रहेको जसमा दुइवटा ठेक्का रहेको )

बागलुङ बजार देखी घोडाबाँधे सडक खण्ड

यस सडक खण्डमा दुइवटा ठेक्का ब्यबस्थापन भएको । पहिलो बागलुङ बजार देखी बिहुँ सम्मको ०+००० देखि १२+८९६ सम्मको ठेक्का भारत सिद्धिसाइ जेभी ले निर्माण कार्य गरिरहेको र दोश्रो बिहुँ १३+००० देखी २५+००० घोडाबाँधे सम्मको ठेक्का MP/SCF/ECC JV ले निर्माण कार्य गरि राखेको ।

**श्री** Bharat/Siddhisai JV, Kathmandu मार्फत मिति २०७३।१०।१४ मा ठेक्का सम्झौता भइ शुरु भएको । उक्त निर्माण कार्यको शुरु सम्झौता अनुसार मिति २०७६।१०।१३ गते भित्रमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । पहिलोपटक मिति २०७७।०९।२७ सम्म म्याद थप भएको र त्यसपछी ६ महिना कोरोनाका कारण म्याद थप भएको ।

MP/SCF/ECC JV मार्फत मिति २०७२।१०।१० मा ठेक्का सम्झौता भइ शुरु भएको। उक्त निर्माण कार्यको शुरु सम्झौता अनुसार मिति २०७५।१०।०९ गते भित्रमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।विभिन्न कारणहरु देखाइ मिति २०७७।०९।१३ सम्ममा म्याद थप भएको र त्यसपछी ६ महिना कोरोनाका कारण म्याद थप भएको ।

- घोडाबाँधे हटिया खण्ड २० किमि ।निर्माण सम्पन्न भएको । बर्षातले धेरै ठाउँमा क्षेती पुरायको हुनाले तत्काल पुननिर्माण गर्नु पर्ने छ ।धेरै ठाउमा बाटो one way भएको, Retaining wall हरु लडेर यातायात सन्चालनमा अवरोध भएको ।
- हटिया बुर्तिबाङ खण्ड ४३ किमि ।निर्माण सम्पन्न भएको ।
- बुर्तिबाङ निसि पातिहाल्ने सडक ४२ किमि । ३७ किमि निर्माण सम्पन्न भएको ५ किमि बाँकी रहेको

**आयोजनाको दोस्रोखण्ड रुकुम पूर्व , रुकुम पश्चिम, जाजरकोट, दैलेख र अछाम**

रुकुम पूर्व देखि अछामसम्म योजनाको जिम्मेवारीमा रहेको करीब ४४० कि.मि. सडक आ.व. ०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।यस योजना कार्यालय अन्तर्गतका सडकहरुको हालसम्मको अवस्था ।

| सि.नं. | जिल्ला | जम्मा कि.मि. | Blacktop Complete (km) | ठेक्का व्यवस्थापन |
|---|---|---|---|---|
| १. | रुकम पूर्व / पश्चिम | १२५ | ४६ | सम्पन्न |
| २. | जाजरकोट | ०८३ | ० | सम्पन्न |
| ३. | दैलेख | १२५ | १९ | सम्पन्न |
| ४. | अछाम | १०७ | १०२ | सम्पन्न |
| | **जम्मा** | ४४० | १६७ | |

**यस योजना अन्तर्गत सम्पन्न भएका तथा निर्माणाधीन अवस्थामा रहेका मोटरेवल पुलहरुको विवरण:**

| सि.नं. | जिल्ला | पुलको नाम | स्थान | हालको अवस्था |
|---|---|---|---|---|
| १. | रुकुम पूर्व | रेली खोला पुल | रेली खोला | सम्पन्न |
| २. | रुकुम पूर्व | सांग्रे खोला पुल | खोपिचार | सम्पन्न |
| ३. | रुकुम पूर्व | घोरखानी पुल | घोरखानी | सम्पन्न |
| ४. | रुकुम पश्चिम | जहारी खोला पुल | जहारी खोला | सम्पन्न |
| ५. | पश्चिम रुकुम जाजरकोट | भेरी पुल | कुदु/ चौरजहारी | निर्माणाधीन |
| ६. | जाजरकोट | थलहघाट पुल | थलहघाट | निर्माणाधीन |
| ७. | दैलेख | रुम खोला पुल | रुम खोला | निर्माणाधीन |
| ८. | दैलेख | कुम्री खोला पुल | कुम्री खोला | निर्माणाधीन |
| ९. | दैलेख | पावडे खोला पुल | पावडे खोला | ठेक्का सूचना आवहान गरिएको |
| १०. | दैलेख /अछाम | राकम पुल | कर्णाली नदी | सम्पन्न |
| ११. | अछाम | कचरौटेखोला पुल | बन्निगढ़ी गाउपलिका | सम्पन्न |

योजनाको शुरु देखि हालसम्मको कुल भौतिक प्रगति ४५% बित्तिय प्रगति ४३.५७% रहेको छ। साथै यस आ.व.०७७।७८ मा बिनियोजित वजेटको तुलनामा वित्तिय प्रगति प्रथम चौमासिक सम्म ३१.७० रहेको छ।

**स्थलगत अवलोकनका क्रममा देखिएका एवं अन्तरक्रिया कार्यक्रममा उठेका साझा समस्याहरु:**

- आयोजनामा राज्यको श्रम, पुँजी र समय खर्च हुने भएकोले यसको उचित संरक्षणमा समस्या देखिएको
- ठाउँ-ठाउँमा सडक सुरक्षाको उचित व्यवस्था नभएको ।
- सडकको विभिन्न स्थानमा पहिरोको समस्या तथा सुख्खा पहिरोले समेत पटक-पटक सडक अवरुद्ध हुने गरेकोले सोको उचित व्यवस्थापनमा ध्यान नपुगेको ।
- मध्यपहाडि लोकमार्गको जाजरकोटबाट दैलेख जाने खण्डमा सडकको लेवल भन्दा निकै होचो पुल निर्माण गरेको पाइयो । यसले भविष्यमा पुल भासिएर आवागमनमा कठिनाई हुन सक्ने सम्भावना देखिएको ।

- आयोजनको विभिन्न स्थानमा सडकको दायाँ बायाँ राइट अफ वे क्लियर हुन नसक्दा निर्माण कार्यमा जटिलता देखिएको
- जाजरकोटबाट दैलेख जाने क्रममा निर्माणाधिन थला बजार पुलबाट जाजरकोट जोड्ने सडक अलाइनमेन्टमा समस्या देखिएको
- स्थलगत अनुगमनको क्रममा जाजरकोटको कुदु र रुकुम पश्चीमको चौरजहारी जोड्न बन्दै गरेको भेरी नदी माथिको पुल समयमा निर्माण हुन नसक्दा जाजरकोट तर्फ जाने यात्रुले निकै शास्ती वेहोर्नु परेको देखिएकोले यथाशीघ्र पुल निर्माणमा जोड दिनु पर्ने

<u>**समस्या समाधानका उपायहरुः**</u>

- पुष्पलाल (मध्य पहाडि) लोकमार्गको मार्गाधिकार (राइट अफ वे) तत्काल निर्धारण गर्नु पर्ने । नेपालको भूगोल अनुसार तराई पहाड र हिमाली क्षेत्रको राइट अफ वे को सम्बन्धमा तत्काल उचित निर्णय हुनु पर्ने ।
- आयोजनाका विभिन्न खण्डमा सडकको मार्गाधिकार भित्र पर्ने विद्धुतका पोल हटाउन एवं रुख कटानमा समस्या देखिएकोले सोको सम्बन्धमा यथाशिघ्र निर्णय हुनु पर्ने ।
- आयोजनाको काम अगाडि बढाउँदा स्थानीय नागरिकहरुको स्वास्थ्यलाई ध्यानमा राखी सडक निर्माणको कार्य गर्नु पर्ने गुनासो पाइएकोले निर्माण व्यवसायिहरुलाई यसतर्फ सचेत गराउनु पर्ने ।
- आयोजनाको कतिपय स्थानमा सडक सञ्चालनमा आउन नपाई सडक भासिएको, सडकमा खाल्डाखुल्डी परेको पाइएको हुँदा सडक अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने ।
- सम्वन्धित स्थानिय तह, स्थानिय प्रशासन र जनतासंग समन्वय र छलफल गरि सडक रेखाङ्‌न भित्र रहेका घरटहराको मापदण्डड बमोजिम मुआव्जा वितरण गरि सडक निर्माण कार्य अगाडी वढाउनु पर्ने।

<u>**निष्कर्ष**</u>

मध्यपहाडि लोकमार्ग राष्ट्रिय गौरवको आयोजना हो । राष्ट्रिय गौरवका आयोजनाहरुको अनुगमन र निरीक्षणको जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगत रहेतापनि यी आयोजनाहरुमा अपेक्षित प्रगति हुन सकेको पाइदैन । ठेकेदारले समयमा काम सम्पन्न नगरिदिंदा हुने विवाद, निर्माण सामग्रीको अभाव, जग्गा अधिग्रहण, मुआब्जा वितरण, अन्तरमन्त्रालयगत समन्वयको अभाव, रूख कटानसँग सम्बन्धित समस्या आयोजना कार्यान्वयनका प्रमुख समस्याका रुपमा रहेका छन् । यद्यपि मध्यपहाडि लोकमार्गको पश्चिम खण्डमा भएको कार्य प्रगति सन्तोष जनक नै मान्न सकिन्छ । तर पनि आयोजनाको निरन्तर अनुगमन, पर्याप्त दक्ष जनशक्तिको व्यवस्था, आवस्यक बजेटको सुनिश्चितता र पर्याप्त निर्माण सामग्रीको व्यवस्थापन हुन सके आयोजना तोकिएको समयमा सम्पन्न गर्न सकिने आधार तय हुने समितिको ठहर रहेको छ । समितिले पटक-पटक आयोजना पूर्व तयारीका चरण सम्पन्न भइसकेपछि मात्र कुनै पनि पूर्वाधार निर्माणका आयोजनाहरु ठेक्का प्रक्रियामा जानु पर्छ र त्यसको कार्यान्वयनमा कुनै पनि व्यवधान

आउन नदिन समय-समयमा अनुगमन र निरीक्षण हुनु पर्छ भनेर सम्बन्धित निकायलाई निर्देश गरिसकेको छ ।

यसैगरी मध्य पहाडमा विकास र समृद्धिको बहार ल्याउने महत्वपूर्ण योजनाका रुपमा अघि सारिएको पुष्पलाल मध्य पहाडी लोकमार्ग तोकिएको समयमै सम्पन्न गर्न समितिले निरन्तर छलफल, अनुगमन र निरीक्षण गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन समेत दिंदै आइरहेको छ । संसदीय टोलीले गर्ने छलफल र स्थलगत अध्ययन अवलोकनले आयोजनामा देखिएका समस्याहरु उजागर हुने, आयोजनामा देखिएका समस्या समाधानका उपायबारे निर्माणव्यवसायी र स्थानीयबाट सुझाव प्राप्त हुने र सोही बमोजिम त्यस्ता समस्या समाधानका लागि समितिले सम्बद्ध सरोकारवाला निकायलाई आवश्यक निर्देशन समेत दिने गर्दछ। समितिले गर्ने यस्ता स्थलगत अनुगमन भ्रमण कार्यक्रमबाट आयोजनामा देखिएका अवरोध हटाउन, निर्माणाधिन कामको गतिलाई बढाउन र गुणस्तर कायम गर्न/गराउन सहयोग पुग्ने समितिको ठहर रहेको छ ।

# स्थलगत अवलोकनका क्रममा लिइएका केही तस्विरहरु

## बागलुङको बुर्तिवाङमा अन्तरक्रिया कार्यक्रम






## बागलुङबाट बुर्तिबाङ जाने मार्गमा पर्ने निर्माणाधिन सडक खण्ड





## बुर्तिबाङबाट जाजरकोटजाने बाटोमा पर्ने निर्माणाधिन सडक खण्ड





## जाजरकोटको खलंगामा अन्तरक्रिया कार्यक्रम





जाजरकोटको कुदु र रुकुम पश्चिमको चौरजहारी जोड्न बन्दै गरेको भेरी नदीको पुल



जाजरकोटको खलंगामा



# दैलेख जिल्ला प्रशासन कार्यालयमा अन्तरक्रिया कार्यक्रम






**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

**कर्णाली करिडोर (खुलालु–लैफु–सलिसल्ला) तथा दार्चुला–टिंकर (कोठधार–टिंकर) सडक खण्ड स्थलगत अध्ययन अवलोकन भ्रमण**

**प्रतिवेदन, २०७८**

**(मिति २०७८ कात्तिक ११, १२ र १३ गते)**

पृष्ठभूमि :

नेपालको संघीय संरचना अनुसार विभाजित कर्णाली प्रदेश पर्यटकीय दृष्टिकोणले निकै महत्वपूर्ण प्रदेसको रुपमा रहेको छ । तराई, पहाड र हिमालको संयोजन, जैविक विविधता र पर्यटन विकासको प्रचुर सम्भावना भएको कर्णाली प्रदेशको सम्पूर्ण जिल्ला सदरमुकामहरु हालसम्म पनि सडक सञ्जालले नजोडिनु विडम्बना नै मान्नु पर्छ। कर्णाली राजमार्गको २०४२ सालमा सम्भाव्यता अध्ययन गरिएको भए तापनि राजमार्ग निर्माणको सिलान्यास २०४८ सालमा भएको थियो । पर्याप्त बजेटको अभाव, फितलो कार्यान्वयन अवस्था, राजनीतिक इच्छा शक्तिको कमी इत्यादि लगायतका कारण सडक विस्तारमा ढिलाई भएको सहजै अनुमान गर्न सकिन्छ । करिव २२ वर्ष अगाडिदेखि कर्णालीलाई सडक सञ्जालमा जोड्ने भनेर बजेट योजनामा पार्न थालिएको भए तापनि २०६३ सालमा मात्र जुम्लामा गाडी पुगेको हो ।

कुनै पनि पूर्वाधार निर्माणका लागि सबभन्दा पहिला त्यस क्षेत्रको सुविधायुक्त सडक नै प्रमुख आवश्यकता हो। सोही विषयलाई मध्यनजर गर्दै समितिले राष्ट्रिय गौरवका महत्वपूर्ण आयोजनाहरुमा पर्ने सडकहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त सडकहरुको स्थलगत अवलोकन गरी समयसीमाभित्र गुणस्तरीय रुपमा निर्माण सम्पन्न गर्न सम्बन्धित क्षेत्रका निर्माण व्यवसायी, आयोजना प्रमुख तथा सम्बन्धित निकायका पदाधिकारीहरुलाई समेत समितिमा आमन्त्रण गरी आवश्यक सुझाव तथा निर्देशन दिंदै आएको छ । यही सिलसिलामा कर्णाली प्रदेशमा नेपाली सेनाद्वारा निर्माणाधीन कर्णाली करिडोर एवं दार्चुला–टिंकर सडक अन्तरगत पर्ने कोठेधार–टिंकर सडक खण्डको निर्माण कार्यको वर्तमान अवस्था स्थलगत रुपमा नै बुझ्ने उद्देश्यले उपयुक्त समयमा सो क्षेत्रको स्थलगत अवलोकन भ्रमण गर्ने भनी समितिको मिति २०७७।१२।२२ गते बसेको बैठकले निर्णय गरेको थियो । सोही निर्णयानुसार मिति २०७८ कात्तिक ११, १२ र १३ गतेसमिति सभापतिको संयोजकत्वमा समितिका माननीय सदस्य तथा सचिवालयका कर्मचारी समेतको टोलीले कर्णाली करिडोर र कोठेधार–टिंकर सडक खण्डको स्थलगत अवलोकन भ्रमण सम्पन्न गर्‍यो ।

अवलोकन भ्रमण टोलीको गठन र परिचय :

अवलोकन भ्रमणमा सहभागी समितिका माननीय सदस्य एवं कर्मचारीहरु :

१. मा० कल्याणी कुमारी खड्का — सभापति — संयोजक
२. मा० कमला रोका — सदस्य
३. मा० गजेन्द्र बहादुर महत —सदस्य
४. मा० दुर्गा पौडेल — सदस्य
५. मा० यज्ञराज सुनुवार — सदस्य
६. मा० रंगमती शाही — सदस्य

७. मा० राजेन्द्र कुमार राई — सदस्य
८. मा० राम बहादुर विष्ट — सदस्य
९. मा० सञ्जय कुमार गौतम — सदस्य
१०. शाखा अधिकृत श्री दिपाकुमारी दुलाल

यसका साथै स्थलगत अवलोकन भ्रमण टोलीमा नेपाली सेना विकास निर्माण निर्देशनालयका प्राविधिक सहायक रथी कमल शाह, विकास निर्माण निर्देशनालयका प्राविधिक प्रमुख सेनानी सञ्जय के.सी. स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, सरोकारवाला कर्मचारी एवं पत्रकारहरु समेतको सहभागिता रहेको थियो।

स्थलगत भ्रमणको उद्देश्य :

नेपाली सेनाद्वारा निर्माणाधीन सडक खण्डहरुको स्थलगत अवलोकन गरी त्यहाँको वर्तमान अवस्था, कार्य प्रगति, समस्या तथा चुनौती र सम्भावनाका सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्ने ।

अवलोकन भ्रमणको स्थलगत रिपोर्ट :

समिति सभापतिको संयोजकत्वमा समितिका माननीय सदस्य, सचिवालयका कर्मचारी तथा पत्रकारहरु सहितको टोली २०७८ कात्तिक ११ गते विहान ७:३० बजे नेपाली सेनाको स्काई ट्रकमा काठमाडौंबाट सुर्खेतका लागि प्रस्थान गर्‍यो । बिहान ८:५० बजे सुर्खेत पुगेको समितिको टोली नेपाली सेनाको हेलिकप्टरमा ९:३५ बजे त्यहाँबाट हुम्लाको सिमीकोट तर्फ प्रस्थान गर्‍यो । ११:३० बजे हुम्लाको सिमीकोट पुगेर त्यहाँको लागि तय गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागी हुन हुम्ला स्थित जिल्ला समन्वय समितिको हलमा पुग्न करिव १० मिनट लाग्ने भएकोले समयको ख्याल गरी एयरपोर्ट नजिकै संक्षित अन्तरक्रिया कार्यक्रममा सहभागी भयो । उत्त कार्यक्रममा प्रदेश सांसद मा० दल रावलले जिल्लाको समग्र वस्तुस्थितिको विवरण पढि टोलीका संयोजक तथा समिति सभापतिज्यूलाई ज्ञापन पत्र समेत बुझउनु भएको थियो । सडक विभागका उप महानिर्देशकले सडकको आगामी कार्ययोजनाको बारेमा आफ्ना कुराहरु राख्नु भयो । कर्णाली करिडोर सडक आयोजना प्रमुखले सडकको विद्यमान अवस्था र समस्याका बारेमा समितिलाई जानकारी गराउनु भयो । संघीय सांसद तथा विकास समिति सदस्य माननीय रंगमती शाहीले सडक निर्मणमा ढिलाइ भएकोले स्थानीयले शास्ती भोग्नु परेको बताउँदै नेपाली सेनाले गरिरहेको निर्माण कार्यको प्रसंसा गर्नु भयो ।

सिमीकोटबाट १२:१५बजे हिल्सा तर्फको सडक अवलोकन गरी समितिको टोली १:०५ बजे पुन सिमीकोट आइपुगेको थियो । सिमीकोटबाट १:३० बजे बाँदरखेला पुगी उक्त स्थानबाट सलिसल्लासम्म स्थलमार्गबाट सडकको अवलोकन गरेको थियो । बाँदरखेला देखि सलिसल्ला सम्मको खण्डमा ट्र्याक खोली सकेको रहेछ। बाँदरखेलाबाट २:३० मा मुगुको गमगडी तर्फ प्रस्थान गरेको समितिको टोली मुगुको ताल्चा एयरपोर्ट हुँदै २:४८ मा रारा पुगेको थियो । रारामा खाना खाएर दिउँसो ४:०० बजे सुर्खेत तर्फ प्रस्थान गर्‍यो ।

२०७८।०७।१२ गते समितिको टोली बिहान ८:०० बजे सुर्खेतबाट दार्चुला तर्फ प्रस्थान गर्‍यो । दार्चुला सदरमुकाममा फ्युल ड्रप गरेर त्यहाँबाट छाङरु तर्फ प्रस्थान गर्‍यो । छाङरुबाट बिहान १०:२० बजे समितिको टोली दार्चुलाको सुनसेरा आइपुगेको थियो । सुनसेरामा दार्चुला—टिंकर सडक आयोजनाको बारेमा नेपाली सेनाका प्रमुख सेनानीले प्रस्तुतीकरण गर्नु भएको थियो । सेनाको प्रस्तुतीकरण पछि ब्यास गाउँपालिकाका वडा अध्यक्ष लगायत जिल्ला स्थित राजनीतिक दलका प्रतिनिधिसँग दार्चुला—टिकंर सडक आयोजनाका सम्बन्धमा छलफल भयो । सडकको काम अत्यधिक सुस्त गतिमा अगाडि बडेको कारण व्यास गा.पा.का स्थानीय बासीले आवत जावतमा भोग्नु परेको समस्या एवं बाढी पहिरोले सडकमा पुर्‍याएको क्षतिका बारेमा आफ्नो धारणा राख्नु भएको थियो । कोठधारको

निर्माणाधीन सडकखण्डमा ब्लास्टिङको काम भइरहेको रहेछ । सोको समेत अवलोकन गरी समितिको टोली त्यहाँबाट १२:३५ बजे दार्चुलाको सदरमुकाम तर्फ प्रस्थान गर्‍यो । दार्चुला पुगेर जिल्ला प्रसाशन कार्यालयमा प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थितिमा समितिको टोली संक्षिप्त अन्तरक्रिया कार्यक्रममा सहभागी भयो । सो कार्यक्रममा समिति सभापतिले भ्रमणको उद्देश्य बारेमा आफ्नो भनाइ राखु भएको थियो भने जिल्ला स्थित प्रजिअले जिल्लाका समस्याका बारेमा समितिलाई जानकारी गराउनु भयो । दार्चुलाबाट समितिको टोली १०:२० बजे बझाङको चैनपुर तर्फ प्रस्थान गर्‍यो । १:५५ मा चैनपुर पुगेको समितिको टोली चैनपुर स्थित जिससको हलमा संक्षिप्त अन्तरक्रिया कार्यक्रममा सहभागी भयो । उक्त अन्तरक्रिया कार्यक्रममा जिल्ला स्थित प्रजिअले जिल्लाको समग्र बस्तुस्थितिका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । संघीय सांसद तथा विकास समिति सदस्य मा. आशा कुमारी विकले बेमौसमी वर्षाका कारण जिल्लामा भएको क्षतिको विवरण बताउँदै जिल्लाको विकास निर्माण १५ वर्ष पछाडि धकेलिएको गुनासो गर्नु भयो । साथै उहाँले हालै गएको वर्षाका कारण विस्थापित भएका नागरिकलाई उद्धार, राहत तथा पुनस्थापनाका कार्य तत्काल गरिनु पर्छ भनी समितिको ध्यानाकर्षण गराउनु भएको थियो । उहाँले बाडीले क्षति ग्रस्त बनाएका सडक पुल लगायतका संरचनाहरुको तत्काल व्यवस्थापन गरी स्थानीय नागरिकहरुले आवत जावतमा भोग्दै आएको कठिनाईको तत्काल अन्त्य गर्न माग गर्नु भयो । उक्त कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरु तथा स्थानीय बासिन्दाको उपस्थिति रहेको थियो तर समयको अभावका कारण स्थानीय जनसरोकारका विषयमा धेरै समय छलफल हुन पाएन। त्यहाँबाट समितिको टोली खसड हुँदै साँझ ५:०० बजे सुर्खेत आइपुगेको थियो । सँझ ५:३० बजे सुर्खेतमा पत्रकार सम्मेलन गरी समिति सभापतिले भ्रमणको उद्धेश्य तथा भ्रमणबाट भएका उपलब्धीका सम्बन्धमा आफ्नो धारणा राख्दै कर्णाली करिडोरको निर्माणमा समितिले महत्वपूर्ण भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

मिति २०७८।०७।१३ गते बिहान ८:४५ बजे समितिको टोली सुर्खेतबाट स्काइ ट्रकमा काठमाडौंको लागि प्रस्थान गर्‍यो र १०:१५ मा काठमाडौं आइपुग्यो ।

कर्णाली करिडोरको महत्व :

- नर्थ—साउथ ग्रोथ एक्सिसको रुपमा रहेको । नेपालको उत्तरी सिमानामा रहेको हिल्सालाई दक्षिणी सिमानामा रहेको जमुनाहासँग सिधा सम्पर्क स्थापना गर्ने ।
- कर्णाली क्षेत्रको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने र मानसरोवर जाने तिर्थयात्रीहरुको लागि सहज हुने ।

कर्णाली करिडोर :

भौगोलिक बिकटता, मौसमी प्रतिकूलता, कडा चट्टानयूक्त भूबनोट आदिका कारण बि.स. २०७१ साल चैत्र ६ गतेको मन्त्रिपरिषद् निर्णय बमोजिम कर्णाली करिडोरलाई विशेष परिस्थितिको सडकको रुपमा परिभाषित गरी नेपाली सेनालाई जिम्मा दिने निर्णय भएको थियो । सोही निर्णय बमोजिम २०७१ साल चैत ९ गतेबाट नेपाली सेनाले कर्णाली करिडोरको निर्माण कार्य अगाडि बढाउँदै आएको छ ।

कर्णाली करिडोर, हिल्सा सिमिकोट सडक योजना परिचय :

राष्ट्रिय गौरवको योजना कर्णाली करिडोर, हिल्सा सिमिकोट सडक योजना, हुम्ला अन्तर्गत हिल्सा सिमिकोट ९५ किमि र सिमिकोट सरीसल्ला खण्ड ५० किमि गरि जम्मा १४५ किमि सडक निर्माण कार्य भइरहेको छ । हिल्सा सिमकोट सडक खण्ड ९५ किमिको सम्पूर्ण ट्रयाक खोलिसकेको र सोही खण्डको च्याङ्लारा भीरको ग्रेड मिलाईसकेपछि सिमिकोटवाट सोझै चीनको सिमाना हिल्सा पुग्न सकिनेछ । त्यसैगरि, सिमिकोट सरीसल्ला खण्ड ५० किमि सडकको ट्रयाक मध्य ४० किमि योजना कार्यालयले खुलाईसकेको र अव १० किमि अफ्ट्यारो चट्टाने भाग मात्र ट्रयाक खुलाउन

बाँकी रहेको अवस्था छ । हाल ट्र्याक नखुलेको १० किमि खण्ड लालीखोला भीर देखि स्यालटारे पर्दछ । १० किमि खुलाउन बाँकी रहेको ट्र्याक मध्य अफ्ट्यारो भाग नेपाली सेना कर्णाली करिडोर विकास निर्माण कार्यदलले लालीबगरदेखि छारे खण्डको ७ किमि नेपाली सेनाले खुलाउने जिम्मा नेपाल सरकार मन्त्रीपरिषदवाट निर्णय भएको छ । निर्माण कार्य अगाडी वढाउन नेपाली सेना तथा हिल्सा सिमिकोट सडक योजनाको संयुक्त स्थलगत निरिक्षण भईसकेको छ । बाँकी रहेको ३ किमि सडक र अस्थायी वेलीवृज योजना कार्यालये निर्माण व्यवसायी मार्फत निर्माण गर्नेछ ।

हिल्सा सरीसल्ला खण्ड अन्तर्गत ४ वटा पुलहरु (हेप्का, ताग्रु, सल्ली, यङ्गार) निर्माणाधिन अवस्थामा रहेको छ । खार्पुनाथमा पक्की पुल र छारे लेप्चे मा २ वटा वेलीवृजको ठेक्का भई सम्झौता भइसको छ । कर्णाली नदीको वहाव घट्न साथ मंसिर पहिलो हप्तासम्म वेलीवृज निर्माण स्थल पुर्याउने लक्ष्य रहेको छ। यस खण्डमा बाँकी रहेको ६ वटा पूलको (स्याम्ने, लाली, सुनाखडा, गोठी, न्यासी र सरीसल्ला,) लागि वजेट विनियोजन भइसकेको र सो पूलहरुको म्भकष्नल बलम द्यगष्ति विधिवाट मंसीर अन्तसम्म ठेक्का गर्ने तयारी भइरहेको छ । सरीसल्लाको कर्णाली नदीमा पक्की पुल नवनेसम्म फेरीसमेत राखेर यातायात संचालन गर्ने प्रकृयामा रहेको छ । हिल्सा देखि तुमकोट सम्म ग्राभेल सडकको स्तरोन्नतीका लागि ठेक्का व्यवस्थापन भइसकेको छ अव ट्र्याक खुलेको खण्डमा शीघ्र स्तरोन्नतीको लागि ठेक्का व्यवस्थापन गर्ने तयारी रहेको छ ।

सरीसल्ला खुलालु खण्ड अन्तर्गत १२३ किमि नेपाली सेना कर्णाली करिडोर विकास निर्माण कार्यदललाई ट्र्याकखोल्ने कार्यको जिम्मेवारी दिईएकोमा ट्र्याक निर्माण सम्पन्न गरि मिति २०७८।०३।३१ मा हिल्सा सिमिकोट सडक योजनालाई वुझाइसकेको छ । उक्त खण्डको वाटो चौडाई तथा सुधार र पक्कीपुलहरुको लागि वजेट विनियोजन भई ठेक्का गर्ने तयारी योजना कार्यालयवाट भइरहेको छ । उक्त सडक खण्डको स्तरोन्नती तथा पीच गर्न सडक विभागद्धारा म्एच् गर्ने प्रकृया अगाडी वढाइसकीएको छ ।

नेपाली सेना र यस योजना कार्यालयले संयुक्त प्रयासमा यसै आ.व ०७८।७९ मा वैकल्पिक उपायहरु समेत अपनाई ट्र्याक खुलाउने प्रयास गरिरहेको छ ।

- हिल्सा सिमीकोट खण्डमा देखिएका समस्याहरु
- अधिकाँश ट्र्याकमा ठूलाठूला चट्टान भएकोले निर्माण कार्यमा ढिलाई भएको,
- व्लाष्टिङ्ग मेटेरियल ल्याउने प्रकृयामा धेरै समय लाग्ने गरेको,
- उत्तरी नाका हिल्सा कोभिड १९ को कारण वन्द रहेकोले निर्माण सामाग्री ल्याउन कठिनाई भएको
- उत्तर तर्फ मंसिरदेखि चैत सम्म हिउँ पर्नाले निर्माण कार्य वन्द रहने गरेको,
- जलवायु परिवर्तनसंगै वेमौसमी वर्षा हिमपातले सडक अवरुद्ध हुने गरेको,
- सिमिकोट वजारक्षेत्रमा (५ किमि) एलाइन्मेन्ट विवाद र क्षतिपूर्ति मुअव्जा माग भई निर्माण कार्य अवरुद्ध भएको।

कर्णाली करिडोर खुलालु—लैफु—सलिसल्ला खण्ड परिचय :

कुल लम्बाईः १२२.७५ कि.मी. (कालीकोट—४० कि.मि., बाजुरा ४४ कि.मि. र हुम्ला ३८.७५ कि.मि.)

शुरु बिन्दु : खुलालु, कालीकोट र अन्तिम बिन्दुः सलिसल्ला, हुम्ला

ट्र्याक निर्माण : १२२.७५ कि.मि.

बेलिबृज निर्माण : ६ ओटा

कालीकोट जिल्लाको खुलालुदेखि हुम्ला जिल्लाको सलिसल्ला (१२२.७५ कि.मि.) सम्म ट्र्याक खोल्ने कार्य सम्पन्न पश्चात् कार्तिक मसान्तसम्ममा पहिरो हटाई यातायात सुचारु गर्ने गरि मिति २०७८ साल आषाढ ३१ गते हिल्सा–सिमिकोट सडक योजनालाई हस्तान्तरण गरिएको छ ।

दुल्लिकुना–लालिबगर (७ कि.मि.) र लैफु–भुक्काखोला( १३.५ कि.मि.) खण्ड नेपाली सेनालाई प्राप्त थप जिम्मेवारी हो ।

मिति २०७८ आश्विन ५ गतेको मन्त्रिपरिषद्को निर्णयबाट कर्णाली करिडोर अन्तर्गत सलिसल्ला–सिमिकोट खण्डको दुल्लिकुनादेखि लालिबगर सडक खण्डको ७ कि.मि. र लैफु बद्रिगाउँदेखि भुक्काखोलासम्म कर्णाली नदिको किनारै किनार १३.५ कि.मि. सडक खण्डको ट्र्याक निर्माण कार्य नेपाली सेनाबाट गराउन स्विकृति प्रदान भएको थियो ।

नेपाली सेनाको जिम्मेवारिमा रहेको खुलालु–लैफु–सलिसल्ला खण्डको ट्र्याक निर्माण सम्पन्न भईसकेको र हालसम्म राष्ट्रिय सडक सञ्जालमा जोडिन बाँकि रहेको हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटसम्म यथासम्भव छिटो सडक सञ्जाल पुर्याउनको निम्ति प्रथम चरणमा सलिसल्ला–सिमिकोट खण्डको दुल्लिकुनादेखि लालिबगर खण्डको ७ कि.मि. ट्र्याक निर्माण कार्य गर्ने योजना नेपाली सेनाको रहेको छ ।

हाल घाटापारिचौर–लैफुडाँडा–भुक्काखोलासम्म ट्र्याक निर्माण भएकोमा लैफु बद्रिगाउँदेखि भुक्काखोलासम्म कर्णाली नदिको किनारै किनार १३.५ कि.मि. ट्र्याक निर्माण कार्य दोस्रो चरणमा गर्ने योजना रहेको छ ।

मन्त्रिपरिषद्को निर्णयमा दुल्लीकुना–लालीबगर खण्डको ७ कि.मि. भन्ने उल्लेख भएकोले हिल्सा–सिमिकोट सडक योजना, हुम्लासंग समन्वय गरि उक्त खण्डमा रहेको लालिबगर भिर, सुनाखाडा भिर, छहारे भिर तथा रिप गाऊँ भिरमा ट्र्याक निर्माण कार्य अगाडि बढाउन क्याम्प स्थापना तथा निर्माण उपकरण र हेभि ईक्युपमेन्टहरु लेआउट गर्नको लागि उपयुक्त स्थानहरुको छनौटको लागि स्थलगत रुपमा रेकि कार्य सम्पन्न गरिएको छ।

दुल्लीकुना–लालीबगर खण्डको ७ कि.मि. ट्र्याक निर्माण कार्य अगाडि बढाउन हाल हुम्ला जिल्लाको खच्चा ईलाकामा रहेको क्याम्पलाई दुल्लीकुना–लालीबगर खण्डमा स्थानान्तरण गरिने र उक्त ईलाकामा निर्माण उपकरण तथा हेभि ईक्युपमेन्टहरु (कम्प्रेसर तथा स्काभेटर) हेलि लिफ्ट गरि ट्र्याक निर्माण अगाडि बढाईने योजना रहेको पाइएको छ ।

नेपाली सेनाले विकट भूगोलमा सडक निर्माणको काम गर्नु परेको अवस्थामा काममा खटिने मजदुरहरुको उच्च मनोवल कायम राख्न देहायका विषयमा समितिको ध्यानाकर्षण गराएको छ :

- नेपाली सेनाबाट निर्माणाधिन सडकहरु भौगोलिक रुपमा बिकट तथा कडा चट्टानि भिरहरुमा जोखिमपुर्ण हुने भएकोले निर्माण कार्यमा संलग्न हुने सकल दर्जाहरुलाई प्रोत्साहन स्वरुप जोखिम भत्ताको व्यवस्था भएको खण्डमा मनोबलमा बृद्दि भई निर्माण कार्य अझ बढी प्रभाबकारि हुने (आ.ब.०७६÷०७७ सम्म जोखिम भत्ता उपलब्ध भईरहेकोमा कोभिड–१९ पछि आ.ब.७७÷७८ बाट कटौति भएको) ।
- नेपाल सरकारका बिभिन्न मन्त्रालय तथा अन्य निकायहरुबाट संचालन हुने ईन्जिनियरिङ्ग बिषय सम्बन्धि तालिम,गोष्ठि तथा सेमिनारहरुमा नेपाली सेनाका प्राबिधिकहरुलाई समेत सहभागि गराउँदा निर्माण कार्यसम्बन्धी सिप र क्षमतामा अभिबृद्दि हुन गई निर्माण कार्यमा सहजता हुने ।
- नेपाली सेनाबाट संचालन भईरहेका सडक निर्माण कार्यहरुमा प्रयोग हुने हेभि ईक्युपमेन्टहरु बोलपत्रद्वारा भाडामा लिने गरिएकोमा प्राप्त बजेटको परिधिभित्रै रहि आयोजनाहरुमा १ देखि २ गोटासम्म भारि उपकरण

खरिद गर्दा निर्माण कार्य संचालनमा सहज हुनुको साथै राष्ट्रकै सम्पत्तिको रुपमा रहने हुँदा बिपद्को समयमा आबश्यक स्थानहरुमा तुरुन्त परिचालन गरि प्रभावकारि ढंगले कार्य सम्पादन गर्न सहज हुने ।

दार्चुला टिङ्कर (कोठधार—टिङ्कर) सडक आयोजना परिचय :

दार्चुला—टिंकर सडक खण्ड अन्तरगत पर्ने दार्चुलाको व्यास गा.पा. १ स्थित छाङ्रु र टिंकर गाउँमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको आवास सहित ११६ घर परिवारको बसोबास रहेको पाइन्छ । नेपाल तर्फको भूमीबाट छाङ्रु र टिंकर पुग्न अत्यन्त कठिन भएकाले त्यहाँका नागरिकहरुले अहिलेसम्म भारतको भूमी प्रयोग गरी आवत जावत गर्दै आइरहेका छन् । महाकाली नदीले सीमा छुट्याएको भारत र नेपालको भूगोलमा भौगोलिक हिसावले कुनै अन्तर नभए पनि भारत तर्फ सडक सञ्जालको सुविधा सुगम रहेको छ भने नेपाल तर्फ अहिलेसम्म गोरेटो बाटोको सुविधा पनि सहज नभएर त्यहाँका नागरिकहरुको जीवन कष्टपूर्ण रहेको छ । त्यहाँका नागरिकलाई भारतीय भूमी प्रयोग गर्दा भारतले गर्ने व्यवहार पनि अमानवीय नै देखिन्छ । यसको ज्वलन्त उदाहरण सोही क्षेत्रमा जयसिंह धामीको तुइन पार गर्दै गर्दाको क्रममा भारतीय पक्षले तुइनको लट्ठा काटीदिंदा महाकाली नदीमा खसेर वेपत्ता भएको यथार्थ नेपाली नागरिक हुनुको पीढाको पराकाष्टा हो । २१ औं शताब्दीमा पनि नागरिकले खोला माथि पुल नभएर तुइनबाट खोला पार गर्ने क्रममा विदेसी नागरिकको व्यवहारले मृत्यू वरण गर्नु परेको स्थिति नेपालको पूर्वाधार विकासको वास्तविक अवस्था पनि हो ।

हालैको जनगणनाका लागि गणकहरु भारतीय भूमिको प्रयोग गरेर सहजताका साथ छाङरु र तिंकर पुग्न भारतसँग अनुमती माग्दा भारतले आफ्नो बाटो प्रयोगको अनुमति नदिए पछि नेपाली भूमी हुँदै जोखिमपूर्ण बाटो प्रयोग गरेर सो क्षेत्रमा जाने गरेको समाचारले त्यहाँको वास्तविक अवस्था छर्लङ्ग पारेको छ । भारतीय भूमीको प्रयोग गरेर एकै दिनमा पुग्न सकिने ठाउँमा नेपाल तर्फको भूमी प्रयोग गर्दा ३ दिन लाग्ने स्थानीय बासीले बताएका छन् । त्यो बाटो पनि हालैको वर्षाले धेरै ठाउँमा अवरुद्ध भएको उनीहरुको गुनासो छ । दार्चुला सदरमुकामबाट व्यास गाउँपालिकाका विभिन्न गाउँमा आवत जावत गर्न भारतको बाटो प्रयोग गर्नु पर्छ । सरकारी काम र बसाई सराइका लागि भारतीय प्रसासनसँग अनुमति माग्नु पर्ने भएता पनि सामान्य नागरिक आवत जावत गर्न समेत कठिनाइ हुने गरको व्यास गा.पा.का स्थानीयले समितिको टोलीसँग गुनासो गरेका थिए। एउटै भूगोलमा सुगम र दुर्गमको स्थिति कदापि मान्य हुन सक्दैन । नेपाल, भारत र चीनको सीमामा पर्ने त्रीदेशीय महत्व बोकेको दार्चुला तिंकर सडक खण्डको पर्याप्त बजेट बिनियोजन सहित यसको तीव्र निर्माणका लागि समिति यसै प्रतिवेदन मार्फत सरकारको ध्यानाकर्षण गराउँदछ ।

- दार्चुला—टिङ्कर सडक खण्ड १३४ कि.मि.रहेको । खलंगा—सुनसेरा ट्रयाक ओपन गर्न सुरु गरेको आ.ब.०६५÷६६ बाट हालसम्म ४० कि.मि.ट्रयाक सम्पन्न भएको ।
- सुनसेरा—कोठधार ७ कि.मि. सडक विभागबाट कार्य संचालन हुनुपर्ने
- मन्त्रिपरिषदको मिति २०७७÷०१÷१४ गतेको निर्णय अनुसार नेपाली सेनाले सुनसेरामा मिति २०७७÷१०÷३० गते र दुम्लिङ्गमा मिति २०७८÷११÷१८ गते वेश निर्माण सुरु गरेको
- दुवै स्थानमा मिति २०७८÷०१÷३० गते (कूल ३ महिना) वेश निर्माण सम्पन्न गरेको
- सडक निर्माण कार्य सुरु— २०७८ भाद्र २४ गतेबाट

दार्चुला टिङ्कर (कोठधार—टिङ्कर) सडक आयोजनामा रहेको चुनौती :

- यस आयोजनालाई प्राप्त जिम्मेवारी अनुसारको सडक ईलाकासम्म मोटरबाटो नभएको हुंदा ढुवानीमा बढी खर्च र सडकको ट्रयाक खोल्ने कार्यमा चुनौती रहेको ।

- सडकको ट्ृ्रयाक खन्दा रुख कटानको कानुनी प्रकृया झेल्नु परेको ।
- विकट चट्टानी भूगोलमा सडकको निर्माणमा खटिने सकलदर्जाका मजदुरहरुलाई जोखिम भत्ताको व्यवस्था नरहेको।
- भौगोलिक विकटता र प्रतिकूल मौसम (बर्षात र जाडो मौसम) को कारण अधिकतम समय काम गर्न चुनौतिपूर्ण रहेको ।
- सुनसेरा—कोठेधार कूल ७ कि.मि. सडक खण्ड सडक विभागबाट निर्माणाधीन अवस्थामा रहेकोमा हालसम्म ३ कि.मि. मात्र ट्र्याक ओपन भएकोमा बाँकी ४ कि.मि. सडक खण्ड निर्माण कार्य सुरु नै नभएको कारणले निर्माण स्थल कोठेधारसम्म आवत जावत गर्न तथा अन्य सामाग्रीहरु ओसार पसार गर्न कठिन हुने गरेको ।

कर्णाली करिडोर र दार्चुला टिंकर सडक खण्डको अनुगमनमा रहेको समितिको टोली बेमौसमी वर्षाका कारण नराम्रोसँग क्षतिग्रस्त भएको सुदुर पश्चिम प्रदेशको बझाङको चैनपुर पुगेको थियो । हालैको बाडीले क्षतिग्रस्त बनाएका सडक पुल लगायतका संरचनाहरुको तत्काल व्यवस्थापन तथा वर्षाले विस्थापित भएका नागरिकहरुलाई उद्धार, राहत तथा पुनस्थापना लगायतका विषयमा चैनपुर स्थित जिल्ला समन्वय समितिको हलमा संक्षिप्त अन्तरक्रिया कार्यक्रम भएको थियो ।

बझाङको चैनपुरमा भएको अन्तरक्रिया कार्यक्रममा उठेका विषयहरु :

- बाडी पहिरोबाट क्षतिग्रस्त जयपृथ्वी राजमार्ग (खोड्पे— बझाङ) लगायत पालिकाहरु जोड्ने सडकहरु तुरुन्त सुचारु गर्नु पर्ने ।
- बाडी पहिरोले बगाएका क्षतिग्रस्त भएका पुल, पुलेसाहरु, विद्यालयहरु, नहर तथा कुलोहरुको तत्काल निर्माण गर्नु पर्ने ।
- सदरमुकाम चैनपुर लगायत नदी किनारका बस्तीहरुमा बनाएका तटबन्धनहरु भत्किई जिल्ला सदरमुकाम लगायत खोला ÷नदी किनारका वस्तीहरु जोखिमपूर्ण रहेकोले तत्काल तटबन्धनको काम गर्नु पर्ने ।
- जयपृथ्वी राजमार्ग (खोड्पे— चैनपुर) डबल लेनमा स्तरोन्नति गर्नु पर्ने ।
- सेती लोकमार्ग उत्तर (चैनपुर— ताक्लाकोट) सडक निर्माण सम्पन्न गर्नु पर्ने ।
- धनगडी — बझाङ्ग हवाई सेवा नियमित गर्नुपर्ने ।
- मिति २०७८।०६।३१ गते राती देखि ३ दिनसम्म आएको अविरल वर्षाका कारण आएको बाडी, पहिरो, नदिकटानबाट अकल्पनीय मानवीय तथा भौतिक क्षति भएको र सामान्य नियमित बजेट, कार्यक्रम तथा मौजुदा जनशक्तिबाट यसको पुनःनिर्माण तथा पुनस्थापना गर्न असम्भव भएकोले जिल्लालाई बाडी पहिरो संकटग्रस्त जिल्ला घोषणा गरी जिल्लामा पुनःनिर्माण तथा पुनस्थापनाको कार्य तत्काल आरम्भ गर्नु पर्ने।

सुझाव तथा निर्देशन :

कठिन भूगोल रहे पनि प्राकृतिक सुन्दरता र जैविक विविधताले भरिपूर्ण रहेको कर्णालीमा सडकको पहुँचले समृद्धिको ढोका खोल्ने कुरामा दुई मत छैन । नेपाली सेनाबाट निर्माणाधीन कर्णाली करिडोर (उत्तर—दक्षिण लोकमार्ग) निर्माण सम्पन्न भए पश्चात् नेपालका सबै जिल्ला सदरमुकामहरु सडक सञ्जालसँग जोडिएका हुनेछन्। अत्यार लाग्दा भिर र पहरामा गोरेटो बाटो बनाई गुजारा चलाएका कर्णालीबासीहरु भिरको बाटोबाट लडेर मृत्यूबरण गर्नु परेको यथार्थ हाम्रा सामु छर्लङ्गै छ । त्यस्तो कठिन परिवेसमा नेपाली सेनाबाट निर्माणाधीन करिडोरको स्थलगत अवलोकन गर्न विकास

तथा प्रविधि समितिको संसदीय टोली त्यहाँ पुगेको थियो । स्थलगत अवलोकन पश्चात् देखिएका समस्याहरुको समाधानका लागि संसदीय टोलीले नेपाल सरकारलाई देहाय बमोजिम सुझाव तथा निर्देशन गर्दछ :

- राष्ट्रिय गौरवका आयोजनाहरुलाई कुनै पनि अवस्थामा बजेट अभाव हुन नदिई सम्बद्ध निकायहरुबाट त्यसको अनुगमन निरन्तर रुपमा गरिनु पर्ने ।
- विभिन्न स्थानमा निर्माणाधीन करिडोरहरुको बजेट व्यवस्थापन गर्दा एकमुष्ट रुपमा नगरी छुट्टाछुट्टै रुपमा बजेट व्यवस्थापन गरिनु पर्ने ।
- निर्माणाधीन कर्णाली करिडोर अत्याधिक विकट भूबनोटमा रहेको हुँदा यसको अनुगमन र स्तरोन्नति गर्ने काम निरन्तर सम्बन्धित निकायले गर्नु पर्ने ।
- नेपाली सेनालाई दिइने आयोजनाहरु राष्ट्रिय रणनीतिक महत्वको आयोजनाहरु हुनेहुँदा यस्ता आयोजनाहरु समयमा नै प्रभावकारी ढंगले सम्पन्न गर्न आवश्यकीय साधन स्रोतहरु प्राथमिकता पूर्वक सहुलियत खर्चमा उपलब्ध गराउन आवश्यक देखिएको ।
- नेपाली सेना तथा अन्य विभागहरुबाट सडक निर्माण गर्दा स्थानीय जनशक्तिको प्रयोग गरी उनीहरुलाई आवश्यक तालिम उपलब्ध गराउनु पर्ने तथा महिला कामदारहरुलाई सीप मुलक तालिम दिई काम गर्न प्रोत्साहित गर्न्नु आवश्यक देखिएको ।
- कर्णाली राजमार्गलाई मृत्युमार्ग भनी विगतमा परिभाषित गरिएको हुँदा सडक निर्माण गर्दा सुरुमै घुम्ती उकालो मिलाई कम्तिमा पनि ६ मि. चौडा बनाई हरेक १०० देखि १५० मि. मा भ्बकथ एबककष्लन श्यलभ राख्नु पर्ने । अव निर्माण गरिने सडक खण्डहरु २ लेनको बनाउनु पर्ने आवश्यक देखिएको ।
- सडक विभागबाट जारी भएको सडक सम्बन्धी च्भ्नजत या ध्बथ भौगोलिक विकटता र भूबनोट अनुसार सबै स्थानहरुमा कार्यान्वयन गर्न कठिनाई हुने भएकोले हिमाल, पहाड र तराईको लागि छुट्टाछुट्टै च्भ्नजत या ध्बथ क्तबलमबचम मा परिमार्जन गरिनु पर्ने ।
- मुगुको लोतिखोलामा बेलिब्रिज वा पक्की पुल निर्माण गर्ने तर्फ सडक विभागले तत्काल काम अगाडि बडाउनु पर्ने।
- दार्चुला—टिंकर सडक खण्डलाई छुट्टै राष्ट्रिय महत्वको आयोजनाको रुपमा राखी सो खण्डमा बजेटको अभाव हुन नदिइ निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्नु पर्ने ।
- पैदलयात्रुहरुलाई सुन्सेरादेखि टिंकरसम्म आवत जावतका लागि घोरेटोबाटोको यथाशीघ्र निर्माण गरिनु पर्ने ।
- सुनसेरा—कोठधार सडक खण्डको ४ कि.मि. सडक नेपाली सेनालाई जिम्मेबारी प्रदान गर्दा सो खण्डमा सेनालाई काम अगाडि बढाउन सहज हुने देखिएको ।

निष्कर्ष :

कर्णाली करिडोर (खूलालू—लैफू—सरिसल्ला) सडक र दार्चुला—टिंकर सडक कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशको समग्र बिकासको मूख्य मेरुदण्डको रुपमा रहेको छ । दार्चुला—टिकंर सडक खण्ड अन्तरगत दार्चुला कोठधार सडकको निर्माणमा भएको ढिलाईले दार्चुलाको व्यास गा.पा.मा बसोबास गर्ने नागरिकहरुले आवत जावतमा अत्यन्त समस्या भोगनु परेको छ । यसको प्रत्यक्ष उदाहरण यसपालीको जनगणनामा गणहरुले सो क्षेत्रमा पुगन भोगनु परेको सास्ती नै हो ।

सडक मार्गको निर्माण पश्चात नै अन्य विकासका पूर्वाधारहरुले गति लिने हुँदा सडक निर्माणकार्य सर्वोपरिरुपमा अपरिहार्य नै हुन्छ । यी सडक आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्न सकेको खण्डमा हरेक दृष्टिकोणबाट अति पिछडिएको यस क्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्नुको साथै सामाजिक परिवेशमा समेत रुपान्तरण भई आमुल परिवर्तन हुने प्रवल सम्भावना रहेको छ । कर्णाली करिडोर छिमेकी राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बती सिमानामा रहेको नेपालको हिल्सालाई दक्षिणी सिमानामा रहेको जमुनाहासँग जोड्न तथा कर्णाली क्षेत्रको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै मानसरोवर जाने तिर्थयात्रीहरुको लागि समेत महत्वपूर्ण हुने देखिन्छ ।

कर्णाली करिडोर कर्णाली प्रदेशको भविष्य र समृद्धिको मुख्य आधार पनि हो । यसको निर्माणमा नेपाली सेनाबाट भइरहेको कार्यलाई निरन्तर अनुगमन र पृष्ठपोषण समेत गरी कुनै पनि बाधा व्यवधान आउन नदिई समयमा नै राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको यो करिडोरको निर्माण सम्पन्न गर्न प्रोत्साहित गर्नु आजको प्रमुख आवश्यकता हो र राज्यको प्रमुख दायित्व पनि हो ।

**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

**नारायणघाट-बुटवल सडकखण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८**

**(मंसिर ५, ६ र ७ गते)**

## १. पृष्ठभूमि

मुलुकको समृद्धि एवं विकासको प्रमुख आधारको रुपमा सडकको पहुँच र विस्तारलाई लिने गरिएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पर्ने नारायणघाट-बुटवल सडक पूर्व-पश्चिम जोड्ने मात्र नभई देशकै प्रमुख तथा व्यापारिक मार्गको रुपमा समेत परिचित छ । चितवनको नारायणघाटबाट प्रारम्भ भई यो सडक नवलपरासी (वर्दघाट सूस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) हुँदै रुपन्देहीको बुटवलसम्मको भू-भाग भित्र समेटिएको छ । भारतबाट नेपालको भैरहवा हुँदै दैनिक ठूलो संख्याका मालवाहक सवारी साधनहरु राजधानी लगायत देशका विभिन्न स्थानसम्म पुऱ्याउन र यसरी नै यही प्रयोजनका लागि भारततर्फ प्रस्थान गर्न यो सडक प्रमुख प्राथमिकतामा पर्दछ । यसको अतिरिक्त यात्रुवाहक सवारी साधनहरुको चाप पनि यहाँ अत्यधिक बढ्दो छ ।

यहाँको पुरानो र अत्यन्त साँघुरो सडकमा ठूला-साना सवारी साधनहरु अत्यधिक मात्रामा चल्ने हुँदा दैनिक जोखिमयुक्त र कष्टपूर्ण यात्रा गर्नु परिरहेको अवस्थामा यसलाई दीर्घकालीन रुपमा समाधान गर्न नेपाल सरकारले एशियन हाई वे स्तरको मापदण्ड कायम हुने गरी एशियाली विकास बैंक (ADB) को ऋण सहयोगमा यो सडक स्तरोन्नतीको कार्य भईरहेको छ । नेपालको लाइफ लाइनको रुपमा रहेको पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको यो सडकखण्डको निर्माणमा देखिएको सुस्त भौतिक प्रगतिप्रति त्यस क्षेत्रका स्थानीय बासिन्दाहरुले तीव्र असन्तुष्टि व्यक्त गरिरहेका छन् । अत्यन्त व्यस्त यो सडक उच्च प्राथमिकताका साथ निर्माण हुनुपर्नेमा विभिन्न समयमा पटक पटक निर्माण कम्पनी र कामदारहरु बीचको वादविवाद लगायतका विविध समस्याका कारण पनि यो सडक निर्माणको कार्य अवरुद्ध भईरहेको अवस्थामा यही विषयमाथि छलफल गर्न मिति २०७७ चैत्र १३ गते समितिको बैठक बसी मन्त्रालय र सम्वद्ध आयोजनालाई आवश्यक निर्देशन भएको थियो । सोही बैठकबाट यो सडकखण्डको सम्बन्धमा स्थलगत अध्ययन अवलोकन गर्ने निर्णय समेत भएको थियो ।

## २. <u>संसदीय भ्रमण टोलीको गठन र भ्रमण कार्यक्रम</u>

संघीय संसद, विकास तथा प्रविधि समितिको मिति २०७७/१२/१३ गते बसेको बैठकले नारायणघाट-बुटवल सडक खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय भए बमोजिम समितिका मा. सभापतिज्यूबाट उहाँकै संयोजकत्वमा समितिका मा. सदस्यहरु र कर्मचारीहरु समेत सहभागी रहने गरी मिति २०७८ मंसिर ५,६ र ७ गते उक्त क्षेत्रको भ्रमण गर्ने गरी भ्रमण टोली गठन र भमण कार्यक्रम निर्धारण गर्नु भएको थियो ।

**संसदीय भ्रमण टोलीका मा. सदस्यहरु**

| | | |
|---|---|---|
| १ | सभापति मा. कल्याणी कुमारी खड्का | - संयोजक |
| २ | मा. आशा कुमारी वि.क. | - सदस्य |
| ३ | मा. ईन्दु कुमारी शर्मा | - सदस्य |
| ४ | मा. कमला रोका | - सदस्य |
| ५ | मा. केदार सिग्देल | - सदस्य |

**भ्रमण टोलीमा संलग्न कर्मचारीहरु**

| | | |
|---|---|---|
| १ | श्री ओमबहादुर कार्की | - समिति सचिव |
| २ | श्री धिरेन्द्र बस्नेत | - खरिदार |
| ३ | श्री यमुना देवी वाग्ले | - का.स. |

संसदीय भ्रमण टोलीको कार्यक्रम अनुसूचि-१ मा समावेश गरिएको छ ।

## ३. स्थलगत भ्रमणको उद्देश्य

सडक विस्तार तथा स्तरोन्नतिको कार्य भईरहेको नारायणघाट-बुटवल सडक खण्डको हालसम्मको कार्य प्रगति तथा यसका समस्या एवं चुनौतिहरुको अध्यन गरी समितिमा प्रतिवेदन पेश गर्ने ।

## ४. सडक आयोजनाको परिचय

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग अन्तर्गत आयोजना निर्देशनालय (ADB) को जिम्मेवारीमा रहेको नारायणघाट-बुटवल सडक खण्डको निर्माण एवं स्तरोन्नतिको काम दुईवटा प्याकेजमा विभाजित छ । एशियाली विकास बैङ्क (ADB) को ऋण सहयोगमा निर्माणाधीन यो सडक खण्डको प्याकेज नं. १ अन्तर्गत नवलपरासी (वर्दघाट सुस्ता पूर्व) नारायणघाट-दाउन्ने सडक ६४.४२५ कि.मि. र प्याकेज नं. २ अन्तर्गत नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) र रुपन्देहीसम्म ४८.५३५ कि.मि. लम्बाईको रहेको छ ।

चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशन लि. निर्माण व्यवसायी रहेको दुवै प्याकेज अन्तर्गतको सडक सुधार आयोजनाका लागि कोरियन सुपरभिजन कन्सल्टेन्ट नियुक्त गरी १९ डिसेम्बर, २०१८ मा सम्झौता भई ७ फेब्रुअरी २०१९ देखि आयोजनाको काम शुरु गरिएको छ । ७ अगष्ट २०२२ सम्ममा आयोजना अन्तर्गतका दुवै खण्डको काम पूरा गरिसक्ने लक्ष्यका साथ आयोजनाको सम्झौता गरिएको छ ।

**प्याकेज-१ नारायणघाटदेखि दाउन्ने**

लम्बाई - ६४.४२५ कि.मि.

जिल्ला - नवलपरासी वर्दघाट सुस्ता पूर्व

प्रदेश - गण्डकी

सडक मापदण्ड - एशियाली राजमार्ग- शहरी खण्डमा सेवा सडक सहित ४ लेन, ग्रामीण खण्डमा सेवा सडक विना ४ लेन र दाउन्ने क्षेत्रमा ३ लेन

सडकको चौडाई(मि) - १४.०० र १०.५०

सोल्डरको चौडाई(मि) - २.५ र ०.७५

सडकको कुल चौडाई(मि) - ३७/२१/१२.५

सडकको मध्यम भागको चौडाई(मि) -३.०० र ३.५०

सडकको किसिम- कालो पत्रे (Asphalt conc./DBST)

साना ठूला पुल - कल्भर्ट-२१६, ठूला पुल-१२, साना पुल-२२

जंगली जनावरका लागि - २२ कल्भर्ट/साना पुल

नालीको प्रकार - RCC covered drain, Trapezoida/open drain

टेवा पर्खाल - ग्याबियन जाली, ढुङ्गाको पर्खाल, आर.सि.सि. ढलान पर्खाल

आयोजनाको वित्तिय प्रगति - ३.९२%

आयोजनाको भौतिक प्रगति - ८.५%

**प्याकेज-२: दाउन्ने-बुटवल सडक खण्ड**

लम्बाई - ४८.५३५ कि.मि.

जिल्ला - नवलपरासी वर्दघाट सुस्ता पश्चिम

प्रदेश - गण्डकी र लुम्बिनि प्रदेश

सडक मापदण्ड - एशियाली राजमार्ग- शहरी खण्डमा सेवा सडक सहित ४ लेन, ग्रामीण खण्डमा सेवा सडक विना ४ लेन र दाउन्ने क्षेत्रमा ३ लेन

सडकको चौडाई(मि) - १४.०० र १०.५०

सोल्डरको चौडाई(मि) - २.५ र ०.७५

सडकको कुल चौडाई(मि) - ३७/२१/१२.५

सडकको मध्यम भागको चौडाई(मि) -३.०० र ३.५०

सडकको किसिम- कालो पत्रे (Asphalt conc./DBST)

साना ठूला पुल - कल्भर्ट-२४७, ठूला पुल-९, साना पुल-२१

जंगली जनावरका लागि - १३ कल्भर्ट/साना पुल

नालीको प्रकार - RCC covered drain, Trapezoida/open drain

टेवा पर्खाल - ग्याबियन जाली, ढुङ्गाको पर्खाल, आर.सि.सि. ढलान पर्खाल

आयोजनाको वित्तिय प्रगति - ५.५१%

आयोजनाको भौतिक प्रगति - १०.३४%

आयोजनाको दुवै प्याकेजको वर्तमान अवस्था झल्किने विवरण अनुसूची-२ मा समावेश गरिएको छ ।

## ५. स्थलगत भ्रमण र अन्तर्क्रिया कार्यक्रम

समितिका सभापति मा. कल्याणी कुमारी खड्काको संयोजकत्वमा समिति सचिवालयका कर्मचारीहरु सहितको ससदीय टोलीले मिति २०७८ मंसिर ५ र ६ गते चितवनको नारायणघाटदेखि रुपन्देहीको बुटवलसम्मको सडकखण्डको स्थलगत अनुगमन भ्रमण र अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी २०७८ मंसिर ७ गते भैरहवाबाट काठमाडौं फर्कने गरी कार्यक्रम निर्धारण गरिएको थियो । कार्यक्रमको दौरानमा नारायणघाट-बुटवल सडकखण्डको प्याकेज-१ (नारायणघाटदेखि दाउन्नेसम्म) स्थलगत अनुगमनको प्रारम्भमै

परामर्शदाताको कार्यालय गैंडाकोटमा सडक आयोजनाको विद्यमान स्थितिका बारेमा संसदीय टोलीलाई जानकारी गराउने उद्देश्यले ब्रिफिङ्ग कार्यक्रम राखिएको थियो । उक्त समयमा सडक आयोजना निर्देशनालयका आयोजना निर्देशक श्री सुशिलबाबु ढकाल, आयोजनासँग सम्वद्ध परामर्शदाता र निर्माण व्यवसायीका प्रतिनिधिहरुले समग्र आयोजनाको वर्तमान अवस्था, समस्या एवं चुनौतिहरु र आयोजनाको काममा भएको ढिलाईका साथै आयोजनाको वित्तिय र भौतिक प्रगतिका सम्बन्धमा प्रस्तुतिकरण सहित संक्षिप्त जानकारी गराउनु भएको थियो ।

गैडाकोटमा भएको संक्षिप्त ब्रिफिङ्ग पश्चात संसदीय भ्रमण टोली नवलपरासी वर्दघाट सुस्ता पूर्व अन्तर्गतका स्तरोन्नति भईरहेका निर्माणाधीन सडकहरुको विभिन्न ठाँउहरुमा रोकिदै प्रत्यक्ष अवलोकन गर्दै अगाडि बढ्यो । अवलोकनको क्रममा सडकका अधिकांश कल्भर्ट तथा साना पुलहरु निर्माणको प्रारम्भिक चरणमा नै रहेको देखिन्थे । पुरानो सडक भत्काईएको र त्यो सडकमा डाइभर्सनका लागि बनाइएको वैकल्पिक मार्गमा अत्यधिक मात्रा धुलो उड्ने गरेको देखिन्थ्यो । सडकमा उत्तरतर्फको पानी दक्षिणतर्फ बगेर जाने उपयुक्त निकास नदिई विभिन्न ठाँउमा कल्भर्टहरु धमाधम निर्माण भईरहेको अवस्था देखियो । सडकको अवस्था अवलोकन गर्दै उक्त दिन दिउँसो ३ः३० बजे निर्माणाधीन नारायणघाट-दाउन्ने सडकको वर्तमान अवस्थाका सम्बन्धमा सर्वपक्षिय अन्तर्क्रिया कार्यक्रमका लागि संसदीय टोली कावासोती स्थित कावासोती नगरपालिकाको सभाकक्षमा पुगेको थियो ।

कावासोती नगरपालिकाका प्रमुख श्री चन्द्र कुमारी पुनको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संघीय संसद प्रतिनिधिसभाका सदस्य मा. तिलबहादुर महत क्षेत्री, गण्डकी प्रदेश सभा सदस्य मा. रोशन कुमार गाहा, प्रमुख जिल्ला अधिकारी, सडक आयोजना निर्देशनालयका प्रमुख तथा पदाधिकारीहरु, सुरक्षा निकायका प्रमुखहरु, राजनीतिक दलका प्रतिनिधीहरु, पत्रकारहरु, आयोजनासँग सम्बन्धित निर्माण व्यवसायी प्रतिनिधिहरु, विभिन्न उपभोक्ता समितिका पदाधिकारीहरु र सडकसँग सम्वद्ध सरोकारवालाहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

**<u>कावासोती नगरपालिकाको सभाकक्षमा भएको अन्तर्क्रियाको निचोड</u>**

- सन् २०२२ अगस्टसम्म सम्पन्न भईसक्नु पर्ने सडकको काम हालसम्म १० प्रतिशत पनि पुरा भएको,
- मजदुरहरुले काम गरे वापतको पारिश्रमिक पाउने विषयमा धेरै समस्याहरु भोग्नुपरेको,
- सडक अति धुलाम्य भएको, दैनिक पानी हाल्ने गरिएको छैन जसले गर्दा स्थानीय बासिन्दाको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको,
- सडकले टेलिकमका प्रसारण लाईनहरुमा क्षति पुऱ्याइ सञ्चार सम्पर्क स्थापनामा कठिनाई भएको,
- सडकको दायाँ-बायाँ खानेपानी सेवा पुऱ्याउन बिछ्याईएका खानेपानीका पाइपहरुमा अत्यधिक क्षति पुगेकोले सडक आयोजना र निर्माण कम्पनीले तत्कालै क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने माग गरिएको,
- सडक वरदान होइन अभिशाप भएको,
- सडकका नालीहरु नियमित रुपमा सफाई नगर्दा वर्षायाममा परेको पानीले सडक किनाराका घरहरु डुवान भई क्षति पुग्ने गरेको,

- सडकखण्डको मध्यवर्ती वनक्षेत्रभित्र वन्यजन्तु तथा जनावरहरुको आवातजावतको लागि प्रस्ताव गरिएका भूमिगत मार्गहरु पर्याप्त छैनन्,
- निर्माण व्यवसायीसँग काम गर्ने पर्याप्त जनशक्ति नभएको
- दायाँ बायाँ सडक निर्माण भईसकेपछि मात्र पुरानो सडक भत्काउने गरी स्थानीय बासिन्दासँग गरिएको सम्झौता पालना गरिएन ।
- दाउन्नेमा सवारी साधन बिग्रिएको अवस्थामा धेरै जसो ७ देखि २४ घण्टासम्म सवारी जाम हुने गरेको छ ।
- विद्यार्थी र बालबालिकाका लागि यो सडक अति नै जोखिमयुक्त रहेको छ ।
- दाउन्नेमा हुने सडक जाम तथा सवारी चापलाई न्यूनिकरण गर्न वैकल्पिक मार्गको रुपमा त्रिवेणी-दुम्कीवास सडक तत्काल सञ्चालनमा ल्याउने पर्ने र दाउन्ने खण्डको सडक निर्माणलाई उच्च प्राथमिकतामा राखि निर्माण गरिनु पर्ने,

कावासोती नगरपालिकाको सर्वपक्षिय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी सोही दिन साँझ संसदीय टोली दाउन्ने हुँदै बास बस्न रुपन्देहीको मणिग्राम पुगेको थियो । भोलिपल्ट अर्थात २०७८ मंसिर ६ गते बिहान ८:०० बजे रुपन्देहीको जंगलमा निर्माणाधीन (नामाकरण नभएको) पुलबाट स्थलगत अवलोकन गर्दै घोडाहा खोलाको भाँचिएर धसिएको पुल, नवलपरासी पश्चिम तर्फको ज्यामिरे स्थित सानो खोला पुल, सुनवल न.पा. भित्रको तुरिया नदीको पुल (गत भदौमा परेको पानीले भासिएको) को अवलोकन गरिएको थियो । हालै यहाँ वैकल्पिक प्रयोगका लागि आयोजनाबाट वेलिब्रिज निर्माण गरिएको छ । स्थानीय बासिन्दाहरुको पूर्व निर्माण भईसकेका घरका कारण सुनवल न.पा. वडा नं. १ र वडा नं. १३ को वडेरा चोक लगायतका विभिन्न स्थानहरुमा निर्माण भईरहेका कल्भर्टहरुको पानी निकास हुन अवरोध पुगेको देखिएको छ । नवलपरासी पश्चिमको भुमही र यसको आसपास अत्यन्त ठूला मालवाहक सवारी साधनहरुको चापलाई ध्यानमा राखि यसलाई पीच नभई ढलान गर्नु पर्ने स्थानीय बासिन्दाको धारणा रहेको पाइयो ।

भुमहीबाट संसदीय भ्रमण टोली सडकको अनुगमन गर्दै दाउन्नेको अग्रभागसम्म पुगेको थियो । अनुगमनको क्रममा यो सडकको प्रमुख समस्या नै दाउन्ने सडकखण्ड देखियो । एकातिर साँघुरो सडक र अर्कोतिर सडकको दक्षिणतर्फ त्यहाँ स्थानीय बासिन्दाले आफू खुशी घर तथा टहरा निर्माण गरी बसोबास र होटल पसल सञ्चालन गरिरहेको पाइयो । सडकको दक्षिणतर्फ धेरै गहिरो भाग रहेको हुँदा सडक विस्तार सँगै त्यहाँका घर टहराहरु तत्कालै अन्यत्र सार्नै पर्ने बाध्यात्मक अवस्था देखिएको छ । सडकको उत्तर तर्फबाट बगेको पानीको भेलले सडकहरु चर्किने, भासिने भई जोखिमयुक्त स्थिति सिर्जना भएको देखियो । केही स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटेर कुरा गर्दा आफूलाई भूमिहीन बताउने करिब २०० को संख्यामा यस्ता बस्तीहरु रहेको जानकारी पाइयो ।

दाउन्ने खण्डको स्थलगत अवलोकन सम्पन्न गरी संसदीय टोली उक्त क्षेत्रको सर्वपक्षीय अन्तर्क्रिया कार्यक्रमका लागि पूर्व निर्धारित समयानुसार नै सुनवल स्थित देवकोटा बहुमुखी क्याम्पस पुग्यो । मा. सभापति, समितिका माननीय सदस्यहरु सहित संसदीय टोलीलाई कार्यक्रम स्थलमा क्याम्पसका अध्यक्ष श्री कृष्ण प्रसाद लामिछानेबाट हार्दिकतापूर्ण स्वागत तथा सम्मान व्यक्त गरियो । सुनवल नगर कार्यपालिकाका

प्रवक्ता श्री कृष्ण प्रसाद देवकोटा अध्यक्षतामा सो क्याम्पसको सभाकक्षमा सञ्चालन गरिएको अन्तर्क्रिया कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, राजनैतिक दलका प्रतिनिधिहरु आयोजनासँग सम्वद्ध पदाधिकारीहरु, पत्रकारहरु, विभिन्न स्थानीय उपभोक्ता समितिका प्रतिनिधिहरु र सरोकारवालाहरुको उल्लेख्य मात्रामा उपस्थिति रहेको थियो ।

**सुनवलस्थित देवकोटा क्याम्पसमा भएको अन्तरक्रियाको निचोड**

- सडक समयमा निर्माण नहुँदा यस क्षेत्रमा ढुवानी लागत अत्यन्त वृद्धि भएको छ ।
- सडकको वर्तमान अवस्थाले सडक दुर्घटना र स्वास्थ्य समस्या व्यहोर्नु परिरहेको छ ।
- वर्षाका कारण बाढी पहिरोबाट सडकलाई क्षति पुग्दा समेत निर्माण व्यवसायी उत्तरदायी भई काम गरेको पाइएन ।
- सडकको ठाउँ-ठाउँमा कल्भर्ट निर्माण गरी धेरै लामो समयसम्म खाल्डो राखि छाड्नाले त्यसका कारण सडक दुर्घटना बढी रहेको छ ।
- विद्युत, खानेपानी, सञ्चार लगायतका पूर्वाधार व्यवस्थित नगरी हतारमा आयोजना शुरु गरिएकोले थप समस्या सिर्जना भएको छ ।
- सडक अनुगमनको समयमा मात्र खाल्डा खुल्डी पुर्ने गरिएको छ ।
- सडकसँग सम्बन्धित सूचनाहरु व्यवस्थित रुपमा नराखिएको र भएका सूचनाहरु पनि धुलोले पुरिएको छ ।
- सडक विस्तार र स्तरोन्नतीको डिजाइन गर्दाकै अवस्थामा भएको त्रुटिका कारणले सम्पूर्ण सडकखण्डमा एउटा पनि आकाशे पुल (Over Bridge) निर्माणको योजना समावेश नगरिएको ।
- निर्धारित मापदण्डभन्दा बढी लोड बोकेका सवारी साधनहरुका कारण ठाँउ-ठाँउमा सवारी साधनहरु बिग्रने र सडकको भार वहन क्षमताले थेग्न नसक्दा सडककै दुरावस्था हुन गएको छ ।

  स्थलगत अनुगमन र अन्तर्क्रिया कार्यक्रमको केही तस्वीरहरु अनुसूची-३ मा समावेश गरिएको छ ।

## ६. समस्या तथा चुनौतिहरु

एशियाली हाइ वे स्तरको सडक मापदण्डलाई कायम हुने गरी स्तरोन्नति शुरु गरिएको नारायणघाट-बुटवल सडकको निर्माणको गति हेर्दा ढिलाई एवं सुस्तताको सीमा रेखा नै पार गरेको बोध हुन्छ । स्थलगत अनुगमनको क्रममा सडकसँग सम्बन्धित समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेको देखिन्छन् ।

- सन् २०२२ अगस्ट १ सम्म सम्पन्न भई सक्नुपर्ने गरी स्तरोन्नतिको कार्य शुरु गरिएको नारायणघाट-बुटवल सडकखण्डको दुई प्याकेज (नारायणघाट-दाउन्ने र दाउन्ने-बुटवल) सडकको समग्र भौतिक प्रगति ९.४% मात्र हासिल भएको छ । यो आयोजना कहिलेसम्म निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गरिने हो त्यसको सुनिश्चितता देखिएको छैन ।
- नारायणघाट-दाउन्ने सडक अन्तर्गतको पहिलो प्याकेजमा ६२९७ रुखहरु काटिनुपर्नेमा ३६,३०७ रुखहरु काट्नुपर्ने र दाउन्ने-बुटवल सडक खण्डमा २७३० रुखहरु काटिनु पर्नेमा १२,०३२

रुखहरु काट्नुपर्ने अवस्था देखाई आयोजनाको काममा ढिलाई भएको तर्क आयोजना निर्देशनालयबाट प्रस्तुत भएको पाइएको छ । समग्र सडक आयोजनाको डि.पि.आर. गर्दा यस्ता महत्वपुर्ण तथ्यहरु कसरी छुट्न गए, यस्तो अपूर्ण र त्रुटीपूर्ण काम गर्ने जिम्मेवार उपर छानवीन गरी कारवाही भएको पाइएन ।

- दुई खण्ड (नारायणघाट-दाउन्ने र दाउन्ने-बुटवल) मा विभाजित समग्र आयोजनाको हालसम्मको ९.४% भौतिक प्रगति हेर्दा चालु वर्षमा पहिलो खण्ड र दोश्रो खण्डको क्रमशः ६७.०८% र ६९.८१% प्रतिशतको भौतिक प्रगतिको लक्ष्य हासिल गर्ने ठोस र भरपर्दो आधार केही पनि देखिदैन ।
- सडक विस्तार र स्तरोन्नतीको डिजाइनमा नै भएको समस्याका कारण सडक खण्डका दाउन्ने, वर्दघाट, भुमही, सुनवल, खैरेनी र बुटवल लगायतका बाक्लो मानव वस्ती भएका विभिन्न स्थानहरुमा निर्माण भईरहेका कल्भर्टहरुबाट पानीको निकास हुन बाधा उत्पन्न भएको देखिन्छ ।
- निर्माण व्यवसायीले सडक निर्माणसँग सम्बन्धित मेशिन तथा औजारहरु समयमा आपूर्ति नगर्दा र आवश्यक संख्यामा कामदारहरु परिचालन नगरी काममा ढिलाई गरिरहँदा यस्तो कार्यको अनुगमन तथा सुपरिवेक्षण गरी उचित कारवाही गरेको पाइएन ।
- लक्ष्यभन्दा केही कम प्रगति हासिल हुने कुरालाई सामान्य मान्न सकिएला तर केहि वर्ष अघि देखिएको कोभिड र वर्षायामको बाढी पहिरोले मात्र सडक आयोजनाको कामको यो गतिको सुस्ततालाई स्थानीय बासिन्दाको आक्रोशपूर्ण असन्तुष्टिले गलत सावित गरिदिएको छ । यसबाट सम्वद्ध सडक आयोजनाका पदाधिकारी, परामर्शदाता र निर्माण कम्पनी सबै पक्षबाट उक्त कार्यमा जिम्मेवारी बहन गरेको देखिएन ।
- मानिसहरुको घनावस्ती भएको ठाँउहरुमा पनि सम्पूर्ण सडकखण्डमा कतै पनि सुरक्षित रुपमा सडक पार गर्ने आकाशे पुल (Over Bridge) निर्माणको योजनामा रहेको देखिएन ।
- निर्माण कम्पनीबाट सडक खण्डको साइड वालमा प्रयोग गर्नका लागि कावासोतीमा उत्पादन गरी राखिएका प्रिकास्ट ड्रेन (Precast drain) लाई गुणस्तरयुक्त बनाउन चिस्याउने कार्य (curing of concrete ) प्रभावकारी भएको पाइएन।
- आयोजना अन्तर्गत दाउन्ने सडक खण्डमा उत्तरतर्फको वन क्षेत्रमा ठाँउ-ठाँउमा बाटोको ट्रयाक खनिएको पाइएको छ । यसरी जथाभावी रुपमा वनमा खनिएको बाटोका कारण उक्त क्षेत्रमा माथिबाट रुख सहितको पहिरो खसेर दाउन्नेको सडकलाई क्षति पुग्न गएको पाइयो ।
- नवलपरासी वर्दघाट सुस्ता पूर्व अन्तर्गत कावासोतिमा स्थानीय बासिन्दाका लागि खानेपानी सेवा विस्तार गर्न विछ्याइएका पाइपहरुमा ठूलो मात्रामा क्षति पुगेको तथ्य त्यहाँका उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीबाट अभिव्यक्त भएको छ ।
- आयोजना अन्तर्गत दाउन्नेमा करिब दुई सयको संख्यामा घर तथा टहरा निर्माण गरी मानिसहरु बस्ने र होटल व्यवसाय सञ्चालन गर्ने गरेको देखियो । एकातिर साँघुरो सडक र अर्कोतिर उत्तर

तर्फबाट आउने पानीको भेल तथा पहिरोले यो वस्ती अत्यन्त जोखिमयूक्त रहेको देखिन्छ । आफूलाई भूमिहीन भनि बसोबास गरेको यस क्षेत्रमा बाढी पहिरो गएमा यहाँ ठूलै मानवीय र भौतिक क्षति हुने स्पष्ट संकेत देखिन्छ ।

- सडक सुरक्षा र सडकको भार बहन क्षमताको मापदण्ड पालना नगरी भारतसँगको सीमा नजिकका कपिलवस्तु, भैरहवा, बुटवल लगायतका प्रमुख शहरहरुबाट दैनिक ठूलो संख्यामा मालबाहक सवारी साधनहरुले क्षमता भन्दा बढी लोड बोक्ने गरेको पाइएको छ। यस्तो कार्यलाई नियन्त्रण र नियमन गर्ने तर्फ सरकारी निकायहरुको ध्यान पुगेको पाइएन ।
- आयोजना अन्तर्गत सडक सीमा भित्रका रुखहरु कटान भई आएका काठहरु हाल निर्माण कम्पनीकै रेखदेख तथा संरक्षणमा रहेका छन् । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय तथा मन्त्रालय मातहतका सम्वद्ध जिम्मेवार निकायहरुले हालसम्म यसको स्वामित्व लिई व्यवस्थापन गर्ने कार्य गरेको देखिएन ।

## ७. <u>सुझाव/निर्देशन</u>

१. निर्माणाधीन सडकमा उत्पन्न भएको अत्यधिक धुलोले सडक प्रयोगकर्ता र सडक आसपासका नागरिकहरुको स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको छ । सडक निर्माणका क्रममा उत्पन्न हुने धुलो नियन्त्रण गर्न दैनिक रुपमा पानी हाल्ने व्यवस्था तत्काल गरिनु पर्दछ साथै निर्माण कम्पनीबाट उक्त कार्य नियमित रुपमा भए नभएको सम्बन्धमा सडक आयोजनाबाट प्रत्यक्ष अनुगमन गर्ने गरी जिम्मेवारी तोकिनुपर्दछ ।

२. नारायणघाट-बुटवल सडकखण्डका दुवै प्याकेजमा स्वीकृत डि.पि.आर. मा उल्लेख भए भन्दा क्रमश ५७६% र ४४०% बढी रुखहरु काट्नु परेकोले आयोजनाको काममा ढिलाई भएको भन्ने तथ्य विश्वसनीय र पत्यारिलो छैन । आयोजनाको काम नै प्रभावित हुने गरी यस्तो गलत आँकडा पेश गर्ने र स्वीकृत गर्ने उपर मन्त्रालयबाट तत्काल छानवीन गरी आवश्यक कारवाही गरिनु पर्दछ ।

३. चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती वनक्षेत्रभित्र पर्ने कावासोती नगरपालिकाका वडा नम्बर १,३,६,८,११,१२,१३ का विभिन्न स्थानहरुमा वन्यजन्तुहरुका लागि सजिलोसँग आवात जावत गर्न पर्याप्त मात्रामा जमिनमुनिबाट भूमिगत मार्गहरु निर्माण गर्ने योजना प्रस्ताव नगरिएको भन्ने स्थानीय बासिन्दाबाट सुझाव आएकोले यस सम्बन्धमा सडक आयोजना निर्देशनालयबाट तत्काल अध्ययन गरी आवश्यक पर्ने देखिएमा थप भुमिगत मार्ग निर्माण गरिनुपर्दछ ।

४. सडकको दाउन्ने, वर्दघाट, भुमही, सुनवल, खैरेनी र बुटवल लगायतका बाक्लो मानव वस्ती भएका विभिन्न स्थानहरुमा निर्माण भईरहेका कल्भर्टबाट पानीको निकास गर्न स्थानीय बासिन्दाको घरका कारण उत्पन्न समस्याको समाधान गर्न सडक आयोजना, जिल्ला प्रशासन र सम्बद्ध स्थानीय तहले वैकल्पिक मार्गबाट पानीको निकास दिन तत्काल पहल गर्नुपर्दछ ।

५. नारायणघाट बुटवल सडकखण्डको दाउन्ने सडकमा हाल भोग्नुपरेको सवारी जामलाई न्यूनीकरण गर्न वैकल्पिक मार्गको रुपमा त्रिवेणी-दुम्कीबास सडक तत्कालै सञ्चालनमा ल्याउने व्यवस्था

मिलाउने साथै दाउन्ने सडक खण्डलाई उच्च प्राथमिकतामा राखी निर्माणको गति तीव्र रुपमा अगाडि बढाइनुपर्दछ ।

६. सवारी साधन सञ्चालनको हिसाबले अत्यन्त व्यस्त मानिएको यो सडकको घनाबस्ती भएका स्थानहरुलाई उच्च प्राथमिकतामा राखी पैदल यात्रुहरुका लागि सुरक्षित रुपमा सडक पार गर्न आकासे पुल (Over Bridge) निर्माणको कार्य पनि थप गरिनु पर्दछ ।

७. दाउन्ने सडक खण्डको उत्तरी तर्फको वन क्षेत्रमा ठाउँ ठाउँमा बाटोको ट्र्याक खनिएको कारणले रुख सहितको पहिरो सडकसम्म खसेको पाइएको छ । यसबाट मुख्य सडकमै क्षति पुगी यातायात समेत अवरुद्ध हुने गरेको छ । यसरी कुनै योजना बिना मनोमानी रुपले बन क्षेत्रभित्र ट्र्याक खोल्ने कार्यमा रोक लगाउने गरी तत्काल आवश्यक नीतिगत व्यवस्था मिलाउन नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गरिन्छ ।

८. निर्माण कम्पनीबाट सडक खण्डको साइड वालमा प्रयोग गर्नका लागि कावासोतीमा उत्पादन गरी राखिएका प्रिकास्ट ड्रेन (Precast drain) लाई मापदण्ड बमोजिम चिस्याउने (curing of concrete ) व्यवस्था मिलाई त्यसलाई गुणस्तरयुक्त र प्रभावकारी बनाइनु पर्दछ ।

९. नारायणघाट-दाउन्ने सडक अन्तर्गत नवलपरासी वर्दघाट सुस्तापूर्वका कावासोती लगायतका केही स्थानहरुमा स्थानीय उपभोक्ता समितिले खानेपानी सेवा विस्तारका लागि विछ्याइएको पाइपहरुमा क्षति पुगेको पाइएकोले निर्माण कम्पनीबाट तत्काल सो वापतको क्षतिपूर्ति उपलब्ध गराई स्थानीय सम्वद्ध सरोकारवालाहरुसँग आपसी परामर्श र समन्वयमा सडक विस्तारको कार्य अगाडि बढाइनु पर्दछ ।

१०. सडकका ठूला-साना पुल तथा कल्भर्ट निर्माणको क्रममा भएका खाल्डाहरु पानी जम्ने र यसकै कारणबाट दुर्घटना हुने अवस्था रहेकोले सडक आसपासका ठूला-ठूला खाल्डाहरु तत्काल पुर्ने व्यवस्था मिलाइनु पर्दछ ।

११. नारायणघाट-बुटवल सडक अन्तर्गत दाउन्ने सडकको मुख्य भागमा सडकको दक्षिणी किनारामा आफूहरुलाई भूमिहीन बताउने करिब २०० को संख्यामा घर टहरा निर्माण गरी पसल चलाई पहिरोको अत्यन्त जोखिमपूर्ण अवस्थामा मानिसहरु बसेको पाइएकोले त्यहाँबाट त्यस्ता बस्तिहरु तत्कालै हटाउन स्थानीय निकाय र जिल्ला प्रशासन कार्यालयले समन्वय गरी समस्याको उचित समाधान गरिनुपर्दछ ।

१२. छिमेकी राष्ट्रबाट नेपाल प्रवेश गर्ने ठूला मालबाहक सवारी साधनहरुले सवारी साधनको निर्धारित मापदण्ड र सडकको भारबहन क्षमता भन्दा बढी मालवस्तुहरु लोड भए नभएको सम्बन्धमा भन्सार नाका प्रवेश गर्दाकै अवस्थामा अनिवार्य रुपमा परीक्षण गर्ने गरी नीतिगत व्यवस्था मिलाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गरिन्छ । साथै यस्तो नीतिगत व्यवस्थाका लागि आवश्यक समन्वयको पहल गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गरिन्छ ।

१३. नारायणघाट-बुटवल सडक खण्डका दुई प्याकेजका सडक आयोजनाहरु नारायणघाट-दाउन्ने र दाउन्ने-बुटवल सडकका लागि चालु वर्षमा ६७.०८ र ६९.८१ प्रतिशत भौतिक प्रगति हासिल गर्ने लक्ष्य राखिएको छ । हालसम्मको प्रगति हेर्दा के कसरी यो महत्वकांक्षी लक्ष्यहरु पूरा हुन सक्दछन् ? यसको ठोस र वस्तुगत आधार के हो ? स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्न र उक्त कार्ययोजना यस समितिलाई उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र आयोजना निर्देशनालयलाई निर्देश गरिन्छ ।

१४. सन् २०२२ अगष्ट १ मा सम्पन्न गरी सक्ने गरी शुरु गरिएको सडक आयोजनाको काम के कति कारणले यति सुस्त हुन गयो ? यसमा आयोजना र निर्माण व्यवसायीबाट के-कस्ता त्रुटिहरु भए ? मन्त्रालयबाट तत्काल नै गम्भीरतापूर्वक समिक्षा गरी छनवीन हुनु पर्दछ । एशियन हाइ वे को मापदण्ड र गुणस्तर बमोजिम सडक आयोजनाको काम छिटो भन्दा छिटो कसरी सम्पन्न गर्ने विषयमा तत्काल नीतिगत निर्णय गरी कार्यान्वयनमा लैजान मन्त्रालय र आयोजना निर्देशनालयलाई निर्देश गरिन्छ ।

१५. नेपाल सरकार वन तथा वातावरण मन्त्रालय तथा चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत सडक सीमा भित्र परेका स्वीकृत प्राप्त गरी सडक आयोजनाले कटान गराएका रुखहरुबाट प्राप्त काठहरु निकुञ्जले तत्काल त्यसको स्वामित्व तथा जिम्मेवारी लिई त्यसको व्यवस्थापन गरिनु पर्दछ ।

## ११. निष्कर्ष

पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको नारायणघाट-बुटवल सडकको पुरानो संरचना परिवर्तन गरी एशियन हाइ वे मापदण्डमा स्तरोन्नति गर्ने कामको थालनी भएको छ । भारतबाट भैरहवा हुँदै व्यापारिक प्रयोजनका हिसाबले र पूर्व-पश्चिम जोड्ने महत्वपूर्ण मार्गको रुपमा समेत यो सडक दुरगामी महत्व राख्दछ । अत्यधिक सवारी चाप र मालवाहक सवारी साधनका कारण पनि यो सडकखण्ड चर्चित छ । एशियाली विकास बैङ्कको ऋण सहयोगमा स्तरोन्नति भईरहेको यो सडकको कामको अपेक्षित गति तथा प्रगति हुन नसक्दा सर्वत्र आलोचना भईरहेको छ । सडकका कारण उत्पन्न धुलो, खाल्डाखुल्डी, सडक जाम जस्ता जटिल समस्याहरुले स्थानीय बासिन्दा र सेवाग्राही आजित भएका छन् । निर्माणको यो सुस्त गतिलाई तोडी सडकसँग सम्वद्ध सबै पक्षलाई राहत प्रदान गर्न आज सडक निर्माणलाई तिव्रता दिनु नै पहिलो र प्राथमिक आवश्यकता भएको छ । निर्धारित मापदण्ड अनुसारको गुणस्तरयुक्त सडक निर्माणको कार्यमा तत्काल जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न सम्वद्ध मन्त्रालय र आयोजना निर्देशनालय गम्भीर हुनुपर्दछ ।

# अनुसूचि-१

## संघीय संसद, प्रतिनिधि सभा, विकास तथा प्रविधि समिति

## नारायणघाट-बुटवल सडकखण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम

मिति २०७८ मंसिर ५ गतेदेखि ७ गतेसम्म

**अन्तरक्रियाको विषयः नारायणघाट-बुटवल सडकखण्डको वर्तमान अवस्था**

**पहिलो दिन**

- बिहान १०:०० बजे एयरपोर्ट काठमाडौं
- बिहान ११:०० बजेको फ्लाइटमा काठमाडौबाट भरतपुर प्रस्थान
- बिहान ११:३० बजे भरतपुर
- दिनको १२:०० बजेदेखि १२:३० बजेसम्म परामर्श कार्यालय गैंडाकोटमा ब्रिफिङ र टि
- दिनको १२:३० बजेदेखि १:३० बजे गैंडाकोटबाट कावासोतीसम्म साइट भिजिट
- दिनको १:३० बजेदेखि २:३० बजेसम्म खाजा समय कावासोती
- दिनको २:३० बजेदेखि दिनको ४:०० बजेसम्म कावाशोती नगरपालिकाको सभाकक्षमा अन्तरक्रिया कार्यक्रम
- दिनको ४:०० बजेदेखि ६:३० बजेसम्म कावाशोतीदेखि साइट भिजिट गर्दै बुटवल प्रस्थान र मणिग्राम मुकाम

**दोस्रो दिन**

- बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म ब्रेकफास्ट
- बिहान ९:०० बजेदेखि १२:०० बजेसम्म बुटवलबाट दाउन्ने साइट भिजिट
- दिनको १२:०० बजेदेखि १:०० बजेसम्म लञ्च
- दिनको १:०० बजेदेखि ३:०० बजेसम्म सुनवल प्रस्थान
- दिनको ३:०० बजेदेखि ५:०० बजेसम्म सुनवलको देवकोटा क्याम्पसमा अन्तरक्रिया कार्यक्रम
- कार्यक्रम समापन गरी मुकामको लागि मणिग्राम प्रस्थान

**तेस्रो दिन**

- भैरहवाबाट काठमाडौं प्रस्थान

**अन्तरक्रियामा सहभागी हुनुहुने आमन्त्रित महानुभावहरु**

- सम्बन्धित क्षेत्रका संघीय सांसद, प्रदेश सांसद
- जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख
- सडकसँग सम्बन्धित क्षेत्रका नगरपालिका/गाउँपालिकाका प्रमुख र उपप्रमुख
- सम्बन्धित क्षेत्रका राजनीतिक दलका प्रतिनिधिहरु
- पत्रकार, सरोकारवाला र नागरिक समाजका प्रतिनिधिहरु ।

**नोटः उल्लेखित कार्यक्रमको समय आवश्यकताअनुसार हेरफेर हुन सक्नेछ ।**

# अनुसूची-२

## Current Activities/Progress at site

### Package 01

| S. No. | Description | Quantity | Completed/Ongoing | Remarks |
|---|---|---|---|---|
| 1 | Clearing and Grubbing | 1,330,635 m2 | 234,330 m2<br>**18%** | Km 4+200 to Km 39+000 |
| 2 | Embankment Filling | 1,229,372 m3 | 203,846 m3<br>17% | Km 4+200 to Km 39+000 |
| 3 | Earthwork in Excavation | 838,299 m3 | 89,445 m3<br>**11%** | Km 6+770 to Km 10+500 |
| 4 | Subgrade | 1,806,075 m2 | 2500 m2<br>0.14% | 3 Locations |
| 5 | Sub-base | 337,672 m3 | 2,855 m3<br>**0.85%** | 1.5 km (L & R) |
| 6 | Major Bridge | 12 Nos | 6 Locations ongoing | Working Pile Ongoing |
| A | Test Piles | 6 Nos | 3 casting completed | |
| B | Working Piles | 671 Nos | 100 Nos | 4 Bridges |
| 7 | Minor Bridge | 22 Nos | 9 Nos Ongoing | 8 nos. deckslab |
| 8 | Box/Slab Culverts | 215 Nos | 86 Nos Ongoing | |
| 9 | Side Drain | 66.864 Km | 4.5km | 8.052 Km precast at yard |
| 11 | Tree Cutting | 36,307 | 34,010 Completed<br>**94%** | |
| 12 | Total Manpower at site | | 25 Chinese<br>389 Nepalese | |
| 13 | Total Equipment at site | | 127 nos. | |

### Package 02

| S.N. | Item Description | Quantity | Completed / Ongoing | Remarks |
|---|---|---|---|---|
| 1. | Clearing and Grubbing | 928,510 m2 | ~487,500 m2 52% | |
| 2. | Tree Cutting | 12,032 nos. | 9,795 Nos 81% | Km 77 to Km 110 ~ 21km (both side). |
| 3. | Embankment Filling | 528,179 m3 | ~243,593 m3 46% | Km 77 to Km 110 ~ 20km (both side). |
| 4. | Earthwork in Excavation | 510,402 m3 | ~8,750 m3 1.7% | ~ 0.4Km |
| 5. | Sub Base | 274,471 m3 | 210 m 0.1% | Trial section |
| 5. | Major Bridge | 9 Nos | 6 Locations ongoing | Under construction |
| i | Test Pile | 4 Nos | 3 Nos casting completed | |
| ii | Working Pile | 366 Nos. | 232 Nos | 6 Bridges |
| 6. | Minor Bridge | 21 Nos. | 9 Nos. Ongoing | 3 nos Deck slab completed |
| 7. | Box/Slab Culverts | 247 Nos. | 97 Nos. | 9 nos. completed;<br>88 nos. Partial completed |
| 8. | Side Drain | 39.302 km | 3.3 km | 12.7 km precast drain casted at yard at K85 |
| 9 | Manpower | | 21 Chinese<br>410 Nepalese | |
| 10 | Equipment | | 108 nos. | |

# अनुसूची-३

## <u>स्थलगत अनुगमन भ्रमण र अन्तर्क्रिया कार्यक्रमका केहि तस्बिरहरु</u>



नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गैडाकोटमा भएको ब्रिफिङ्ग



नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोतीमा भएको अन्तर्क्रिया कार्यक्रम



नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) तर्फको निर्माणाधीन पुलको अवलोकन गर्दै




नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुनवलमा भएको अन्तर्क्रिया कार्यक्रम

**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

**मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा सडकखण्ड) को स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८**

**(मंसिर १५-१९ गते)**

## ८. पृष्ठभूमी

मुलकको विकास र समृद्धिका लागि नभई नहुने महत्वपूर्ण पूर्वाधार हो सडक। सडकले विकासका अन्य पूर्वाधारहरुलाई सम्भव बनाउन आधार प्रदान गर्ने हुँदा यसलाई पूर्वाधारको पनि पूर्वाधार भन्ने गरिन्छ। अझ नेपालजस्तो भूपरिवेष्ठित र जल तथा रेल यातायातको विकास भई नसकेको मुलुकमा सडक यातायातको महत्व सर्वोपरी रहेको हुन्छ। पूर्वाधार विकासको दिशामा भर्खर बामे सर्दै गरेको नेपालमा हाल सडक सञ्जाल निर्माणको क्रम तीव्र रुपमा अगाडी बढिरहेको छ। हाल नेपालमा सडक विभाग अन्तर्गत विभिन्न सडक आयोजनाहरु सञ्चालन भइरहेका छन् । ती मध्येको एक सडक आयोजना हो - मदन भण्डारी लोकमार्ग ।

जटिल भूगोल र छरिएर रहेका वस्तीहरुलाई एकीकृत विकासको माध्यमबाट यातायात सेवा उपलब्ध गराउने उद्धेश्यले नेपाल सरकार मन्त्रिपरिषदको २०७५/०२/०६ को निर्णय अनुसार मदन भण्डारी लोकमार्ग आयोजनालाई आ.व. २०७५/७६ देखि कार्यान्वयनमा ल्याइएको छ । पूर्वमा झापाको बाहुनडाँगी देखि सुदूरपश्चिममा डडेल्धुराको रुपालसम्म जोड्ने यस राजमार्गको अनुमानित लम्बाई १२५० किलोमिटर छ र यो राजमार्गको रेखांकन चुरे क्षेत्रलाई आधार मानेर गरिएको छ। महेन्द्र राजमार्गको समानान्तर र उत्तर तर्फ पूर्व-पश्चिम भएर जाने यो राजमार्गलाई बाह्रै महिना उपयोग गर्न सकिने गरी रेखांकन गरिने छ।

नेपालको चुरे क्षेत्रमा छरिएर रहेका बस्तीहरुको एकीकृत विकास गरी त्यहाँको जनजीवनलाई सहज बनाउने महत्वपूर्ण लाइफ लाइनको रुपमा रहेको मदन भण्डारी लोकमार्ग अन्तर्गतको हेटौडा-चतरा सडकखण्डको वास्तविक अवस्था र स्थानीय जनताका समस्याको बारेमा स्थलगत अध्ययन अवलोकन गरी समितिसमक्ष प्रतिवेदन पेश गर्ने निर्णय समितिको मिति २०७६ जेठ १७ गतेको बैठकबाट भएको थियो ।

## ९. संसदीय भ्रमण टोलीको गठन र भ्रमण कार्यक्रम

संघीय संसद विकास तथा प्रविधि समितिको मिति २०७६/०२/१७ गते बसेको बैठकले मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा सडक खण्ड)को स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय भए बमोजिम समितिका मा. सभापतिज्यूबाट उहाँकै संयोजकत्वमा समितिका मा. सदस्यहरु र कर्मचारीहरु समेत सहभागी रहने गरी संसदीय भ्रमण टोली गठन र मिति २०७८ मंसिर १५-१९ गते उक्त क्षेत्रको भ्रमण गर्ने गरी भ्रमण कार्यक्रम स्वीकृत भएको थियो ।

## १०. संसदीय भ्रमण टोलीका मा. सदस्यहरु

| | | |
|---|---|---|
| ६ | सभापति मा. कल्याणी कुमारी खड्का | - संयोजक |
| ७ | मा. गणेश कुमार पहाडी | - सदस्य |
| ८ | मा. गजेन्द्र बहादुर महत | - सदस्य |
| ९ | मा. टेक बहादुर बस्नेत | - सदस्य |
| १० | मा. यज्ञराज सुनुवार | - सदस्य |
| ११ | मा. राजेन्द्र कुमार राई | - सदस्य |

**भ्रमण टोलीमा संलग्न कर्मचारीहरु**

| | | |
|---|---|---|
| ४ | श्री दिपाकुमारी दुलाल | - शाखा अधिकृत |
| ५ | श्री समिर गौतम | - नायब सुब्बा |

संसदीय भ्रमण टोलीको कार्यक्रम अनुसूचिमा समावेश गरिएको छ ।

## ११. स्थलगत भ्रमणको उद्देश्य

सडक विस्तार तथा स्तरोन्नतिको कार्य भईरहेको मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा सडक खण्ड) को हालसम्मको कार्य प्रगति तथा यसका समस्या एवं चुनौतिहरुको अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्ने ।

## १२. सडक आयोजनाको परिचय

नेपाल सरकार मन्त्रिपरिषदद्वारा मिति २०७२ फाल्गुण १७ गते ३ बर्ष भित्र मदन भण्डारी लोकमार्ग (साविकः धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली-हेटौडा सडक) लाई वर्षभरी नै सञ्चालन गर्नसक्ने गरी दुई लेनको सडक विस्तार गरी निर्माण सञ्चालन गर्ने निर्णय भएको थियो ।नेपाल सरकारको राजपत्रमा मिति २०७२ चैत्र २९ गते यस सडकको केन्द्र रेखा देखि दायाँबायाँ १५ मिटर गरी जम्मा ३० मिटर सडक सीमा तोकेको थियो।यस मदन भण्डारी राजमार्ग आयोजनाको सिन्धुली हेटौडा खण्डको लम्बाई ११५.०४१ किमि रहेको छ। त्यसैगरी सिन्धुलीको भिमानदेखि उदयपुरको बसाहासम्मको लम्बाई १३४ किमि रहेकोमा हाल यस खण्डको १२१ किमि कालोपत्रे (एप्रोच रोड सहित) र ४६ पुल (प्रोजेक्ट शुरु हुनुपूर्व निर्मित ७,योजनाले बनाएको ३९) तथा ४

पुल अन्य खण्डमा गरी यस योजनाले जम्मा ४३ पुलको निर्माण कार्य सम्पन्न गरिसकेको छ । बाँकी १३ किमी कालपत्रे गर्नुपर्ने सडकमध्ये १२ वटा पुल ( लम्बाई ०.५ किमि) र १२.५ किमि) एप्रोच रोड( २२ पुरानो पुलको ८ किमि + १२ नयाँ पुलको ४.५ किमि बनाउन बाँकी रहेकोमा हाल निर्माणाधीन अवस्थामा रहेको छ । यसको ठेक्काको म्याद २०७९ फाल्गुण १४ गतेसम्म रहेको छ । त्यसैगरी सुनसरीदेखि झापा बाहुनडाँगीसम्मको खण्डको लम्बाई १३० किमि रहेको छ । यस खण्डको कुल भौतिक प्रगति २९.८ प्रतिशत रहेको छ । यस खण्डको ठेक्का व्यवस्थापन भई निर्माणाधीन सडक लम्बाई ६३ किमि रहेको छ भने बेलडाँगीदेखि शान्तिनगरसम्म ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ ।सुनसरीदेखि झापासम्मको सडक खण्डमा ठेक्का व्यवस्थापन भएका पुलहरुको सङ्ख्या ३१, चालु ठेक्का सङ्ख्या १७, निर्माणाधीन पुलहरुको सङ्ख्या २६ र डिजाइन स्वीकृत हुन बाँकी पुलहरुको सङ्ख्या ५ रहेको छ ।

## १३. स्थलगत भ्रमण र अन्तरक्रिया कार्यक्रम

समितिका माननीय सभापति श्री कल्याणी कुमारी खड्काको संयोजकत्वमा समिति सचिवालयका कर्मचारीहरु सहितको संसदीय टोलीले मिति २०७८ मंसिर १५ देखि १९ गते मकवानपुरको हेटौडादेखि झापाको बाहुनडाँगी सम्मको सडकखण्डको स्थलगत अनुगमन भ्रमण र अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्ने गरी कार्यक्रम निर्धारण गरिएको थियो । सोही अनुरुप मिति २०७८ मंसिर १५ गते बिहान ९:०० बजे काठमाडौबाट सिमराका लागि हवाइ उडानको यात्रा तय गरिएकोमा निर्धारित समयमा थोरै विलम्ब हुन गई १०:१५ मा सिमरा विमानस्थलमा अवतरण भई बिहानको लगभग ११ बजे मकवानपुरको हेटौडा पुगियो । हेटौडामा बिहानको खाना खाइ दिनको १२:१५ बजे सिन्धुलीतर्फ प्रस्थान गरियो ।त्यसक्रममा ठाउँ- ठाउँमा निर्माणाधीन सडकको निरीक्षण गर्दै अगाडी बढ्ने क्रममा दिउँसो २:०० बजे सिन्धुलीको हरिहरपुर गाउँपालिकामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा भ्रमण टोलीमा रहनुभएका माननीय सदस्यहरुका अतिरिक्त मदन भण्डारी लोकमार्गका आयोजना निर्देशक अशोक तिवारी, हरिहरपुर गाउँपालिकाका उपाध्यक्ष अनिता राई लगायत स्थानीय जनप्रतिनिधि, पत्रकार, सडकसँग सम्वद्ध पदाधिकारीहरु तथा सर्वसाधारण नागरिकहरुको उपस्थिति रहेको थियो ।

### हरिहरपुर गाउँपालिकामा भएको अन्तरक्रियाको निचोड

- सडक निर्माणको अन्तिम चरणमा भएपनि केही समस्याहरु अझै देखिन्छ ।
- यो सडक खण्डलाई पहिला राजमार्ग भनिएको थिएन तर अहिले राजमार्ग भनिएको हुँदा कानुन बमोजिम सडकको दायाँबायाँ २५/२५ मिटर छोड्नुपर्ने हुन्छ । अझ नगरपालिका एरियामा ६ मिटर बढी छोड्नुपर्ने हुन्छ ।

- पुलको वरिपरी भरिएको जाली छोटो भएको हुँदा खोलो ठूलो हुँदा जग्गा नास गर्ने तथा पुललाई क्षति पुऱ्याउने देखिएको।
- बागमती पुल नबनेर अत्यन्त गाह्रो बनेको छ, त्यो पुललाई यथाशीघ्र सम्पन्न गर्नुपर्ने।
- मरिन र हरिहरपुर गाउँपालिकामा बाटो धेरै घुमेको र पर्खाल कमजोर रहेको अवस्था छ ।
- झनझने जंगलमा सडकको ट्र्याक सीधा भएको भए जंगल नास नहुने थियो ।
- नम्बरी जमिनमा भन्दा ऐलानी जमिनमा सडक बाङ्गोटिङ्गो गरी बनाइएको छ ।
- हाँकपारा — झ्याडी खण्डको हाँकपारा भिरमा सडक छिटो सम्पन्न गर्नुपर्ने ।
- सडक सीमामा रहेका वालहरु होचा र कमजोर अवस्थाका रहेका छन् ।
- खोला/खोल्सीहरुमा ग्याबिन कमजोर खालको लगाएको छ ।
- साइड पिल्लरमा राती वत्ती नबल्ने भएकोले बत्ती बल्ने बनाउनुपर्नेछ ।
- झनझने प्रहरी चौकी अगाडी भएको लच्कालाई तोडी अर्को लच्का बनाउनुपर्ने छ ।
- सडकमा ट्राफिक चिन्ह राखेर स्थानीयलाई ट्राफिक चिन्हको बारेमा जानकारी दिनुपर्ने ।
- नालाहरु व्यवस्थित नभएको हुँदा व्यवस्थित हुनुपर्ने ।
- घर अगाडीको ड्रेनेजमा ढक्कन राखिदिनु पर्ने ।
- सडकको दायाँ बायाँको विषयमा एउटै कुरा आउनुपऱ्यो । यसको मापदण्डको बारेमा स्थानीय तह होस् या अरु कसले गर्ने हो यसको छिटो निर्णय हुनुपऱ्यो ।
- निर्माणाधिन खण्डमा सूचना बोर्ड/होर्डिङ बोर्ड राख्ने ।
- हरिहरपुर गाउँपालिकाको भुत्ते खोलाको पुल नजिकको पहिरोलाई पर्खाल लगाएर Protection गर्नुपर्नेछ ।
- मरिन छाप भन्ने ठाउँमा ड्रेनेजको समस्या छ ।

हरिहरपुर गाउँपालिकाको सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सोही दिन साँझ ५:०० बजे संसदीय टोलीले सिन्धुलीको मरिन गाउँकार्यपालिकाको कार्यालयमा गाउँपालिका अध्यक्ष पानीराज बम्जनसँग स्थानीय समस्याका बारेमा छलफल गरी जानकारी लिने काम गऱ्यो । उक्त छलफलमा भ्रमण टोलीमा रहनुभएका माननीय सदस्यहरुका अतिरिक्त मरिन गाउँपालिकाका अध्यक्ष पानीराज बम्जन, मदन भण्डारी लोकमार्गका आयोजना निर्देशक अशोक तिवारी लगायत स्थानीय जनप्रतिनिधि, पत्रकार, सडकसँग सम्वद्ध पदाधिकारीहरु तथा सर्वसाधारण नागरिकहरुको उपस्थिति रहेको थियो ।

मरिन गाउँपालिकामा भएको छलफल पश्चात संसदीय टोली निर्माणाधीन सडकको विभिन्न ठाउँमा रोकिदै प्रत्यक्ष अवलोकन गर्दै बास बस्नका लागि साँझ ७:०० बजे सिन्धुलीबजार पुगेको थियो। भोलीपल्ट अर्थात २०७८ मंसिर १६ गते बिहान ७:३० बजेदेखि १०:०० बजेसम्म

सिन्धुलीको जिल्ला समन्वय समितिको हलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा भ्रमण टोलीमा रहनुभएका माननीय सदस्यहरुका अतिरिक्त प्रदेशसभा सदस्य माननिय विनोद कुमार खड्का, माननीय प्रदिप कटुवाल, जिल्ला समन्वय समिति प्रमुख शंकरराज तिवारी वर्मा, कमलामाई नगरपालिकाका प्रमुख खड्ग बहादुर खत्री लगायत स्थानीय जनप्रतिनिधि, सिन्धुलीका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपाने, मदन भण्डारी लोकमार्गका योजना प्रमुख गोपाल प्रसाद खकुरेल लगायत सडकसँग सम्वद्ध पदाधिकारीहरु, पत्रकार, स्थानीय सरोकारवाला तथा सर्वसाधारण नागरिकहरुको उपस्थिति रहेको थियो ।

**<u>सिन्धुलीबजारमा भएको अन्तरक्रियाको निचोड</u>**

- स्थानीयमा सडक सीमा Right of way को विषयमा अन्यौल रहेको देखियो । सडक आयोजनाले यस बारेमा प्रष्ट पार्नुपर्ने स्थानीय नागरिकको माग रहेको थियो ।
- नालाहरुलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।
- घर अगाडीको ड्रेनेजमा ढक्कन राखिदिनु पर्नेछ ।
- बागमती पुल नबनेर अत्यन्त गाह्रो बनेको छ, त्यो पुललाई यथाशीघ्र सम्पन्न गर्ने ।
- निर्माणाधिन खण्डमा सूचना बोर्ड/होर्डिङ बोर्ड राख्नुपर्नेछ ।
- सडकमा ट्राफिक चिन्ह राखेर स्थानीयलाई ट्राफिक चिन्हको बारेमा जानकारी दिनुपर्ने ।
- सडक सीमामा रहेका वालहरु होचा र कमजोर अवस्थाका रहेका छन् ।
- खोला/खोल्सीहरुमा ग्याभिन कमजोर खालको लगाएको छ ।
- साइड पिल्लरमा राती वत्ती नबल्ने भएकोले बत्ती बल्ने बनाउनुपर्नेछ ।

सिन्धुलीबजारमा भएको सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सोही दिन ११:०० बजेदेखि १२:३० बजेसम्म संसदीय टोलीले सिन्धुलीको दुधौली नगरपालिकामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । उक्त अन्तरक्रिया कार्यक्रममा भ्रमण टोलीमा रहनुभएका माननीय सदस्यहरुका अतिरिक्त प्रदेशसभा सदस्य माननिय प्रदिप कटुवाल, पूर्व सांसद गंगा प्रसाद नेपाल, जिल्ला समन्वय समिति प्रमुख शंकरराज तिवारी वर्मा, दुधौली नगरपालिकाका प्रमुख घनश्याम राउत लगायत स्थानीय जनप्रतिनिधि, मदन भण्डारी लोकमार्गका योजना प्रमुख गोपाल प्रसाद खकुरेल लगायत सडकसँग सम्वद्ध पदाधिकारीहरु, पत्रकार, स्थानीय सरोकारवाला तथा सर्वसाधारण नागरिकहरुको उपस्थिति रहेको थियो ।

## दुधौली नगरपालिकामा भएको अन्तरक्रियाको निचोड

- दुधौली नगरपालिकामा पनि स्थानीय नागरिकमा सडक सीमा Right of way को विषयमा अन्यौल रहेको देखियो । सडक आयोजनाले यस बारेमा प्रष्ट पार्नुपर्ने स्थानीय नागरिकको माग रहेको देखियो ।
- बाटो धेरै नै बाङ्गोटिङ्गो भएको अवस्था छ ।
- नालाहरु व्यवस्थित गर्नुपर्नेछ ।
- बागमती पुल नबनेर अत्यन्त गाह्रो बनेको छ, त्यो पुललाई यथाशीघ्र सम्पन्न गर्नुपर्नेछ ।
- घर अगाडीको ड्रेनेज ढक्कन राखिएको छैन, त्यसमा ढक्कन राख्नुपर्नेछ ।
- सडकमा ट्राफिक चिन्ह राखेर स्थानीयलाई ट्राफिक चिन्हको बारेमा जानकारी दिनुपर्नेछ ।
- निर्माणाधिन खण्डमा सूचना बोर्ड/होर्डिङ बोर्ड राख्नुपर्नेछ ।
- सडक सीमामा रहेका वालहरु होचा र कमजोर अवस्थाका रहेका छन् ।
- खोला/खोल्सीहरुमा ग्याभिन कमजोर खालको लगाएको छ ।
- साइड पिल्लरमा राती वत्ती नबल्ने भएकोले बत्ती बल्ने बनाउनुपर्नेछ ।

दुधौली नगरपालिकामा भएको छलफल पश्चात संसदीय टोली निर्माणाधीन सडकको विभिन्न ठाउँमा रोकिदै प्रत्यक्ष अवलोकन गर्दै बास बस्नका लागि साँझ ५:३० बजे उदयपुरको गाइघाट पुगेको थियो। भोलीपल्ट अर्थात २०७८ मंसिर १७ गते बिहान ८:०० बजेदेखि १०:३० बजेसम्म उदयपुरको जिल्ला समन्वय समितिको हलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा भ्रमण टोलीमा रहनुभएका माननीय सदस्यहरुका अतिरिक्त प्रदेशसभा सदस्य माननिय विनोद कुमार खड्का, माननीय प्रदिप कटुवाल, जिल्ला समन्वय समिति प्रमुख खड्ग बहादुर परियार, त्रियुगा नगरपालिकाका प्रमुख बलदेव चौधरी, चौदण्डी नगरपालिकाका प्रमुख खगेन्द्र राई लगायत स्थानीय जनप्रतिनिधि, उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी वीरेन्द्र कुमार राई, मदन भण्डारी लोकमार्गका योजना प्रमुख गोपाल प्रसाद खकुरेल लगायत सडकसँग सम्वद्ध पदाधिकारीहरु, पत्रकार, स्थानीय सरोकारवाला तथा सर्वसाधारण नागरिकहरुको उपस्थिति रहेको थियो ।

## उदयपुर जिल्ला समन्वय समितिको हलमा भएको अन्तरक्रियाको निचोड

- उदयपुर जिल्ला समन्वय समितिको हलमा भएको अन्तरक्रिया कार्यक्रममा पनि स्थानीय नागरिकमा विशेषगरी सडक सीमा Right of way को विषयमा अन्यौल रहेको देखियो । सडक आयोजनाले यस बारेमा प्रष्ट पार्नुपर्ने स्थानीय नागरिकको माग रहेको देखियो ।

- घर अगाडीको ड्रेनेज ढक्कन राखिएको छैन, त्यसमा ढक्कन राख्नुपर्नेछ ।
- सडकमा ट्राफिक चिन्ह राखेर स्थानीयलाई ट्राफिक चिन्हको बारेमा जानकारी दिनुपर्नेछ ।
- निर्माणाधिन खण्डमा सूचना बोर्ड/होर्डिङ बोर्ड राख्नुपर्नेछ ।
- सडक सीमामा रहेका वालहरु होचा र कमजोर अवस्थाका रहेका छन् ।
- खोला/खोल्सीहरुमा ग्याभिन कमजोर खालको लगाएको छ ।
- साइड पिल्लरमा राती वत्ती नबल्ने भएकोले बत्ती बल्ने बनाउनुपर्नेछ ।
- बाटो धेरै नै बाङ्गोटिङ्गो भएको अवस्था छ ।
- नालाहरु व्यवस्थित गर्नुपर्नेछ ।

उदयपुर जिल्ला समन्वय समितिको हलमा भएको अन्तरक्रिया पश्चात संसदीय टोली निर्माणाधीन सडकको विभिन्न ठाउँमा रोकिदै प्रत्यक्ष अवलोकन गर्दै सुनसरीको चतरा हुँदै बास बस्नका लागि साँझ ५:०० बजे धरान पुगेको थियो ।

भोलिपल्ट अर्थात् २०७८ मंसिर १८ गते संसदीय टोली धरानबाट मोरङको केराबारी नगरपालिका, लेटाङ नगरपालिकाका स्थानीय जनप्रतिनिधि तथा स्थानीय सरोकारवाला नागरिकसँग छलफल गर्दै तथा निर्माणाधीन सडक, कल्भर्ट, पुल आदिको प्रत्यक्ष अवलोकन गर्दै अपरान्ह ३:०० बजे झापाको दमक नगरपालिकामा पुगेको थियो। दमक पुगेको संसदीय टोलीले स्थानीय जनप्रतिनिधिसँग दमक नगर कार्यपालिकाको कार्यालयमा छलफल गरेको थियो। तत्पश्चात संसदीय टोली निर्माँणाधीन सडक, कल्भर्ट, पुल आदिको प्रत्यक्ष अवलोकन गर्दै विर्तामोड हुँदै बुद्धशान्ति गाउँपालिकासम्म पुगेको थियो । बुद्ध शान्ति गाउँपालिकाका विभिन्न ठाउँमा गरिएका अवलोकनमा भ्रमण टोलीमा रहनुभएका माननीय सदस्यहरुका अतिरिक्त झापाबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधिसभाका सदस्य एवं संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति माननीय पवित्रा निरौला खरेलको पनि उपस्थिति रहेको थियो । बुद्ध शान्ति नगरपालिकाका विभिन्न ठाउँमा गरिएका प्रत्यक्ष अवलोकन पश्चात संसदीय टोली बास बस्नका लागि साँझ ७:४५ बजे विर्तामोड फिर्ता भएको थियो ।

भोलिपल्ट अर्थात २०७८ मंसिर १९ गते विहान ९ बजे संसदीय टोली झापाको भद्रपुर विमानस्थलबाट हवाइमार्ग हुँदै काठमाडौ फर्किएको थियो ।

## १४. समस्या तथा चुनौतिहरु

चुरे क्षेत्रमा छरिएर रहेका बस्तीहरुको एकीकृत विकास गरी त्यहाँको जनजीवनलाई सहज बनाउने महत्वपूर्ण लाइफ लाइनको रुपमा रहेको मदन भण्डारी लोकमार्ग अन्तर्गतको हेटौडा-

चतरा सडकखण्डको स्थलगत अध्ययन अवलोकन भ्रमणको क्रममा देखा परेका समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेका छन् :

- यस सडक खण्डमा देखा परेको सबैभन्दा ठूलो समस्या भनेको सडक सीमा Right of way को बारेको अन्यौल नै रहेको छ । स्थानीयहरुमा दायाँबायाँ कति मिटर छोड्नुपर्ने हो भन्नेमा दुविधा देखिन्छ ।
- यस सडकलाई राजमार्ग भनिएपनि यो सडक आवश्यकताभन्दा बाङ्गोटिङ्गो हुन गएको छ । नम्बरी जग्गामा मात्र नभएर ऐलानी र जङ्गल भएको ठाउँमा समेत सडक बाङ्गोटिङ्गो रहेको छ ।
- सिन्धुलीको बागमती लगायतका पुलहरु समयमा नबन्दा समस्या उत्पन्न भएको छ ।
- केही ठाउँमा पुलको वरिपरी भरिएको जाली छोटो भएको हुँदा खोलो ठूलो हुँदा जग्गा नास गर्ने तथा पुललाई क्षति पुऱ्याउने सम्भावना रहेको छ ।
- निर्माणाधिन खण्डमा सडक आयोजनाको बारेमा सूचना दिने सूचना बोर्ड/होर्डिङ बोर्ड राखिएको छैन ।
- घर अगाडीको ड्रेनेज ढक्कन राखिएको छैन, नालाहरु अव्यवस्थित रहेका छन् ।
- सडकको विभिन्न भागमा निर्माण भईरहेका कल्भर्टबाट पानीको निकास गर्न स्थानीय बासिन्दाको घरका कारण समस्या सिर्जना भएको छ ।
- उत्तरबाट बगेर आएका खोलाको दक्षिणमा निकास हुनुपर्नेमा स्थानीयहरुका घर, खेत रहेको पाइएको छ ।
- सडकमा ट्राफिक चिन्ह राखेर स्थानीयलाई अहिलेदेखि नै ट्राफिक चिन्हको बारेमा जानकारी दिनुपर्नेमा सो कार्य भएको पाइएन ।
- जङ्गल एरियामा बाटो आवश्यकताभन्दा बाङ्गोटिङ्गो भएर रुख विरुवाको नास भएको देखिन्छ ।
- कतिपय स्थानमा काम सन्तोषजनक रहेको पाइए पनि कतिपय स्थानमा निर्माण व्यवसायीको लापरबाही, ढिलासुस्ती त्यसउपर प्रभावकारी अनुगमन, निरीक्षण नभएको पाइएको छ ।
- सडक अन्तरगतको घना बस्ती भएका ठाउँमा आकासे पुल, सार्वजनिक शौचालय लगायतका संरचनाको लागि अहिले नै विचार पुऱ्याउनुपर्नेमा त्यतातर्फ ध्यान पुगेको देखिदैन ।

## १५.सुझाव/निर्देशन

### सुझाव/निर्देशन

१. सडक सीमा Right of way को बारेमा सम्बन्धित स्थानीय तह तथा जिल्ला प्रशासन कार्यालय समेतको सहयोग लिई स्थानीयमा रहेको अन्यौल हटाइ उनीहरुलाई आश्वस्त पार्ने।

२. सिन्धुलीको बागमती लगायतको पुल निर्माणमा ढिलाई हुनुको कारण के हो ? सो सम्बन्धमा छानबिन गरी दोषिउपर कारबाही गर्ने ।

३. सिन्धुलीको मरिन गाउँपालिका वडा नम्बर ६, धमिलेको चँदुले पुलनेर सडक सीमाभित्र रहेका घरहरुमध्ये पछाडिपट्टीका घरहरुले मुआब्जा प्राप्त गरिसकेको तर अगाडिपट्टी सडकको छेउमै रहेको घरले मुआब्जा प्राप्त नगरेको गुनासो आएकोले उक्त विषयमा सत्यतथ्य बुझि समस्याको यथाशीघ्र समाधान गर्नुपर्ने ।

४. कतिपय स्थानमा देखिएका निर्माण व्यवसायीको लापरबाही, ढिलासुस्ती लगायतका समस्यालाई यथाशीघ्र समाधान गर्न समय समयमा प्रभावकारी अनुगमन, निरीक्षण गर्ने ।

५. घर अगाडि रहेका ड्रेनेजहरुमा ढक्कन राखी व्यवस्थित गरिनुपर्दछ ।नालाहरुलाई पनि व्यवस्थित गर्ने।

६. सडक आयोजनाको बारेमा सम्बन्धित सबैलाई जानकारी प्रदान गर्नका लागि सडकको छेउमा स्थानीय नागरिकले बुझ्ने भाषामा समेत सूचना बोर्ड/ होर्डिङ बोर्ड राख्ने ।

७. सडकमा ट्राफिक चिन्ह राखेर स्थानीयलाई अहिलेदेखि नै ट्राफिक चिन्हको बारेमा जानकारी दिने ।

८. सडक अन्तरगतको घना बस्ती भएका ठाउँमा आकासे पुल, सार्वजनिक शौचालय लगायतका संरचनाको लागि अहिले नै विचार पुऱ्याउने ।

९. केही ठाउँमा पुलको वरिपरी भरिएको जाली छोटो भएको हुँदा खोलो ठूलो हुँदा जग्गा नास गर्ने तथा पुललाई क्षति पुऱ्याउने भएकोले त्यस समस्याको यथोचित समाधान गर्ने ।

१०. सडकको विभिन्न भागमा निर्माण भईरहेका कल्भर्टबाट पानीको निकास गर्न स्थानीय बासिन्दाको घरका कारण उत्पन्न समस्याको समाधान गर्न सडक आयोजना, जिल्ला प्रशासन र स्थानीय निकायले वैकल्पिक मार्गबाट पानीको निकास दिन तत्काल पहल गर्ने ।

## १६.निष्कर्ष

चुरे पहाडका विभिन्न बस्ती र शहरहरुलाई समेट्दै पूर्वदेखि पश्चिमसम्म फैलिएर रहेको मदन भण्डारी लोकमार्गको हेटौडा-चतरा खण्ड ती क्षेत्रहरुको आर्थिक सम्बृद्धि र जीवनस्तर सुधारको लागि महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेमा दुईमत छैन । साथै यसले समग्र देशको आर्थिक समृद्धि र विकासमा समेत महत्वपूर्ण योगदान गर्नेछ ।तसर्थ निर्माणको गतिलाई थप तीव्र बनाई सडकसँग

सम्वद्ध सबै पक्षलाई राहत प्रदान गर्न आज सडक निर्माणलाई तिव्रता दिनु नै पहिलो र प्राथमिक आवश्यकता भएको छ । सडक आयोजनामा देखिएका समस्याहरु समाधान गर्दै निर्धारित मापदण्ड अनुसारको गुणस्तरयुक्त सडक निर्माणको कार्यमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै सम्वद्ध मन्त्रालय र आयोजना निर्देशनालय अगाडि बढ्नुपर्ने समितिको ठहर रहेको छ ।

# अनुसूचि-१

## संघीय संसद, प्रतिनिधि सभा, विकास तथा प्रविधि समिति

## मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम

मिति २०७८ मंसिर १५ गतेदेखि १९ गतेसम्म

<u>अन्तरक्रियाको विषयः मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा सडकखण्ड) को वर्तमान अवस्था</u>

<u>पहिलो दिन</u>

- बिहान ८:०० बजे एयरपोर्ट काठमाडौं
- बिहान ९:०० बजेको फ्लाइटमा काठमाडौबाट सिमरा प्रस्थान
- बिहान ९:२० बजे सिमरा
- बिहान ९:४० बजे हेटौडाका लागि प्रस्थान
- बिहान १०:४० बजेदेखि ११:२० बजेसम्म लन्च हेटौडा
- बिहान ११:३० बजे सिन्धुलीको लागि प्रस्थान
- दिनको २:३० बजे मरिन गाउँपालिकामा
- दिनको २:३० बजेदेखि दिनको ४:०० बजेसम्म मरिन र हरिहरपुर गाउँपालिकामा अन्तरक्रिया कार्यक्रम
- दिनको ४:०० बजे मरिन गाउँपालिकाबाट सिन्धुली बजारका लागि प्रस्थान
- दिनको ५:३० बजे सिन्धुलीबजार
- बेलुका ७:०० बजे डिनर, सिन्धुलीबजार मुकाम

<u>दोस्रो दिन</u>

- बिहान ७:०० बजे ब्रेकफास्ट, सिन्धुलीबजार
- बिहान ७:३० बजेदेखि ९:०० बजेसम्म सिन्धुलीबजार, जिल्ला समन्वय समितिको हलमा अन्तरक्रिया कार्यक्रम
- बिहान ९:०० बजे उदयपुरको लागि प्रस्थान
- बिहान १०:३० बजे दुधौली नगरपालिकामा
- बिहान १०:३० बजे देखि १२:०० बजेसम्म दुधौलीमा अन्तरक्रिया कार्यक्रम
- दिनको १२:३० बजे कटारी
- दिनको १२:३० बजेदेखि १:३० बजेसम्म लन्च कटारी
- दिनको १:३० बजेदेखि २:३० बजेसम्म नगरप्रमुखबाट feedback
- दिनको २:३० बजे गाइघाटको लागि प्रस्थान
- दिनको ४:०० बजे गाइघाट

- बेलुका ७:०० बजे डिनर

**तेस्रो दिन**

- बिहान ७:०० बजे ब्रेकफास्ट गाइघाट
- बिहान ७:३० बजेदेखि ९:०० बजेसम्म गाइघाट जिल्ला समन्वय समितिको हलमा अन्तरक्रिया कार्यक्रम
- बिहान ९:०० बजे चतरा प्रस्थान
- बिहान १०:३० बजे चतरा नगरपालिका
- बिहान १०:३० बजेदेखि १२:३० बजेसम्म बराहक्षेत्र मन्दिर दर्शन र चतरा फिर्ता
- दिनको १२:३० बजेदेखि १:३० बजेसम्म लन्च चतरा
- दिनको १:१५ बजे धरान प्रस्थान
- दिनको ४:०० बजे धरान
- बेलुका ७:०० बजे डिनर

**चौथो दिन**

- बिहान ७:०० बजे ब्रेकफास्ट धरान
- बिहान ७:३० बजे दमक प्रस्थान
- बिहान ११:०० बजे दमक
- बिहान ११: बजेदेखि ११:४५ लन्च, दमक
- दिनको १२:०० बजे रतुवा वागद्वारखोला हाइवे
- दिनको २:३० बजे हाइवे बाहुनडाँगी
- दिनको ३:०० बजे बाहुनडाँगी -बुधबारे-विर्तामोड
- दिनको ४:०० बजे भद्रपुर
- बेलुका ७:०० बजे डिनर भद्रपुर

**पाँचौ दिन**

बिहान फर्स्ट फ्लाइटमा काठमाडौ ।

# अनुसूचि २

## स्थलगत अनुगमन भ्रमण र अन्तर्क्रिया कार्यक्रमका केहि तस्बिरहरु



हरिहरपुर गाउँपालिकामा भएको अन्तरक्रिया




सिन्धुलीबजारमा भएको अन्तर्क्रिया कार्यक्रम




सिन्धुलीको दुधौलीमा भएको अन्तरक्रिया कार्यक्रम




उदयपुरको गाइघाटमा भएको अन्तरक्रिया कार्यक्रम




सिन्धुली जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधि तथा स्थानीय नागरिकहरु सँग ।



निर्माणाधीन पुलको प्रत्यक्ष अवलोकन गर्दै झापा



हरिहरपुर र मरिन गाउँपालिका बीचको खण्डमा रहेको पहिरो



निर्माणाधीन पुलको प्रत्यक्ष अवलोकन गर्दै फुर्केचौर मकवानपुर